# नेपाल रेडक्रस सोसाइटीको विधान, २०२०

## (अठारौं संशोधन, २०७७ सहित)

DRAFT

नेपाल रेडक्रस सोसाइटी
केन्द्रीय कार्यालय, काठमाडौं

# नेपाल रेडक्रस सोसाइटीको विधान, २०२०
# (अठारौं संशोधन, २०७७ सहित)

## प्रकाशकीय

वि.सं. २०२० सालमा निर्माण गरिएको नेपाल रेडक्रस सोसाइटीको पहिलो विधानमा २०२५ सालमा वीरगञ्जमा भएको प्रथम महाधिवेशनबाट केही मूलभूत कुराहरूमा परिवर्तन गरिएको थियो । त्यसपछि विराटनगरमा भएको केन्द्रीय सभाको द्वितीय महाधिवेशनले २०२६ सालमा पनि विधानका केही दफाहरूमा संशोधन गरेको थियो । यस विधानलाई नेपाल रेडक्रस सोसाइटीको विधान, २०२६ भनिएको थियो । २०२८ साल वैशाखमा काठमाडौंमा भएको तृतीय महाधिवेशनले त्यसमा प्रथम संशोधन गरेको थियो । २०२८ साल चैतमा पोखरामा भएको चौथो महाधिवेशनले यसमा दोस्रो संशोधन गरेको थियो र २०२९ सालमा चितवनमा भएको पाँचौं महाधिवेशनमा तेस्रो संशोधन भएको थियो । यस विधानमा २०३१ सालमा काठमाडौंमा भएको छैठौं महाधिवेशनले गरेको चौथो संशोधन र २०३२ सालमा हेटौंडामा भएको सातौं महाधिवेशनले गरेको पाँचौं संशोधन तथा २०३४ सालमा बाग्लुङमा भएको नवौं महाधिवेशनले छैटौं संशोधन गरेको थियो । २०३५ सालमा झापामा भएको दशौं महाधिवेशनले त्यसै विधानको आधारमा नेपाल रेडक्रस सोसाइटीको विधान, २०३५ को रूपमा नयाँ विधान निर्धारण गरेको र २०३९ सालमा बुटवलमा भएको १२ औं महाधिवेशनले त्यस विधानमा पहिलो संशोधन गरेको थियो । यसपछि २०४१ सालमा हेटौंडामा सम्पन्न १४औं महाधिवेशनले दोस्रो संशोधन गऱ्यो । सो विधानलाई २०४५ सालमा काठमाडौंमा सम्पन्न १८औं महाधिवेशनले पुनः संशोधन गऱ्यो । वर्तमान विधान २०४८ सालमा वीरगञ्जमा सम्पन्न २१औं महाधिवेशनमा विधिवत् प्रस्तुत तथा छलफल भई आवश्यक हेरफेर गरी पुनः नेपाल रेडक्रस सोसाइटीको विधान, २०२० को नामबाट पारित भएको थियो । २०५३ सालमा दाङमा सम्पन्न २६औं महाधिवेशनद्वारा १४औं पटक संशोधन गरी एकीकृत रूपमा नेपाल रेडक्रस सोसाइटीको विधान, २०२० (२०५३ सालसम्म भएका सबै संशोधनहरूसहित) को नामबाट पारित गरियो । २०५९ साल वैशाखमा रौतहटमा सम्पन्न केन्द्रीय सभाको ३१औं महाधिवेशनद्वारा पन्ध्रौं पटक विधान संशोधन भयो । २०७१ साल वैशाखमा  सिरहामा सम्पन्न केन्द्रीय सभाको ४३औं महाधिवेशनद्वारा सोह्रौं संशोधन गरियो । २०७४ साल चैत्र २८ र २९ गते विराटनगरमा भएको केन्द्रीय सभाको ४७ औं महाधिवेशनबाट सत्रौं संशोधन भएको हो । तत्पश्चात् प्रस्तुत नेपाल रेडक्रस सोसाइटीको २०७७ ....महिना .....गते ......... सम्पन्न ४८औं महाधिवेशनबाट अठारौं संशोधन गरी जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट प्रमाणीकरण भएपछि विधान २०२० को अठारौ संशोधन २०७७ लाई प्रकाशित गरिएको छ ।

समय समयमा विधानका सम्बन्धमा थप प्रष्टताका लागि उठेका केही विषयहरूका बारेमा केन्द्रीय कार्यसमितिले गरेको व्याख्या अनुसूचीहरूमा पछिको पृष्ठमा राखिएको छ ।

प्रकाशन मिति : २०७७ साल

नेपाल रेडक्रस सोसाइटी

संशोधित **प्रथम** संस्करण : २००० प्रति

केन्द्रीय कार्यालय, काठमाडौं

DRAFT

**नेपाल रेडक्रस सोसाइटीको**
**विधान, २०२०**
**(अठारौं संशोधन, २०७७ सहित)**
**(विधानको अठारौं संशोधन स्थानीय अधिकारीबाट प्रमाणीकरण भएबमोजिम)**

**प्रस्तावना**

नेपाल पक्ष राष्ट्र रहेको सन् १९४९ अगस्त १२ का जेनेभा अभिसन्धिहरू र अन्तर्राष्ट्रिय रेडक्रस तथा रेडक्रिसेन्ट अभियानको विधान १९८६, अनुरूप नेपालमा पनि विपद् तथा सङ्कट व्यवस्थापन र मानवीय सेवा कार्यहरूका लागि वि.सं. २०२० साल भाद्र १९ गते तदनुसार ४ सेप्टेम्बर १९६३ का दिन "नेपाल रेडक्रस सोसाइटी" नामक विशुद्ध मानवीय संस्थाको स्थापना भएको हो । तत्पश्चात ३१ जुलाई १९६४ (२०२१ साल साउन १६ गते) मा नेपाल सरकार (तत्कालीन श्री ५ को सरकार) बाट जेनेभा अभिसन्धि अनुरूप मानवीय सेवाको क्षेत्रमा सरकारको सहयोगी (Auxiliary to the public authorities in the humanitarian field) निकायको रूपमा अन्तर्राष्ट्रिय रेडक्रस अभियानका आधारभूत सिद्धान्तअनुरूप कार्य गर्ने स्वायत्त, स्वयंसेवी सहायता संस्थाको हैसियतमा नेपाल रेडक्रस सोसाइटीलाई मान्यता प्राप्त भएबमोजिमका कार्य गर्नका लागि संस्थाको महाधिवेशनद्वारा समय-समयमा सुधार र संशोधन गरी एकीकृतरूपमा नेपालको प्रचलित कानुनअनुसार प्रस्तुत यो **"नेपाल रेडक्रस सोसाइटीको विधान, २०२०" अठारौ संशोधन २०७७ सहित** जारी गरिएको छ ।

**मार्गदर्शन** :

अन्तर्राष्ट्रिय मानवीय कानुनका सिद्धान्तहरूमा आस्था राख्दै अन्तर्राष्ट्रिय रेडक्रस अभियानका देहायबमोजिम सात आधारभूत सिद्धान्तहरू संस्थाको मार्गदर्शनको रूपमा रहनेछन् :

(१) **मानवता (Humanity) :** रणक्षेत्रमा घाइते भएका व्यक्तिहरूलाई भेदभावविना सहयोग पुऱ्याउने उद्देश्य लिएर स्थापना गरिएको अन्तर्राष्ट्रिय रेडक्रस तथा रेडक्रिसेन्ट अभियान अन्तर्राष्ट्रिय र राष्ट्रिय दुबै हैसियतमा जहाँसुकै मानवीय विपत्तिलाई हटाउन वा कम गर्न प्रयत्नशील रहन्छ । यसको उद्देश्य जीवन तथा स्वास्थ्यको सुरक्षा तथा मानवको सम्मानलाई सुनिश्चित गर्नु हो । यसले सम्पूर्ण मानवबीचमा पारस्परिक समझदारी, मित्रता, सहयोग र चिरस्थायी शान्तिको अभिवृद्धि गर्दछ ।

(२) **निष्पक्षता (Impartiality) :** रेडक्रसले राष्ट्रियता, जाति, धार्मिक विश्वास, वर्ग र राजनीतिक विचारधाराको आधारमा कुनै भेदभाव गर्दैन । यसले विपत्तिको अवस्थामा मानवलाई सहयोग पुऱ्याउँदा उनीहरूको आवश्यकतालाई मात्र ध्यानमा राख्दछ र सबभन्दा बढी विपत्तिमा परेकालाई प्राथमिकता दिन्छ ।

DRAFT

(३) **तटस्थता (Neutrality) :** सबैको विश्वास प्राप्त गरिरहनका निम्ति शत्रुतापूर्ण व्यवहारमा र कुनै पनि क्षण राजनीतिक, जातीय, धार्मिक अथवा वैचारिक स्वभावका विवादहरूमा रेडक्रस अभियानले कसैको पक्ष लिंदैन ।

(४) **स्वाधीनता (Independence) :** रेडक्रस अभियान स्वाधीन छ । राष्ट्रिय सोसाइटीहरूले सम्बन्धित देशको सरकारको मानवीय सेवा कार्यमा सहयोग र सम्बन्धित राष्ट्रको ऐन-कानून पालन गर्दा आफ्नो स्वायत्तता सदा कायम गर्नै पर्छ, जसबाट रेडक्रस अभियानका आधारभूत सिद्धान्तअनुरूप काम गर्न ती निकायहरू सदैव सक्षम हुन सकुन् ।

(५) **स्वयंसेवा (Voluntary Service):** रेडक्रस स्वेच्छाले अरूको भलाइ गर्ने अभियान भएकोले कुनै पनि किसिमको लाभको इच्छाबाट प्रेरित हुँदैन ।

(६) **एकता (Unity)** : एउटा मुलुकमा एउटै मात्र रेडक्रस अथवा रेडक्रिसेन्ट सोसाइटी हुन सक्छ । यो सबैका लागि खुला हुनै पर्छ । यसले आफ्ना मानवीय कार्यहरू देशभरि सञ्चालन गर्नै पर्छ ।

(७) **विश्वव्यापकता (Universality)** : अन्तर्राष्ट्रिय रेडक्रस तथा रेडक्रिसेन्ट अभियान विश्वव्यापी छ जसमा सबै सोसाइटीहरूको समान सम्मान हुन्छ र सबैले एक-आपसमा सहयोग गर्ने समान दायित्व र कर्तव्य पालना गर्दछन् ।

## परिच्छेद - १
## सामान्य व्यवस्था

### १. स्थापना :

अन्तर्राष्ट्रिय रेडक्रस तथा रेडक्रिसेन्ट अभियानको अङ्गको रूपमा नेपाल राष्ट्रभरि मानवीय सेवा कार्य गर्न गैरनाफामूलक एक मात्र नेपाल रेडक्रस सोसाइटीको स्थापना गरिएको छ ।

### २. संक्षिप्त नाम र प्रारम्भ :

(क) यस विधानको नाम **"नेपाल रेडक्रस सोसाइटीको विधान २०२०,** (अठारौं संशोधन २०७७ सहित) रहेको छ ।
(ख) यो विधान तुरून्त लागू हुनेछ ।

### ३. परिभाषा :

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा :-
(क) **"आयोग"** भन्नाले राष्ट्रिय स्तरमा गठित निर्वाचन आयोग, रेडक्रस सेवा आयोग र अनुपालन तथा मध्यस्थता आयोगलाई सम्झनु पर्दछ ।
(ख) **"जिल्ला समिति"** भन्नाले जिल्लास्तरमा गठन हुने मूल समितिलाई बुझाउँछ ।
(ग) **"तोकिएबमोजिम"** भन्नाले समितिहरूबाट तोकिएबमोजिम भन्ने बुझाउँछ ।

(घ) **"पदाधिकारी"** भन्नाले कुनै पनि तहका मूल समितिका अध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव, उपमहासचिव, उपसचिव, कोषाध्यक्ष, उपकोषाध्यक्ष पदको जिम्मेवारीमा रहेका व्यक्तिहरूलाई बुझाउँछ ।

(ङ) **"पालिका शाखा"** भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकामा गठन हुने रेडक्रसको निकायलाई बुझाउँछ ।

(च) **"वडा समिति"** भन्नाले सोसाइटीको वडास्तरमा गठित नेपाल रेडक्रसको समितिलाई बुझाउँछ र यसले एक भन्दा बढी वडाहरू मिलाई गठन भएको संयुक्त वडा समितिलाई पनि बुझाउँछ ।

(छ) **"विधान"** भन्नाले नेपाल रेडक्रस सोसाइटीको विधान, २०२० (अठारौं संशोधन २०७७ समेत) लाई सम्झनुपर्छ ।

(ज) **"समिति/सञ्चालन समिति"** भन्नाले संस्थाको राष्ट्रिय, प्रदेश र पालिका तह सञ्चालन गर्न गठित तदर्थ वा निर्वाचित मूल समितिलाई बुझाउँछ ।

(झ) **"सदस्य"** भन्नाले रेडक्रसका आधारभूत सिद्धान्तहरूप्रति आस्था राखी तोकिएको प्रकृया पूरा गरी सदस्यता लिएका व्यक्तिलाई सम्झनुपर्छ ।

(ञ) **"समितिका सदस्य"** भन्नाले कुनै पनि तहका मूल समितिका सदस्यहरूलाई बुझाउँछ ।

(ट) **"सम्बन्धित समिति"** भन्नाले राष्ट्रिय समिति, प्रदेश समिति, जिल्ला समिति र पालिका समितिलाई बुझाउँछ ।

(ठ) **"सभा"** भन्नाले सबै तहका महाधिवेशन/अधिवेशन र वार्षिक साधारण सभासमेतलाई बुझाउँछ ।

(ड) **"सभासद्"** भन्नाले सबै तहका सभाका सदस्यहरूलाई सम्झनुपर्दछ ।

(ढ) **"सोसाइटी"** भन्नाले नेपाल रेडक्रस सोसाइटीलाई सम्झनुपर्दछ ।

(ढ) **"संस्था"** भन्नाले नेपाल रेडक्रस सोसाइटी र यसका निकायहरूलाई सम्झनुपर्दछ ।

(ण) **"स्थानीय तह"** भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकालाई सम्झनु पर्दछ ।

(त) **"स्वयंसेवक"** भन्नाले मानवीय हितका लागि रेडक्रसका आधारभूत सिद्धान्तअनुरूप संस्थाको कुनै पनि निकायसँग आबद्ध भई नियमित वा आवश्यक परेको बेलामा तोकिएको जिम्मेवारी स्वैच्छिकरूपमा वहन गर्ने व्यक्तिलाई जनाउँदछ ।

**४. सोसाइटी संगठित संस्था हुने :**

(१) सोसाइटी एक अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुने छ ।

(२) संस्थाको सबै काम कारबाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुने छ ।

(३) यस संस्थाले आफ्नो नामबाट व्यक्तिसरह सम्पत्ति आर्जन तथा भोगचलन, बेचविखन गर्न, नालिश, उजूर गर्न सक्नेछ र यसउपर पनि सोही नामबाट नालिश, उजूर लाग्न सक्ने छ ।

(४) संस्थाले कुनै पनि अरू सङ्घ-संस्थाहरू, सार्वजनिक निकायहरूसँग गरिएका सम्झौताहरूमा जेसुकै लेखिएको भएता पनि प्रचलित नेपाल कानुन र रेडक्रस अभियानका आधारभूत सिद्धान्तहरू विरूद्ध काम गर्न, गराउन पाइने छैन ।

**५. सोसाइटीको कार्यालय :**

(१) सोसाइटीको राष्ट्रिय कार्यालय काठमाडौंमा रहने छ ।

(२) प्रदेश कार्यालय सम्बन्धित प्रदेशको राजधानीमा रहने छ ।

(३) जिल्ला र पालिका तहका कार्यालयहरू सम्बन्धित सदरमुकाम/केन्द्रमा वा सम्बन्धित समितिले तोकेको स्थानमा रहने छन् ।

(४) यस अतिरिक्त देशभित्र आवश्यकतानुसारका कार्यालयहरू खोल्न सकिने छ ।

## ६. चिह्न, झण्डा र छाप :

(१) सेतो पृष्ठभूमिमा समभुजाकार पाँचवटा चतुर्भुजबाट बनेको रातो क्रस संस्थाको साङ्केतिक चिह्न हुनेछ । यसै चिह्नलाई संस्थाको झण्डा र छापको रूपमा प्रयोग गरिनेछ । यसको नमुना अनुसूची- १ मा दिइएको छ ।

(२) उपदफा (१) मा उल्लेख गरिएको चिह्नको प्रयोग राष्ट्रिय कानुन र जेनेभा अभिसन्धिहरू र रेडक्रस तथा रेडक्रिसेण्ट अभियानद्वारा प्रतिपादित चिह्नसम्बन्धी नियमावली सन् १९९१ द्वारा निर्देशित हुनेछ ।

## ७. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मान्यता

### (१) राष्ट्रिय मान्यता :

वि.सं २०२० भाद्र १९ गते स्थापना भई २०२१ साउन २५ गते आइतबार तत्कालीन श्री मजिस्ट्रेड अफिस काठमाडौंमा दर्ता भएको र ३१ जुलाई १९६४ (२०२१ साल साउन १६ गते) मा नेपाल सरकार (तत्कालीन श्री ५को सरकार) बाट जेनेभा अभिसन्धि अनुरूप मानवीय सेवाको क्षेत्रमा सरकारको सहयोगी (Auxiliary to the public authorities in the humanitarian field) निकायको रूपमा अन्तर्राष्ट्रिय रेडक्रस अभियानका आधारभूत सिद्धान्तअनुरूप कार्य गर्ने स्वायत्त, स्वयंसेवी सहायता संस्थाको हैसियतमा नेपाल रेडक्रस सोसाइटीलाई मान्यता प्राप्त भएको छ ।

### (२) अन्तर्राष्ट्रिय मान्यता :

वि.सं.२०२० साल माघ २४ गते (७ फेब्रुअरी १९६४) नेपाल सरकार जेनेभा अभिसन्धिहरूको पक्ष राष्ट्र भएको र २०२१ साल असोज १६ गते (१ अक्टोबर, १९६४) रेडक्रसको अन्तर्राष्ट्रिय समितिबाट मान्यता प्राप्त तथा २०२१ साल असोज १७ गते (२ अक्टोबर, १९६४) तत्कालीन लीग अफ रेडक्रस र रेडक्रिसेण्ट सोसाइटीज (हालको इन्टरनेशनल फेडेरेशन अफ रेडक्रस एण्ड रेडक्रिसेण्ट सोसाइटीज) को सदस्यता प्राप्त संस्था हो ।

DRAFT

# परिच्छेद - २
# दूरदृष्टि, दूरगामी लक्ष्य, उद्देश्य तथा कार्यहरू

**८. नेपाल रेडक्रस सोसाइटीका दूरदृष्टि, दूरगामी लक्ष्य, उद्देश्य तथा कार्यहरू देहायबमोजिम हुनेछन् :**

**(१) दूरदृष्टि (Vision) :**

रेडक्रसका आधारभूत सिद्धान्तअनुरूप समुदाय, सरकारी एवं गैरसरकारी सङ्गठनहरूसँग सहकार्य गर्दै राष्ट्रव्यापी सञ्जालमार्फत् मानवीय पीडामा तत्काल राहत प्रदान गर्न र सङ्कटासन्नता कम गर्न प्रतिबद्ध रहने मानवीय सङ्गठन हुनु नेपाल रेडक्रस सोसाइटीको दूरदृष्टि हुनेछ ।

**(२) दूरगामी लक्ष्य (Mission) :**

राष्ट्रको सङ्घीय संरचनासँग अनुकूल हुने गरी संस्थाको सङ्गठनात्मक ढाँचाको सुदृढीकरण तथा विस्तारद्वारा सरकारी एवं गैरसरकारी सङ्गठनहरूसँग साझेदारीका साथै सामुदायिक सहभागिता, स्वयंसेवकहरूको अधिकतम परिचालन गरी मानवीय पीडामा राहत प्रदान गर्न, सङ्कटासन्न मानिसहरूको जीवनमा सुधार, उत्थानशील समुदाय निर्माण गर्न पारदर्शी, कुशल, समावेशी, आत्मनिर्भर र स्वाधीन संस्था हुनु नेपाल रेडक्रस सोसाइटीको दूरगामी लक्ष्य हुनेछ ।

**(३) उद्देश्य :**

धर्म, वर्ण, लिङ्ग, वर्ग, जात, जाति, भाषा, भूगोल, राष्ट्रियता वा राजनीतिक आस्थाको आधारमा भेदभाव नगरी मानवीय विपत्ति र पीडालाई रोकथाम, न्यूनीकरण, निवारण गर्ने एवं मानव जीवन र मर्यादाको संरक्षण गर्ने ।

**(४) कार्यहरू :**

(क) सशस्त्र युद्धको समयमा युद्धप्रभावित जनसाधारण तथा सैनिक-दुवैको सेवा र शान्तिकालमा जेनेभा अभिसन्धिले निर्दिष्ट गरेको खोज-खबर (Tracing) लगायत सबै क्षेत्रमा काम गर्ने,

(ख) स्वास्थ्य प्रवर्द्धन एवं सुधार, रोगको रोकथाम तथा पीडा न्यूनीकरण जस्तैः व्यक्तिगत स्वास्थ्यको हेरचाह, घरायसी एवं वातावरणीय सरसफाइ, खानेपानी तथा सरसफाइ, पोषण, रक्तसञ्चार, प्राथमिक उपचार, एम्बुलेन्स, मातृ तथा बाल स्वास्थ्य, आँखा उपचार सेवा, प्रजनन् स्वास्थ्य, सर्ने तथा नसर्ने रोगहरू, महामारी, सर्पदंश उपचार सेवालगायत, आकस्मिक स्वास्थ्य आदिका लागि योगदान गर्ने,

(ग) विपद् पीडितहरूका लागि आपत्कालीन राहत सेवाको व्यवस्था गर्ने,

(घ) विपद् न्यूनीकरण, पुनर्लाभ र पूर्वतयारी सम्बन्धमा भूमिका निर्वाह गर्नुका साथै जनचेतना अभिवृद्धि गर्ने,

(ङ) नेपाल रेडक्रस सोसाइटीको अभिन्न अङ्गको रूपमा जुनियर र युवा रेडक्रसको संगठन र सहभागिता प्रवर्द्धन गर्दै गतिविधिहरू सञ्चालन गर्ने,

(च) मानवीय आदर्शहरूको विकास गर्ने उद्देश्यले रेडक्रस अभियानका आधारभूत सिद्धान्तहरू र अन्तर्राष्ट्रिय मानवीय कानूनको प्रवर्द्धन, संरक्षण तथा लैङ्गिक र समावेशीकरणका कार्यहरू गर्ने,

DRAFT

(छ) अन्तर्राष्ट्रिय मानवीय कानूनको आदर र रेडक्रस चिह्नको संरक्षण सुनिश्चित गर्ने र

(ज) सामुदायिक विकास तथा जनकल्याणसम्बन्धी अन्य काम गर्ने ।

## परिच्छेद - ३
## संरक्षक र कानुनको पालना

९. **(क) संरक्षक :**

(१) कुनै विशिष्ट व्यक्तिलाई नेपाल रेडक्रस सोसाइटीले संरक्षक बनाउन सक्ने छ ।

(२) राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिको सिफारिसमा संरक्षकत्व प्रदान गर्ने अधिकार सङ्घीय सभाको महाधिवेशनमा निहित रहने छ ।

(३) संरक्षकबाट राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिको अनुरोधमा वार्षिक सभा र महाधिवेशनलाई सम्बोधन गर्न वा सन्देश पठाउन सक्ने छ ।

(४) संरक्षक समक्ष संस्थाको वार्षिक प्रतिवदेन राष्ट्रिय अध्यक्षबाट पेश हुनेछ ।

**(ख) कानुनको पालना :** नेपालको प्रचलित कानुनहरूको पालना नेपाल रेडक्रसका सबै निकायहरूले गर्नुपर्ने छ ।

## परिच्छेद - ४
## सदस्यता तथा स्वयंसेवकसम्बन्धी व्यवस्था

१०. **सदस्यता :**

**(१) सदस्यता प्रदान गर्ने विधि देहायबमोजिम हुनेछ :**

कुनै पनि व्यक्तिको जात, जाति, लिङ्ग वर्ण, धार्मिक आस्था, भाषा, राजनीतिक विचार वा आस्थाको आधारमा भेदभाव नगरी सोसाइटीको सदस्य बन्ने अवसर सबैका लागि खुला रहने छ । अठार वर्ष उमेर पुगेको व्यक्तिले अनुसूची- ३ मा तोकिएबमोजिमको ढाँचामा निवेदन-पत्र र तोकिएका प्रक्रियाहरू पूरा गरेपछि सामन्यतया सोसाइटीको पालिका तहको समितिको अनुमोदनबाट सदस्यता प्रदान गर्नुपर्नेछ ।

पालिका तहबाट सदस्यता प्राप्त हुन नसकेको अवस्थामा सोभन्दा माथिल्लो निकायमा निवेदन दिई तोकिएका प्रकृया पूरा गरेमा सदस्यता प्रदान गर्न सकिने छ । यसरी प्रदान गरेको सदस्यता, सदस्यले इच्छाएको पालिका शाखामा पञ्जीकरण गरिने छ ।

तर, विशिष्ट र यशस्कर सदस्यता पालिका शाखा र जिल्ला शाखाको सिफारिसमा प्रदेश समितिबाट तथा मानार्थ सदस्यता राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिबाट मात्र प्रदान गर्न सकिनेछ ।

सदस्यताको प्रकार, प्रदानसम्बन्धी व्यवस्था, नवीकरण, **प्रमाणीकरण** तथा सदस्यता शुल्कसम्बन्धी व्यवस्था देहायबमोजिम हुनेछ :

(क) साधारण सदस्य,

(ख) आजीवन सदस्य,

(ग) विशिष्ट सदस्य,

(घ) यशस्कर सदस्य,

(ङ) संस्थागत सदस्य र

(च) मानार्थ सदस्य ।

**(क) साधारण सदस्य :** तोकिएबमोजिमको योग्यता पुगेका व्यक्तिले तोकिएको आवेदन र शुल्क बुझाएमा एक पटकमा ५ (पाँच) वर्षको साधारण सदस्यता प्रदान गर्न सकिने छ ।

**(ख) आजीवन सदस्य** : तोकिएबमोजिमको योग्यता पुगेका व्यक्तिले तोकिएको आवेदन र शुल्क बुझाएमा आजीवन सदस्यता प्रदान गर्न सकिने छ ।

**(ग) विशिष्ट सदस्य** : तोकिएबमोजिम योग्यता पुगेका व्यक्तिले तोकिएको ढाँचामा आवेदन, शुल्क वा दानस्वरूप सो मूल्य बराबरको जिन्सी वा अचल सम्पत्ति प्रदान गर्ने व्यक्तिलाई प्रदेश समिति/प्रदेश सञ्चालन समितिले विशिष्ट सदस्यता प्रदान गर्ने छ ।

**(घ) यशस्कर सदस्य** : तोकिएबमोजिम योग्यता पुगेका व्यक्तिले तोकिएको आवेदन, शुल्क वा संस्थालाई तोकिएबमोजिम उल्लेखनीय रूपमा दानस्वरूप एकमुष्ट नगद वा सो मूल्यबराबरको जिन्सी वा अचल सम्पत्ति प्रदान गर्ने व्यक्तिलाई प्रदेश समिति/प्रदेश सञ्चालन समितिले संस्थाको यशस्कर सदस्यता प्रदान गर्ने छ ।

**(ङ) संस्थागत सदस्य** : संस्थालाई घटीमा वार्षिक तोकिएबमोजिमको एकमुष्ट रकम प्रदान गर्ने संगठित निकायलाई संस्थागत सदस्यता प्रदान गर्न सकिनेछ । त्यस्तो निकायले सम्बन्धित सभामा आफ्नो प्रतिनिधिद्वारा पर्यवेक्षकका रूपमा भाग लिन सक्नेछ ।

**(च) मानार्थ सदस्य** : रेडक्रसका आधारभूत सिद्धान्त र नेपाल रेडक्रस सोसाइटीको उद्देश्यअनुरूप तन, मन र बुद्धिले निरन्तर यस संस्थामा विशिष्ट सेवा वा योगदान गर्ने सदस्य वा व्यक्तिलाई निजको विशेष योगदानको कदरस्वरूप राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समतिले संस्थाको मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ ।

(२) सदस्यता शुल्क राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिले तोकेबमोजिम हुनेछ। राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिले सदस्यता शुल्कमा समयसापेक्ष परिवर्तन गर्न सक्नेछ।

## ११. सदस्यतासम्बन्धी अन्य व्यवस्था :

सदस्यतासम्बन्धी अन्य व्यवस्था देहायबमोजिम हुनेछ :

(क) साधारण, आजीवन, विशिष्ट र यशस्कर सदस्यहरूले मात्र निर्वाचनमा मतदान गर्न र उम्मेदवार हुन सक्नेछन्। आजीवन, विशिष्ट र यशस्कर सदस्यहरूको अधिकार साधारण सदस्यसरह रहनेछ।

(ख) कुनै पनि आजीवन, विशिष्ट र यशस्कर सदस्यले आफ्नो सदस्यता स्थानान्तरण गर्न चाहेमा आफू पहिले सदस्य रहेको निकायले प्रदान गरेको प्रमाणसहित सम्बन्धित निकायलाई सूचना दिनुपर्नेछ। तर, सदस्य बनेको वा स्थानान्तरण भएको एक वर्ष नभएसम्म अर्को स्थानान्तरण गर्न पाइने छैन। यस्तो स्थानान्तरण हुँदा सदस्यको विवरण मात्र स्थानान्तरण हुनेछ।

(ग) जुनसुकै स्तरको समितिबाट प्रदान गरिने सदस्यता पालिका शाखाहरू गठन भएपछि सम्बन्धित सदस्यले इच्छाएको पालिका शाखामा पञ्जीकृत गराउनुपर्नेछ।

(घ) जुनसुकै महिना वा दिनमा साधारण वा संस्थागत सदस्य बनेमा वा सदस्यता नवीकरण गरे पनि साधारण सदस्यको हकमा पाचौं वर्षको चैत्र मसान्तसम्मका लागि मात्र सदस्यता कायम रहनेछ र सोही चैत्र मसान्तभित्रै नवीकरण गरी सक्नुपर्नेछ। तर आजीवन, विशिष्ट र यशस्कर सदस्यता नवीकरण गर्नुपर्ने छैन। सदस्यता नवीकरण गर्न आफैं उपस्थित हुनु आवश्यक हुनेछैन।

(ङ) सदस्यता र सोको नवीकरण शुल्क बापत प्राप्त भएको रकम ३० दिनभित्र बैङ्कमा रहेको संस्थाको खातामा जम्मा गरिसक्नुपर्ने छ।

(च) पालिका शाखाद्वारा उठाइएको साधारण तथा आजीवन सदस्यता एवं नवीकरण शुल्कको पूरै वा ८०% रकम जम्मा भएको प्रमाणसहित २०% रकम जिल्ला समितिमा जम्मा गर्नुपर्नेछ। साथै, माथिल्लो निकायले प्रदान गरेको साधारण तथा आजीवन सदस्यता एवं नवीकरण शुल्कको ८०% रकमसहित सदस्यताको विवरण ३० दिनभित्र पञ्जीकरण हुने निकायमा पठाउनु पर्ने छ।

## १२. साधारण, आजीवन, विशिष्ट र यशस्कर सदस्यहरूको अधिकार, कर्तव्य, अयोग्यता र हट्ने व्यवस्थाः

### (१) अधिकार :

सदस्यहरूको अधिकार यस प्रकार हुनेछ :

(क) आफू सदस्य रहेको निकायको क्रियाकलापमा सहभागी हुने र उपल्लो निकायमा चुनिएमा सो तहमा पनि सोही अनुरूप सहभागी हुने,

(ख) नेपाल रेडक्रसका क्रियाकलापबारे सम्बन्धित अधिकारीबाट जानकारी लिने तथा सुझाव दिने,

(ग) पालिका शाखाको सभामा र निर्वाचनमा सहभागी हुने,

(घ) सान्दर्भिक बैठक तथा सभाको सूचना पाउने, र

(ङ) सान्दर्भिक निकाय तथा बैठकमा आफ्नो विचार तथा प्रस्ताव राख्न पाउने।

**(२) कर्तव्य :**

सदस्यहरूको कर्तव्य यस प्रकार हुनेछ :

(क) रेडक्रसका आधारभूत सिद्धान्त, रेडक्रस चिह्नको प्रयोगसम्बन्धी नियमलगायत सान्दर्भिक नीति, नियम, कार्यविधि र निर्देशिका पालना गर्ने एवं मानवीय मूल्य र अन्तर्राष्ट्रिय मानवीय कानुनको प्रचार-प्रसार गर्न सहयोग पुऱ्याउने,

(ख) नेपाल रेडक्रसका काममा सक्रियतापूर्वक सहभागी भई गतिविधिहरूलाई प्रवर्द्धन गर्न सहयोग पुऱ्याउने,

(ग) नेपाल रेडक्रसको विधानको मान्यता र आदर गर्ने,

(घ) तोकिएबमोजिम सदस्यता नवीकरण गर्ने,

(ङ) विपत्तिको सूचना सम्बन्धित निकायमा तुरून्त सम्प्रेषण गर्ने, उद्धारमा आफू संलग्न हुने र अरूलाई पनि प्रेरित गर्ने,

(च) नेपाल रेडक्रसले विशेष अवस्थामा सहयोग आह्वान गरेको खण्डमा सक्दो योगदान गर्ने, र

(छ) आचार-संहितामा लिखित सहमति जनाई सोको पालना गर्ने ।

(ज) पञ्जीकरण भएको पालिका शाखामा प्रत्येक वर्षको साउनदेखि असोज महिनाभित्र सदस्यताको क्रियाशीलताको प्रमाणीकरण गर्ने । सोही वर्ष सदस्यता लिएका वा नवीकरण गर्ने सदस्यका हकमा प्रमाणीकरण गर्नुपर्ने छैन । प्रमाणीकरण नभएका कारण सदस्यताबाट हट्ने छैन । तर, सो वर्षको पालिका सभामा गणपूरक संख्याको प्रयोजनका लागि सदस्यको रुपमा गणना गरिने छैन ।

**१३. स्वयंसेवकसम्बन्धी व्यवस्था**

सोसाइटीले प्रदान गर्ने सेवाको लागि आवश्यकताअनुसार स्वयंसेवकहरू चयन र परिचालन गर्न सक्नेछ । संस्थाको कुनै पनि निकायसँग आबद्ध भई रेडक्रसका आधारभूत सिद्धान्तअनुरूप मानवीय हितका लागि नियमित वा आवश्यक परेको बेलामा तोकिएको जिम्मेवारी वहन गर्न इच्छुक व्यक्तिलाई स्वयंसेवकको रूपमा संलग्न गराइने छ । स्वयंसेवक बन्ने अवसर सबैका लागि खुला रहनेछ र स्वयंसेवक छनौट गर्दा जात, जाति, लिङ्ग वर्ण, धार्मिक आस्था, भाषा, राजनीतिक विचार वा आस्थाका आधारमा कुनै विभेद गरिने छैन । स्वयंसेवक छनौटका विधि, प्रकृया, गुनासो सुनुवाइ र विवाद समाधानको व्यवस्था तोकिएबमोजिम हुनेछ ।

**१४. स्वयंसेवकहरूको अधिकार र कर्तव्य :**

**(१) स्वयंसेवकको अधिकार देहायबमोजिम हुनेछ :**

(क) स्वयंसेवासम्बन्धी तोकिएको कार्य गर्न रेडक्रस परिचय, आधारभूत सिद्धान्त र विषयसँग सम्बन्धित तालिम प्राप्त गर्नु,

(ख) स्वयंसेवामा संलग्न हुँदा संरक्षण, सुरक्षित वातावरण, कदर प्राप्त गर्नु,

(ग) स्वयंसेवा गर्दा लागेको वास्तविक खर्चको शोधभर्ना प्राप्त गर्नु, र

(घ) स्वयंसेवा कार्यमा आवश्यक सहयोग, प्रोत्साहन र मार्गदर्शन प्राप्त गर्नु ।

**(२) स्वयंसेवकका कर्तव्य देहायबमोजिम हुने छ :**

(क) नेपाल रेडक्रसले दिएको कार्य/जिम्मेवारीप्रति प्रतिबद्ध रहनु,

(ख) आधारभूत सिद्धान्त, रेडक्रस चिह्न सम्बन्धी नियम र सोसाइटीको नियम तथा आचार-संहिता

DRAFT

पालना गर्ने,

(ग) सेवाको अभिलेख राख्ने र संस्थालाई समयमा उपलब्ध गराउने, र

(घ) स्थानीय संस्कृतिको सम्मान, सेवाग्राहीको विश्वास, विचार तथा अधिकारको सम्मान गर्ने ।

## परिच्छेद - ५
## सोसाइटीको सङ्गठन, सञ्चालन र व्यवस्थापन

**१५. सोसाइटीको सङ्गठन, सञ्चालन र व्यवस्थापनसम्बन्धी व्यवस्था देहायबमोजिम हुनेछ :**

**(१) सोसाइटीको सङ्गठन:**

सोसाइटीको संगठन राष्ट्रको सङ्घीय संरचनासँग अनुकूल हुने गरी राष्ट्रिय, प्रदेश र पालिका तहमा रहनेछ । सबै तहमा सभा र समिति रहने छन् । जिल्ला तहमा समन्वय गर्न जिल्ला समिति रहनेछ । पालिका शाखाले आवश्यकताअनुसार वडास्तरमा सेवा प्रवाहको लागि वडा समिति गठन गर्नसक्ने छ ।

**(२) सञ्चालन र व्यवस्थापनसम्बन्धी व्यवस्था:**

सोसाइटीको सञ्चालन र व्यवस्थापन प्रष्ट रूपमा छुट्याइने छ । नीतिगत निर्णय र मार्गदर्शन सम्बन्धित तहको समितिले गर्नेछ भने व्यवस्थापनको जिम्मेवारी कार्यकारी प्रमुखको रूपमा राष्ट्रियस्तरमा महानिर्देशकले र प्रदेशमा निर्देशकले तथा जिल्ला र पालिकास्तरमा प्रमुख अधिकृतले गर्नेछन् । सञ्चालन र व्यवस्थापन राष्ट्रिय तथा प्रदेश तहमा तत्काल र जिल्ला तथा पालिका तहमा क्षमताको आधारमा छुट्याएर क्रमशः लागू गरिनेछ ।

## परिच्छेद - ६
## सङ्घीय सभा

**१६. सङ्घीय सभाको गठन :**

सङ्घीय सभा सोसाइटीको सर्वोच्च अङ्ग हुनेछ । सङ्घीय सभाको अङ्गको रूपमा महाधिवेशन र वार्षिक साधारण सभा रहनेछ । सङ्घीय सभाको वार्षिक साधारण वर्षको एक पटक र महाधिवेशन हरेक चार वर्षमा बस्नेछ ।

**(१) सङ्घीय सभाको महाधिवेशन :** सङ्घीय सभाको महाधिवेशनको गठन देहायबमोजिम हुनेछ :-

(क) राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समिति (National Governing Board) का सबै पदाधिकारी र सदस्यहरू,

DRAFT

(ख) प्रत्येक प्रदेश समितिले आफूमध्येबाट कम्तीमा दुई जना महिलासहित छनोट गरेका पाँच जना प्रतिनिधि,

(ग) प्रत्येक जिल्ला समितिले आफूमध्येबाट कम्तीमा एक जना महिलासहित छनोट गरेका- दुई जना प्रतिनिधि

(घ) प्रत्येक पालिका समितिले आफूमध्येबाट एक जना महिलासहित छनोट गरेका- दुई जना प्रतिनिधि

वा

(पालिका शाखाबाट सङ्घीय महाधिवेशनमा प्रतिनिधित्वका लागि प्रत्येक पटक एक जना प्रतिनिधि पर्ने गरी ७५३ वटा पालिकाबाट गोला प्रथाबाट पालैपालो महिला र पुरूष प्रतिनिधि रहने )

(ङ) समावेशी सिद्धान्तअनुरूप राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिद्वारा मनोनीत - पाँच जना

(च) राष्ट्रिय महिला तथा समावेशी समितिले आफूमध्येबाट छनौट गरेको - एक जना

(छ) राष्ट्रिय वित्त समितिले आफूमध्येबाट छनौट गरेको - एक जना

(ज) राष्ट्रिय युवा समितिले आफूमध्येबाट छनौट गरेको - एक जना

(झ) नेपाल सरकार, गृह मन्त्रालयको प्रतिनिधि - एक जना

(ञ) नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको प्रतिनिधि - एक जना

(ट) नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको प्रतिनिधि - एक जना

(ठ) सङ्घीय सभामा नेपाल रेडक्रस कर्मचारी सङ्घका एक महिलासहित - दुई जना प्रतिनिधिले पर्यवेक्षकको रूपमा भाग लिनेछन् ।

(१.१) राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिको अध्यक्षले सभाको अध्यक्षता गर्नेछ ।

(१.२) उपदफा (१) को खण्ड (ङ) बमोजिम सभासद्हरूको मनोनयन राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिको निर्वाचन भएको तीन महिनाभित्र गरी सक्नुपर्ने र निजहरूको पदावधि आगामी महाधिवेशनसम्म हुनेछ ।

(१.३) सङ्घीय सभाको बैठकसम्बन्धी कार्यविधि तोकिएबमोजिम हुनेछ ।

## २. सङ्घीय सभाको वार्षिक साधारण सभा :

(१) सङ्घीय सभाको वार्षिक साधारण सभामा देहायबमोजिमका सभासद् रहनेछन् :

(क) राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समिति (National Governing Board) का सबै पदाधिकारी र सदस्यहरू,

(ख) प्रत्येक प्रदेश समितिले आफूमध्येबाट कम्तीमा एक जना महिलासहित छनौट गरेका दुई जना प्रतिनिधि,

(ग) प्रत्येक जिल्लाहरूबाट एक महिला र एक पुरूष पर्ने गरी जिल्ला समितिले छनौट गरेका आफूमध्येबाट एक जना र पालिका समितिमध्येबाट एक जना गरी जम्मा - दुई जना प्रतिनिधि,

(घ) समावेशी सिद्धान्तअनुरूप राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिद्वारा मनोनीत - पाँच जना

(ङ) राष्ट्रिय महिला तथा समावेशी समितिले आफूमध्येबाट छनौट गरेको - एक जना

(च) राष्ट्रिय वित्त समितिले आफूमध्येबाट छनौट गरेको - एक जना

DRAFT

(छ) राष्ट्रिय युवा समितिले आफूमध्येबाट छनौट गरेको - एक जना
(ज) नेपाल सरकार, गृह मन्त्रालयको प्रतिनिधि - एक जना
(झ) सङ्घीय सभाको वार्षिक साधारण सभामा नेपाल रेडक्रस कर्मचारी सङ्घबाट - एक जना प्रतिनिधिले पर्यवेक्षकको रूपमा भाग लिनेछन् ।

**१७. महाधिवेशन र वार्षिक साधारण सभाका काम, कर्तव्य र अधिकार :**

**(१) महाधिवेशनका काम, कर्तव्य र अधिकार :**

यस विधानमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त महाधिवेशनको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) सोसाइटीको वृहत्तर नीति निर्माण तथा दिशानिर्देश गर्ने,
(ख) राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिद्वारा प्रस्तुत योजना, वार्षिक प्रगति तथा आर्थिक प्रतिवेदन, गत आर्थिक वर्षको लेखापरीक्षणको प्रतिवेदन र आगामी वर्षको कार्यक्रम तथा आय-व्यय (बजेट) स्वीकृत गर्ने,
(ग) वैधानिक आयोग तथा समितिहरूका प्रतिवेदनउपर आवश्यकतानुसार छलफल र निर्णय गर्ने,
(घ) यस विधान कार्यान्वयनका लागि आवश्यक नियमावली स्वीकृत गर्ने,
(ङ) विधानको संशोधन गर्ने,
(च) राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिका पदाधिकारी तथा सदस्यहरूको निर्वाचन गर्ने,
(छ) निर्वाचन आयोग, सेवा आयोग, अनुपालन तथा मध्यस्थता आयोग, वित्त समिति, युवा समिति, महिला तथा समावेशी समिति गठन गर्ने,
(ज) आवश्यकताअनुसार रेडक्रस ऐनको तर्जुमा वा संशोधनका लागि सिफारिस गर्ने,
(झ) राष्ट्रिय र प्रदेश कार्यालयका लागि लेखापरीक्षक नियुक्त गर्ने,
(ञ) सभा सञ्चालनसम्बन्धी कार्यविधि स्वीकृत गर्ने, र
(ट) संस्थाको हितमा अन्य निर्णय गर्ने ।

**(२) राष्ट्रिय वार्षिक साधारण सभाका काम, कर्तव्य र अधिकार :** राष्ट्रिय वार्षिक साधारण सभाका काम, कर्तव्य र अधिकारहरू देहायबमोजिम हुनेछन् :-
(क) सोसाइटीको वृहत्तर नीति निर्माण तथा दिशानिर्देश गर्ने,
(ख) राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिद्वारा प्रस्तुत योजना, वार्षिक प्रगति तथा आर्थिक प्रतिवेदन, गत आर्थिक वर्षको लेखापरीक्षणको प्रतिवेदन र आगामी वर्षको कार्यक्रम तथा आय-व्यय (बजेट) स्वीकृत गर्ने,
(ग) वैधानिक आयोगहरूका प्रतिवेदनउपर आवश्यकतानुसार छलफल र निर्णय गर्ने,
(घ) वैधानिक आयोग तथा समितिहरूका प्रतिवेदनउपर आवश्यकतानुसार छलफल र निर्णय गर्ने,
(ङ) यस विधान कार्यान्वयनका लागि आवश्यक नियमावली स्वीकृत गर्ने ,

(च) राष्ट्रिय र प्रदेश कार्यालयका लागि लेखापरीक्षक नियुक्त गर्ने, र
(छ) संस्थाको हितमा अन्य निर्णय गर्ने ।

**१८. महाधिवेशन र वार्षिक साधारण सभाको आह्वान :**

(१) महाधिवेशन साधारणतया प्रत्येक ४/४ (चार/चार) वर्षमा राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालनसमितिले तोकेको समय र स्थानमा हुनेछ,

तर राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिको आह्वानमा वा सङ्घीय सभाका १ (एक) तृतीयांश सदस्यहरूले लिखित रूपमा माग गरेमा सोको ३५ (पैंतीस) दिनभित्र अध्यक्षको निर्देशानुसार विशेष महाधिवेशन आह्वान हुन सक्नेछ,

(२) **वार्षिक साधारण सभा** प्रत्येक वर्ष राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिले तोकेको समय र स्थानमा हुनेछ । तर, राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिले आवश्यकता महसुस गरेमा वर्षमा एकभन्दा बढी पटक पनि आह्वान गर्न सक्नेछ,

(३) सङ्घीय सभाको महाधिवेशन तथा वार्षिक साधारण सभा हुनुभन्दा कम्तीमा २१ (एक्काईस) दिनअगावै राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिले महाधिवेशन/वार्षिक साधारण सभाको स्थान, मिति र कार्यसूचीसहितको लिखित सूचना, वार्षिक प्रगति तथा आर्थिक प्रतिवेदन, आगामी आार्थिक वर्षको प्रस्तावित कार्यक्रम तथा बजेट, गत आर्थिक वर्षको लेखापरीक्षणको प्रतिवेदनसहित अन्य आवश्यक कागजात सबै सभासद्हरूलाई पठाउनुपर्ने छ । यस्तो सूचना र प्रतिवेदन विद्युतीय माध्यमबाट पनि पठाउन सकिने छ । यसरी पठाउनुपर्ने सूचना एवं प्रतिवेदनहरू सबै सभासद्हरूका लागि सम्बन्धित समितिको कार्यालय वा व्यक्तिगत विद्युतीय ठेगानामा पठाइने छ । तर, विशेष महाधिवेशन/साधारण सभाको लागि १५ (पन्ध्र) दिनअगावै कार्यसूचीसहित लिखित सूचना दिइनेछ ।

## परिच्छेद - ७
## राष्ट्रिय सञ्चालन समिति

**१९. राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समिति (National Governing Board) गठन :**

(१) संस्थाको नीति निर्माण तथा कार्य सञ्चालनको रेखदेखका लागि ३३ जनाको राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समिति देहायबमोजिम गठन हुनेछ :

| | |
|---|---|
| (क) अध्यक्ष | - १ जना |
| (ख) उपाध्यक्ष (एक खुला र एक महिला ) | - २ जना |
| (ग) राष्ट्रिय सचिव/महासचिव | - १ जना |
| (घ) कोषाध्यक्ष | - १ जना (अध्यक्ष, वित्त समिति) |
| (ङ) राष्ट्रिय उपसचिव/उपमहासचिव | - १ जना |
| (च) उपकोषाध्यक्ष | - १ जना (उपाध्यक्ष, वित्त समिति) |
| (छ) खुला निर्वाचित सदस्यहरू | - ११ जना |

(ज) प्रत्येक प्रदेशबाट एक/एक जनाका दरले निर्वाचित महिला सदस्य - ७ जना

(झ) अध्यक्ष र उपाध्यक्ष, युवा समिति - २ जना पदेन सदस्य

(ञ) अध्यक्ष, महिला तथा समावेशी समिति - १ जना

(ट) राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिबाट समावेशी सिद्धान्त अनुरूप कम्तीमा एक जना महिलासहित मनोनित सदस्यहरू - ३ जना,

(ठ) तत्काल निवर्तमान अध्यक्ष - १ जना पदेन सदस्य

तर, अध्यक्ष पदमा उही व्यक्ति लगातार दोस्रो पटक निर्वाचित भई वा कुनै कारणवश राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिमा तत्काल निवर्तमान अध्यक्षको प्रतिनिधित्व रिक्त भएमा सम्बन्धित समितिले संस्थाका सदस्यहरू मध्येबाट १ (एक) जना सदस्य मनोनयन गर्नेछ।

(ड) समाज कल्याण परिषद्का प्रतिनिधि सदस्य - १ जना

(२) राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समिति सङ्घीय सभाप्रति जवाफदेही हुनेछ।

(३) राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिको बैठकसम्बन्धी व्यवस्था नियमावलीमा तोकिएबमोजिम हुनेछ। राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिको कुनै सदस्य मनासिब माफिकको कारण बेगर लगातार तीनवटा बैठकमा अनुपस्थित भएमा निजलाई समितिको निर्णयले पदबाट हटाउन सकिनेछ।

(४) राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समिति सङ्घीय सभाप्रति उत्तरदायी हुनेछ।

## २०. राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिको काम, कर्तव्य र अधिकार :

राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) सोसाइटीको नीति, योजना, कार्यक्रम तथा बजेट तयार गरी सङ्घीय सभासमक्ष निर्णयार्थ पेश गर्ने,

(ख) महासचिवको छनोट, नियुक्ती र पदमुक्तसहितका आधार तथा विधि तय गरी लागू गर्ने,

(ग) सङ्घीय सभाद्वारा पारित योजना तथा कार्यक्रम राष्ट्रिय सचिव/महासचिवमार्फत् कार्यान्वयन गराउने,

(घ) आवश्यक कर्मचारीहरूको दरबन्दी सिर्जना र खारेज गर्ने,

(ङ) वैधानिक आयोग तथा समितिहरूबाट प्राप्त वार्षिक प्रतिवेदनहरू सङ्घीय सभामा पेश गर्ने,

(च) मातहतका निकाय वा व्यक्तिलाई मान, कदर वा पारितोषिक प्रदान गर्ने,

(छ) कुनै व्यक्तिलाई मानार्थ सदस्यता प्रदान गर्ने,

(ज) चल अचल सम्पतिको प्राप्ति, उपभोग, संरक्षण, र बेचबिखन गर्ने गराउने सम्बन्धमा निर्णय गर्ने,

(झ) राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा सम्पर्क र समन्वय गरी सहयोग विस्तार गर्ने,

(ञ) संस्थाको आयव्यय दुरूस्त राख्न लगाउने र वार्षिक लेखापरीक्षण गराई प्रतिवेदन सङ्घीय सभामा पेश गर्ने,

(ट) संस्थाको लागि आवश्यक विनियम तथा निर्देशिकाहरू बनाई कार्यान्वयन गर्ने, गराउने,

(ठ) सोसाइटीको सबै तहका समितिका पदाधिकारी तथा सदस्यहरूले तोकिएको काम गरेबापत् सेवा तथा सुविधा दिने सम्बन्धमा निर्णय गर्ने,

(ड) विधानले निर्दिष्ट गरेबमोजिम तथा संस्थाको हितको निम्ति आवश्यक अन्य काम गर्ने, गराउने,

DRAFT

(ढ) प्रदेश समिति, जिल्ला समिति र पालिका समितिको, सुपरिवेक्षण, मूल्याङ्कनका साथै आवश्यक परेमा प्रदेश तथा जिल्ला समिति निलम्बन तथा विघटन सम्बन्धमा निर्णय गर्ने,

(ण) राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिअन्तर्गत विषयगत समिति, विशेष समिति गठन, कार्य-क्षेत्र निर्धारण र अधिकार प्रत्यायोजन गर्नसक्ने,

(त) संस्थाको उद्देश्य अनुरूप कुनै कार्यक्रम वा परियोजनाको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्ने, गराउने,

(थ) अन्तर्राष्ट्रिय रेडक्रस तथा रेडक्रिसेन्ट अभियानको वैधानिक सम्मेलन, बैठकमा प्रतिनिधि वा प्रतिनिधि-मण्डल पठाउने, आमन्त्रण गर्ने,

(द) कुनै निकाय वा व्यक्तिलाई मान, कदर वा पारितोषिक प्रदान गर्ने,

(ध) कुनै व्यक्तिलाई मानार्थ सदस्यता प्रदान गर्ने,

(न) कुनै कारणवश अध्यक्ष पद रिक्त हुन गएमा अर्को निर्वाचन नभएसम्म उपाध्यक्षहरूमध्येबाट कार्यवाहक अध्यक्ष कार्य गर्ने,

(प) कुनै कारणवश राष्ट्रिय सञ्चालन समितिका अन्य पदाधिकारी रिक्त हुन गएमा राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिका सदस्यहरूमध्येबाट मनोनयन गर्ने,

(फ) कुनै कारणवश सदस्यको पद रिक्त हुन गएमा आगामी सङ्घीय सभाबाट अनुमोदन हुने गरी सभासद्हरूमध्येबाट बाँकी अवधिको लागि मनोनयन गर्ने,

(ब) विधानको उद्देश्यअनुरूप सङ्गठन तथा जुनियर/युवा रेडक्रस विकासका लागि आवश्यक नीतिगत निर्णय गर्ने,

(भ) आवश्यकताअनुसार लोकपाल (Ombudsperson) नियुक्ति गर्ने र सल्लाहकार तथा न्यास समिति (Board of Trustee) गठन गर्ने,

(म) प्रदेश, जिल्ला र पालिका शाखाहरूले प्रत्येक आर्थिक वर्षमा अग्रिमरूपमा माथिल्लो निकायलाई बुझाउनु पर्ने वार्षिक आवद्धता शुल्क निर्धारण गर्ने,

(य) संस्थाका गतिविधिहरूको आवधिक समीक्षा गर्ने,

(र) राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिका पदाधिकारी तथा सदस्यहरूलाई आवश्यकताअनुसार साङ्गठनिक र/वा भौगोलिक क्षेत्रको विशेष जिम्मेवारी दिने र

(ल) संस्थाको हितको लागि आवश्यक अन्य कार्य गर्ने, गराउने ।

## २१. राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिको बैठक

(१) अध्यक्षको निर्देशानुसार साधारणतया ३ (तीन) महिनाभन्दा बढी अवधिको फरक नपर्ने गरी राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिको बैठक बस्नेछ । यस्तो बैठकको सूचना साधारणतया १५ (पन्ध्र) दिनअगाडि पठाउनु पर्नेछ । तर, आकस्मिक बैठक जहिलेसुकै पनि बस्न सक्नेछ । यस्ता बैठक स्वयम् उपस्थिति वा विद्युतीय माध्यमबाट हुनेछ ।

(२) उपदफा (१) बमोजिम बैठक नबोलाइएमा राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिका एक-तृतीयांश सदस्यहरूको आग्रहमा उपाध्यक्षले बैठक बोलाउने छ ।

(३) उपदफा (२) बमोजिम बैठक नबोलाइएमा राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिका एक-तृतीयांश सदस्यहरूको आग्रहमा राष्ट्रिय सचिव/महासचिवले बैठक बोलाउनु पर्नेछ । त्यस्तो बैठकमा अध्यक्ष र उपाध्यक्ष अनुपस्थित भएमा जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्ने छ ।

## २२. पदाधिकारी तथा सदस्यहरूको काम, कर्तव्य र अधिकार :

राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिका पदाधिकारी तथा सदस्यहरूको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :

### (१) अध्यक्षको काम, कर्तव्य तथा अधिकार :

अध्यक्ष सङ्घीय सभा र राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समिति प्रति उत्तरदायी रहनेछन् । अध्यक्षका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :

(क) नेपाल सरकार, अदालत, अन्तर्राष्ट्रिय रेडक्रस र अन्य व्यक्ति वा संस्थासँगको सम्बन्धमा अन्तर्राष्ट्रिय एवं राष्ट्रियरूपमा संस्थाको प्रतिनिधित्व गर्ने, गराउने,

(ख) सङ्घीय सभामा संस्थाको समीक्षात्मक सम्बोधन गर्ने,

(ग) सङ्घीय सभा तथा राष्ट्रिय सञ्चालन समितिद्वारा गरिएका निर्णयहरूको कार्यान्वयनको रेखदेख, अनुगमन, निरीक्षण र नियन्त्रण गर्ने, गराउने,

(घ) कुनै व्यक्ति, संस्था वा सरकारसँग संस्थाको हितमा सम्झौता गर्ने, गराउने,

(ङ) संस्थाका विभिन्न अङ्गका कामहरूको समन्वय गर्ने, साथै सङ्घीय सभा तथा राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिद्वारा प्रत्यायोजित सबै कामहरू गर्ने, गराउने,

(च) विपद् परेको समयमा अत्यावश्यक सङ्कटकालीन उद्धार कार्य गर्न अन्तर्राष्ट्रिय रेडक्रसका सिद्धान्तबमोजिम सहयोगका लागि अपिल तथा अन्य आवश्यक सबै व्यवस्था गर्ने, गराउने,

(छ) राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिको बैठक नबसेको अवस्थामा कुनै कार्य गर्न आवश्यक देखिएमा सो कार्य गरी आगामी बैठकमा अनुमोदनका लागि पेश गर्ने, गराउने,

(ज) दफा २० (थ) बमोजिम राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिको क्षेत्राधिकारभित्र पर्ने अवस्थामा बाहेक स्वयंसेवक, महासचिव र विभागीय प्रमुखको सहभागितामा हुने अन्य अन्तर्राष्ट्रिय तालिम, गोष्ठी, बैठक, सम्मेलनहरूमा संस्थाकोतर्फबाट सहभागी हुने तथा पठाउन स्वीकृति दिने, र

(झ) संस्थाको हितको लागि आवश्यक अन्य कार्य गर्ने, गराउने ।

### (२) उपाध्यक्षका काम, कर्तव्य र अधिकार :

अध्यक्ष र राष्ट्रिय सञ्चालन समितिप्रति उत्तरदायी हुने गरी उपाध्यक्षका काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :

DRAFT

(क) अध्यक्षका कार्यहरूमध्ये निजबाट प्रत्यायोजित र तोकिएका कार्य गर्ने,

(ख) अध्यक्षको अनुपस्थितिमा निजबाट तोकिएको उपाध्यक्षले अध्यक्षको काम गर्ने,

(ग) कारणवश अध्यक्ष पद रिक्त हुन आएमा राष्ट्रिय सञ्चालन समितिले मनोनयन गरेको उपाध्यक्षले आगामी निर्वाचनसम्म कार्यवाहक अध्यक्षको रूपमा कार्य गर्ने, र

(घ) संस्थाको हितको लागि आवश्यक अन्य कार्य गर्ने, गराउने ।

**(३) राष्ट्रिय सचिव/महासचिवको काम, कर्तव्य र अधिकार :**

राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिप्रति उत्तरदायी हुने गरी राष्ट्रिय सचिव/महासचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :

(क) राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिको सचिवको रूपमा कार्य गर्ने,

(ख) राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिका निर्णयअनुसार सङ्घीय सभाको वार्षिक साधारणसभा र महाधिवेशन बोलाउने,

(ग) राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिको निर्णयअनुसार सङ्घीय सभाको र अध्यक्षको निर्देशानुसार समितिको बैठकको कार्यसूची तयार पार्ने, बैठकको निर्णय पुस्तिका राख्ने र आवश्यकतानुसार पत्राचार तथा सूचना प्रकाशन गर्ने,

(घ) अध्यक्षको निर्देशानुसार राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिको बैठकको कार्यसूची तयार गर्ने, बैठक बोलाउने, निर्णय अभिलेखन र प्रेषित गर्ने,

(ङ) राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिका तर्फबाट सङ्घीय सभा वार्षिक प्रगति प्रतिवेदन र आगामी वर्षको कार्यक्रम पेश गर्ने,

(च) राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिका बैठकका निर्णयहरू कार्यान्वयनको अनुगमन गर्ने, र

(छ) समिति र अध्यक्षद्वारा तोकिएका अन्य कार्यहरू गर्ने, गराउने ।

**(४) कोषाध्यक्षका काम, कर्तव्य र अधिकार :**

राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिप्रति उत्तरदायी हुने गरी कोषाध्यक्षका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :

(क) संस्थाको वित्त समितिको अध्यक्षको रूपमा कार्य गर्ने,

(ख) संस्थाको लेखा, लेखापरीक्षण, आर्थिक र श्रोत परिचालनका सबै विषयहरूमा अनुगमन निरीक्षण गर्ने र राष्ट्रिय सञ्चालन समिति र अध्यक्षलाई सल्लाह सुझाव दिने, र

(ग) समिति र अध्यक्षद्वारा तोकिएका अन्य कार्यहरू गर्ने गराउने ।



DRAFT

## (५) राष्ट्रिय उपसचिव/उपमहासचिवको काम, कर्तव्य र अधिकार :

राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिप्रति उत्तरदायी हुने गरी राष्ट्रिय उपसचिव/उपमहासचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :

(क) राष्ट्रिय सचिव/महासचिवको अनुपस्थितिमा राष्ट्रिय सचिव/महासचिवको कार्य गर्ने,

(ख) राष्ट्रिय सचिव/महासचिवको काममा सहयोग गर्ने र निजबाट प्रत्यायोजित अन्य कार्य गर्ने,

(ग) अध्यक्षद्वारा तोकिएका अन्य कार्यहरू गर्ने, गराउने ।

## (६) उपकोषाध्यक्षका काम, कर्तव्य र अधिकार :

राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिप्रति उत्तरदायी हुने गरी उपकोषाध्यक्षका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :

(क) संस्थाको वित्त समितिको उपाध्यक्षको रूपमा कार्य गर्ने,

(ख) कोषाध्यक्षको काममा सहयोग गर्ने र निजबाट प्रत्यायोजित कार्य गर्ने र

(ग) अध्यक्षद्वारा तोकिएका अन्य कार्यहरू गर्ने, गराउने ।

## (४) सदस्यहरूको काम, कर्तव्य र अधिकार :

सदस्यहरूका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :

(क) राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिको बैठकमा सहभागी हुने, प्रस्ताव राख्ने, विषयवस्तुमा छलफल गर्ने र राय दिने,

(ख) राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिद्वारा निर्धारित भौगोलिक क्षेत्रका साङ्गठनिक निकायसँग नियमित सम्पर्क, रेखदेख, विकास र विस्तारमा समन्वय गर्ने, गराउने,

(ग) आफूलाई तोकिएका साङ्गठनिक निकायहरूको सभा तथा अधिवेशनमा स्वयं वा अन्य प्रतिनिधि उपस्थित गराउने प्रयास गर्ने,

(घ) निर्धारित साङ्गठनिक निकायमा विधान, आधारभूत सिद्धान्तहरू र आचार-संहिताको पालना गर्ने, गराउने,

(ङ) राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिले निर्धारण गरेका र अध्यक्षले निर्देशन गरेबमोजिम अन्य कार्य गर्ने र

(च) तोकिएको विषयगत समितिमा रही कार्य गर्ने ।

DRAFT

**२३. महाधिवेशन र वार्षिक साधारण सभाको आह्वान :**

(१) **महाधिवेशन** साधारणतया प्रत्येक ४/४ (चार/चार) वर्षमा राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिले तोकेको समय र स्थानमा हुनेछ ।

तर, राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिको आह्वानमा वा सङ्घीय सभाका १ (एक) तृतीयांश सदस्यहरूले लिखित रूपमा माग गरेमा सोको ३५ (पैंतीस) दिनभित्र अध्यक्षको निर्देशानुसार विशेष महाधिवेशन आह्वान हुन सक्नेछ ।

(२) **वार्षिक साधारण सभा** प्रत्येक वर्ष राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिले तोकेको समय र स्थानमा हुनेछ । तर, राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिले आवश्यकता महसुस गरेमा वर्षमा एकभन्दा बढी पटक पनि आह्वान गर्न सक्नेछ ।

(३) सङ्घीय सभाको महाधिवेशन तथा वार्षिक साधारण सभा हुनुभन्दा कम्तीमा २१ (एक्काईस) दिनअगावै राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिले महाधिवेशन/वार्षिक साधारण सभाको स्थान, मिति र कार्यसूचीसहितको लिखित सूचना, वार्षिक प्रगति तथा आर्थिक प्रतिवेदन, आगामी आर्थिक वर्षको प्रस्तावित कार्यक्रम तथा बजेट, गत आर्थिक वर्षको लेखापरीक्षणको प्रतिवेदनसहित अन्य आवश्यक कागजात सबै सभासद्हरूलाई पठाउनुपर्ने छ । यस्तो सूचना र प्रतिवेदन विद्युतीय माध्यमबाट पनि पठाउन सकिने छ । यसरी पठाउनुपर्ने सूचना एवं प्रतिवेदनहरू सबै सभासद्हरूको लागि सम्बन्धित समितिको कार्यालय वा व्यक्तिगत विद्युतीय ठेगानामा पठाइने छ । तर, विशेष महाधिवेशन/साधारण सभाको लागि १५ (पन्ध्र) दिन अगावै कार्यसूचीसहित लिखित सूचना दिइनेछ ।

## परिच्छेद-८
## व्यवस्थापनसम्बन्धी व्यवस्था

**२४. व्यवस्थापन प्रमुख :**

राष्ट्रिय र प्रदेश कार्यालयको व्यवस्थापन प्रमुखको रूपमा क्रमशः महानिर्देशक र निर्देशक रहनेछन् । नीजहरूको नियुक्ति राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिले गर्ने छ । जिल्ला र पालिका तहमा क्षमताको आधारमा सम्बन्धित समितिले व्यवस्थापन प्रमुखको रूपमा प्रमुख अधिकृतको नियुक्ती गर्नेछन् ।

**(१) योग्यता :**

देहायका योग्यता भएका नेपाली नागरिक महानिर्देशक र निर्देशक पदमा नियुक्तिका लागि योग्य हुनेछः

(क) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर उतिर्ण भएको,

(ख) सामाजिक, सार्वजनिक सेवा वा मानवीय कार्यक्षेत्रमा कम्तीमा १० वर्षको व्यवस्थापकीय अनुभव भएको,

(ग) उच्च नैतिक चरित्र र निष्ठा भएको,

DRAFT

(घ) फौजदारी अभियोगमा सजाय नपाएको,

(ङ) चालिस वर्ष पूरा भएको,

(च) नेपाली र अङ्ग्रेजी भाषामा दखल भएको, र

(छ) नियुक्ति हुँदाको वखत कुनै राजनीतिक दलको सदस्य नरहेको ।

**(२) नियुक्ति प्रकृया र सुविधा**

(क) महानिर्देशक र निर्देशक पदको पदपूर्तिका लागि खुला विज्ञापन गरिनेछ । यसका लागि राष्ट्रिय समिति/सञ्चालन समितिले गठन गरेको छनौट समिति वा विज्ञ समूह वा निकायलाई जिम्मेवारी दिनेछ । यस्तो समिति वा निकायले एक पदका लागि तीन जनाका दरले योग्य उम्मेदवारको नाम सिफारिस गर्ने छ । यसरी सिफारिस भएकाहरूमध्ये राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालक समितिले उपयुक्त उम्मेदवारको अन्तिम छनौट गरी नियुक्त गर्ने छ ।

(ख) महानिर्देशक र निर्देशकको सेवाका शर्त र सुविधा करार पत्रमा उल्लेख भएवमोजिम हुनेछ ।

**(३) पदमुक्त हुने अवस्था**

देहायको कुनै अवस्थामा महानिर्देशक र निर्देशकको पद रिक्त हुनेछ :

(क) राष्ट्रिय अध्यक्ष समक्ष दिएको लिखित राजिनामा स्वीकृत भएमा,

(ख) कार्यसम्पादन सन्तोषजनक नभएका कारणले राष्ट्रिय सञ्चालन समितिले पदमुक्त गरेमा । तर, नीजलाई सफाइको मौका दिनु पर्नेछ,

(ग) संस्थाले गरेको करारको शर्तबमोजिम पदमुक्त भएमा वा गरिएमा,

(घ) तोकिएको कार्यअवधि पूरा भएमा,

(ङ) साठी वर्ष उमेर पूरा भएमा, र

(च) मृत्यु भएमा ।

**(४) महानिर्देशकको काम, कर्तव्य र अधिकार :**

अध्यक्ष र राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिप्रति उत्तरदायी हुनेगरी कार्यकारी प्रमुखका रूपमा महानिर्देशकको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) अध्यक्षको निर्देशानुसार राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिको बैठक र राष्ट्रिय सञ्चालन समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने । सङ्घीय सभा तथा राष्ट्रिय समिति/सञ्चालन समितिको बैठकमा उपस्थित हुने तर निर्णयमा सहभागी हुने छैन ।

(ख) कार्यालयको दैनिक प्रशासनिक कार्य सञ्चालन, रेखदेख र नियन्त्रण गर्ने, निर्देशन दिने, राष्ट्रिय समिति/राष्ट्रिय समितिबाट स्वीकृत कार्यक्रम, बजेट वा परियोजनाका नीति-नियमअनुरूप कार्यान्वयन, अनुगमन एवं मूल्याङ्कनको व्यवस्था गर्ने, गराउने,

(ग) राष्ट्रिय कार्यालयको आधिकारिक प्रतिनिधिको रूपमा आवश्यक कागजात प्रमाणित गर्ने, गराउने,

(घ) सङ्घीय सभा तथा राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिको निर्णयबमोजिम र अध्यक्षबाट प्रदत्त जिम्मेवारीअनुरूप कार्यसम्पादन गर्ने, गराउने,

(ङ) आफ्नो कार्यसम्पादनलगायत विशेष परिस्थितिका सम्बन्धमा समिति र अध्यक्षलाई नियमित जानकारी गराउने र निर्देशन लिई उपयुक्त उपायहरू अवलम्बन गर्ने,

(च) कर्मचारी र कार्यक्रम स्वयंसेवकको व्यवस्थापन गर्ने, र

(छ) करार र कार्यविवरणमा उल्लेख भएका कार्यहरू गर्ने ।

**२५. प्रशासनिक संरचना र कर्मचारीसम्बन्धी व्यवस्थाः**

(१) राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिले स्वीकृत गरेको प्रशासनिक संरचना अनुरूप राष्ट्रिय र प्रदेश कार्यालयमा विभाग, शाखा, एकाईहरू रहनेछन् । सोही अनुरूप कर्मचारीहरू रहनेछन् ।

(२) प्रचलित नेपाल कानुनसमेतलाई आधारमानी सोसाइटीमा कर्मचारीहरूको सेवाको शर्त तथा सुविधा निर्धारण गरिनेछ ।

(३) कर्मचारीहरूको नियुक्ति र बढुवा रेडक्रस सेवा आयोगको सिफारिसअनुसार हुनेछ ।

(४) जिल्ला र पालिका तहमा सम्बन्धित समितिले स्वीकृत गरेबमोजिम प्रशासनिक संरचना र कर्मचारी रहनेछन् ।

(५) सोसाइटीमा उचित श्रम अभ्यास र सामाजिक सुरक्षाको व्यवस्था हुनेछ । कर्मचारी कल्याणकोष सञ्चालन लगायत कर्मचारीहरूका लागि कल्याणकारी कार्यहरू गर्न, गराउन सकिनेछ ।

(६) प्रशासनिक विषय एवम् कर्मचारी व्यवस्थापनका सम्बन्धमा गुनासो तथा उजुरी सुनुवाइका लागि सबै तहमा एक संयन्त्र रहने छ । सो संयन्त्रमा सम्बन्धित समितिले तोकेको व्यक्तिको संयोजकत्वमा कार्यकारी प्रमुख र एक कानुन विज्ञ गरी तीन सदस्यीय समिति रहनेछन् । समितिको निर्णयउपर अनुपालन तथा मध्यस्थता समितिमा पुनरावेदन गर्न सकिनेछ ।

## परिच्छेद - ९
## प्रदेश सभा

**२६. प्रदेशसभाको गठन :**

सोसाइटीको प्रदेश सभा प्रदेशको प्रमुख वैधानिक अङ्ग हुनेछ । प्रदेश सभाको अङ्गको रूपमा अधिवेशन र वार्षिक साधारण सभा रहनेछन् । सामान्यतया प्रदेश सभाको वार्षिक साधारण सभा वर्षको एक पटक र अधिवेशन हरेक चार वर्षमा बस्नेछ ।

**(१) प्रदेश सभाको अधिवेशन :**

प्रदेश सभाको अधिवेशनमा देहायबमोजिम सभासद्हरू रहनेछन् :

(क) प्रदेश समिति/प्रदेश सञ्चालन समितिका सबै पदाधिकारी र सदस्यहरू,

(ख) प्रत्येक जिल्ला समितिले आफूमध्येबाट कम्तीमा एक जना महिलासहित छनोट गरेका प्रतिनिधि - तीन जना,

(ग) प्रत्येक पालिका समितिले आफूमध्येबाट एक जना महिलासहित छनोट गरेका प्रतिनिधि - दुई जना,

(घ) समावेशी सिद्धान्तअनुरूप प्रदेश समिति/ प्रदेश सञ्चालन समितिद्वारा मनोनीत प्रदेश सभासद् - तीन जना,

(ङ) महिला तथा समावेशी समितिले छनौट गरेको - एक जना,

(च) प्रदेश वित्त समितिले आफूमध्येबाट छनोट गरेको - एक जना,

(छ) प्रदेश युवा समितिले आफूमध्येबाट छनोट गरेका - एक जना,

(ज) सम्बन्धित प्रदेशबाट प्रतिनिधित्व गर्ने राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिका पदाधिकारी तथा सदस्यहरू,

(झ) प्रदेश सरकारको सामाजिक विकास र आन्तरिक मामिला तथा कानुन मन्त्रालयका प्रतिनिधि - एक/एक जना, र

(ञ) प्रदेश मातहतका जुनियर/युवा रेडक्रस सर्कलमध्येबाट एक जना शिक्षक नायक र एक जना संरक्षक फरक फरक भौगोलिक क्षेत्रबाट प्रतिनिधित्व हुने गरी प्रदेश समिति/प्रदेश सञ्चालन समितिले मनोनीत गरेका प्रतिनिधि - दुई जना।

(२) **प्रदेश वार्षिक साधारण सभाको गठन:** प्रदेशसभाको वार्षिक साधारण सभाको गठन देहायबमोजिम सभासद्हरू रहनेछन् :

(क) प्रदेश समिति/ प्रदेश सञ्चालन समितिका सबै पदाधिकारी र सदस्यहरू,

(ख) प्रत्येक जिल्ला समितिले आफूमध्येबाट कम्तीमा एक जना महिलासहित छनोट गरेका प्रतिनिधि - दुई जना,

(ग) प्रत्येक पालिका समितिले आफूमध्येबाट छनोट गरेका प्रतिनिधि - एक जना,

(घ) समावेशी सिद्धान्तअनुरूप प्रदेश समितिद्वारा मनोनीत प्रदेश सभासद् - तीन जना,

(ङ) महिला तथा समावेशी समितिले छनौट गरेको - एक जना,

(च) प्रदेश वित्त समितिले आफूमध्येबाट छनोट गरेको - एक जना,

(छ) प्रदेश युवा समितिले आफूमध्येबाट छनोट गरेका - एक जना,

(ज) सम्बन्धित प्रदेशबाट प्रतिनिधित्व गर्ने राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिका पदाधिकारी तथा सदस्यहरू,

(झ) प्रदेश सरकारको सामाजिक विकास र आन्तरिक मामिला तथा कानुन मन्त्रालयका प्रतिनिधि - एक/एक जना, र

(ञ) प्रदेश समिति/प्रदेश सञ्चालन समितिले मातहतका जुनियर/युवा रेडक्रस सर्कलमध्येबाट फरक फरक भौगोलिक क्षेत्रबाट प्रतिनिधित्व हुने गरी एक जना शिक्षकनायक र एक जना संरक्षक पर्नेगरी मनोनीत गरेका प्रतिनिधि - दुई जना ।

DRAFT

**३. प्रदेश सभाको काम, कर्तव्य र अधिकारः**

यस विधानमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त प्रदेश अधिवेशनको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) प्रदेशका लागि नीति निर्माण तथा दिशानिर्देश गर्ने,

(ख) प्रदेश समिति/प्रदेश सञ्चालन समितिद्वारा प्रस्तुत योजना, वार्षिक प्रगति तथा आर्थिक प्रतिवेदन, गत आर्थिक वर्षको लेखापरीक्षणको प्रतिवेदन र आगामी वर्षको कार्यक्रम तथा आय-व्यय (बजेट) स्वीकृत गर्ने,

(ग) वैधानिक आयोग तथा समितिहरूका प्रतिवेदनउपर आवश्यकतानुसार छलफल र निर्णय गर्ने,

(घ) प्रदेश सञ्चालनको लागि आवश्यक नीति तथा निर्देशिका स्वीकृत गर्ने,

(ङ) प्रदेश समिति/प्रदेश सञ्चालन समितिका पदाधिकारी तथा सदस्यहरूको निर्वाचन गर्ने,

(च) प्रदेश वित्त, महिला तथा समावेशी र युवा समिति गठन गर्ने,

(छ) प्रदेश सभा सञ्चालनसम्बन्धी कार्यविधि स्वीकृत गर्ने, र

(ज) संस्थाको हितमा अन्य निर्णय गर्ने ।

**४. प्रदेश वार्षिक साधारण सभाका काम, कर्तव्य र अधिकार :** प्रदेश वार्षिक साधारण सभाका काम, कर्तव्य र अधिकारहरू देहायबमोजिम हुनेछ :

(क) प्रदेशका लागि नीति निर्माण तथा दिशानिर्देश गर्ने,

(ख) प्रदेश समिति/प्रदेश सञ्चालन समितिद्वारा प्रस्तुत योजना, वार्षिक प्रगति तथा आर्थिक प्रतिवेदन, गत आर्थिक वर्षको लेखापरीक्षणको प्रतिवेदन र आगामी वर्षको कार्यक्रम तथा आय-व्यय (बजेट) स्वीकृत गर्ने,

(ग) वैधानिक आयोग तथा समितिहरूका प्रतिवेदनउपर आवश्यकतानुसार छलफल र निर्णय गर्ने,

(घ) प्रदेश सञ्चालनको लागि आवश्यक नीति तथा निर्देशिका स्वीकृत गर्ने,

(ङ) प्रदेश सभा सञ्चालनसम्बन्धी कार्यविधि स्वीकृत गर्ने, र

(च) संस्थाको हितमा अन्य निर्णय गर्ने ।

**२७. प्रदेश सभाको अधिवेशन र वार्षिक साधारण सभाको आह्वान**

(१) **प्रदेश अधिवेशन** साधारणतया प्रत्येक ४/४ (चार/चार) वर्षमा प्रदेश समिति/प्रदेश सञ्चालन समितिले तोकेको समय र स्थानमा हुनेछ ।

तर, प्रदेश समिति/प्रदेश सञ्चालन समितिको आह्वानमा वा प्रदेश सभाका १ (एक) तृतीयांश सदस्यहरूले लिखित रूपमा माग गरेमा सोको ३५ (पैंतीस) दिनभित्र प्रदेश अध्यक्षको निर्देशानुसार विशेष अधिवेशन आह्वान हुन सक्नेछ ।

(२) **वार्षिक साधारण सभा** प्रत्येक वर्ष प्रदेश समिति/प्रदेश सञ्चालन समितिले तोकेको समय र स्थानमा हुनेछ । तर, प्रदेश समिति/प्रदेश सञ्चालन समितिले आवश्यकता महसुस गरेमा वर्षमा एकभन्दा बढी पटक पनि आह्वान गर्न सक्नेछ ।

(३) प्रदेश सभाको महाधिवेशन तथा वार्षिक साधारण सभा हुनुभन्दा कम्तीमा २१ (एक्काईस) दिनअगावै प्रदेश समिति/ प्रदेश सञ्चालन समितिले अधिवेशन/वार्षिक साधारण सभाको स्थान, मिति र कार्यसूचीसहितको लिखित सूचना, वार्षिक प्रगति तथा आर्थिक प्रतिवेदन, आगामी आार्थिक वर्षको प्रस्तावित कार्यक्रम तथा बजेट, गत आर्थिक वर्षको लेखापरीक्षणको प्रतिवेदनसहित अन्य आवश्यक कागजात सबै सभासद्हरूलाई पठाउनुपर्ने छ । यस्तो सूचना र प्रतिवेदन विद्युतीय माध्यमबाट पनि पठाउन सकिने छ । यसरी पठाउनुपर्ने सूचना एवं प्रतिवेदनहरू सबै सभासद्हरूको लागि सम्बन्धित समितिको कार्यालय वा व्यक्तिगत विद्युतीय ठेगानामा पठाइने छ । तर, विशेष अधिवेशन/साधारण सभाको लागि १५ (पन्ध्र) दिनअगावै कार्यसूचीसहित लिखित सूचना दिइनेछ ।

## परिच्छेद -१०

## प्रदेश समिति/प्रदेश सञ्चालन समिति

२८. **प्रदेश समिति/प्रदेश सञ्चालन समिति (Province Governing Board) को गठन र अन्य व्यवस्था :** प्रदेशमा नीति निर्माण तथा कार्यसञ्चालनका लागि प्रदेश सभाप्रति जवाफदेही हुने गरी २१ सदस्यीय देहायबमोजिम प्रदेश समिति/प्रदेश सञ्चालन समितिको गठन हुनेछ :

**(१) प्रदेश समिति/प्रदेश सञ्चालन समिति :**

| | |
|---|---|
| (क) अध्यक्ष | - १ जना |
| (ख) उपाध्यक्ष (एक खुला र एक महिला) | - २ जना |
| (ग) प्रदेश सचिव | - १ जना |
| (घ) कोषाध्यक्ष | - १ जना (अध्यक्ष, वित्त समिति) |
| (ङ) प्रदेश उपसचिव | - १ जना |
| (च) उपकोषाध्यक्ष | - १ जना(उपाध्यक्ष, वित्त समिति) |
| (छ) महिला सदस्य | - ३ जना सदस्य |
| (ज) खुला सदस्य | - ४ जना सदस्य |
| (झ) अध्यक्ष, महिला तथा समावेशी समिति | - १ जना पदेन सदस्य |
| (ञ) अध्यक्ष तथा उपाध्यक्ष युवा समिति | - २ जना पदेन सदस्य |
| (ट) प्रदेश समिति/प्रदेश सञ्चालन समितिबाट समावेशी सिद्धान्तअनुरूप मनोनीत कम्तीमा एक जना महिलासहित मनोनीत सदस्यहरू | - २ जना |
| (ठ) तत्काल निवर्तमान अध्यक्ष | - १ जना (पदेन सदस्य) |

तर, अध्यक्ष पदमा उही व्यक्ति दोस्रो पटक निर्वाचित भई वा अन्य कुनै कारणवश समितिमा तत्काल निवर्तमान अध्यक्षको प्रतिनिधित्व रिक्त भएमा सम्बन्धित समितिले सदस्यहरूमध्येबाट एक जना सदस्य मनोनयन गर्नेछ ।

(ड) प्रदेश सरकारको प्रतिनिधि - १ जना सदस्य

(२) प्रदेश समिति/प्रदेश सञ्चालन समिति प्रदेश सभाप्रति उत्तरदायी हुनेछ ।

(३) प्रदेश समिति/प्रदेश सञ्चालन समितिको कुनै पनि सदस्य मुनासिब कारणबेगर लगातार ३ (तीन) पटक बैठकमा अनुपस्थित भएमा प्रदेश समिति/प्रदेश सञ्चालन समितिले निजलाई समितिको सदस्यबाट हटाउन सक्नेछ ।

(४) प्रदेश समिति/प्रदेश सञ्चालन समितिसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

**२. प्रदेश समिति/प्रदेश सञ्चालन समितिको काम, कर्तव्य र अधिकार :**

(१) प्रदेश सभाको अधीनमा रही प्रदेश समिति/प्रदेश सञ्चालन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) प्रदेशको नीति, योजना, कार्यक्रम तथा बजेट तयार गरी प्रदेश सभा समक्ष निर्णयार्थ पेश गर्ने,

(ख) प्रदेश सभाद्वारा पारित योजना तथा कार्यक्रम सचिवमार्फत् कार्यान्वयन गराउने

(ग) वैधानिक आयोग तथा समितिहरूका प्रतिवेदन सम्बन्धित सभामा पेश गर्ने,

(घ) आवश्यक कर्मचारीहरूको दरबन्दी सिर्जना र खारेज गर्ने,

(ङ) मातहतका निकाय वा व्यक्तिलाई मान, कदर वा पारितोषिक प्रदान गर्ने,

(च) प्रदेशभित्रका कुनै व्यक्तिलाई विशिष्ट र यशस्कर सदस्यता प्रदान गर्ने र मानार्थ सदस्यका लागि राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिमा सिफारिस गर्ने,

(छ) प्रदेशअर्न्तगत सम्पतिको खरिद, प्राप्ति, उपभोग, संरक्षण, परिचालन गर्ने, गराउने,

(ज) प्रदेशस्तरमा सरकारी, गैरसरकारी, साझेदार र दातृ निकायहरूसँग सम्पर्क, समन्वय र सहकार्य गर्ने,

(झ) संस्थाको आयव्यय दुरूस्त राख्न लगाउने र वार्षिक लेखापरीक्षण प्रतिवेदन प्रदेश सभामा पेश गर्ने,

(ञ) संस्थाको लागि आवश्यक विनियम तथा निर्देशिकाहरू बनाई कार्यान्वयन गर्ने, गराउने,

(ट) पदाधिकारी तथा सदस्यहरूले तोकिएको काम गरेबापत सेवा तथा सुविधा दिनेसम्बन्धमा निर्णय गर्ने,

(ठ) विधानले निर्दिष्ट गरेबमोजिम तथा संस्थाको हितको निम्ति आवश्यक अन्य काम गर्ने, गराउने,

(ड) जिल्ला समिति र पालिका समितिको, सुपरिवेक्षण, मूल्याङ्कनका साथै आवश्यक परेमा जिल्ला समितिको निलम्बन तथा विघटन सम्बन्धमा प्रदेश समिति/प्रदेश सञ्चालन समितिमा सिफारिस गर्ने,

(ढ) प्रदेश समिति/प्रदेश सञ्चालन समितिअन्तर्गत विषयगत समिति गठन, कार्य-क्षेत्र निर्धारण र अधिकार प्रत्यायोजन गर्ने,

(ण) संस्थाको उद्देश्यअनुरूप कुनै कार्यक्रम वा परियोजनाको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्ने, गराउने,

(त) वैधानिक सभा तथा बैठकमा प्रतिनिधि वा प्रतिनिधि-मण्डल पठाउने, आमन्त्रण गर्ने,

(थ) कुनै निकाय वा व्यक्तिलाई मान, कदर वा पारितोषिक प्रदान गर्ने,

(द) कुनै कारणवश प्रदेश अध्यक्ष पद रिक्त हुन गएमा अर्को निर्वाचन नभएसम्म उपाध्यक्षहरू मध्येबाट कार्यवाहक अध्यक्ष मनोनयन गर्ने,

(ध) कुनै कारणवश प्रदेश समिति/प्रदेश सञ्चालन समितिका अन्य पदाधिकारी रिक्त हुन गएमा प्रदेश समिति/प्रदेश सञ्चालन समितिका सदस्यमध्येबाट मनोनयन गर्ने,

(न) कुनै कारणवश सदस्यको पद रिक्त हुन गएमा आगामी प्रदेश सभाबाट अनुमोदन हुने गरी सभासद्हरूमध्येबाट बाँकी अवधिको लागि मनोनयन गर्ने,

(प) आवश्यकताअनुसार सल्लाहकार तथा सल्लाहकार समिति नियुक्त गर्ने,

(फ) राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिले निर्धारण गरेबमोजिम पालिका शाखाहरूबाट वार्षिक आवद्धता शुल्क लिई अद्यावधिक गर्ने,

(ब) प्रदेशका गतिविधिहरूको आवधिक समीक्षा गर्ने,

(भ) प्रदेश समिति/प्रदेश सञ्चालन समितिका पदाधिकारी तथा सदस्यहरूलाई आवश्यकताअनुसार साङ्गठनिक र/वा भौगोलिक क्षेत्रको विशेष जिम्मेवारी दिने, र

(म) संस्थाको हितको लागि आवश्यक अन्य कार्य गर्ने, गराउने ।

## ३. प्रदेश समिति/प्रदेश सञ्चालन समितिको बैठक :

(१) अध्यक्षको निर्देशानुसार साधारणतया ३ (तीन) महिनाभन्दा बढी अवधिको फरक नपर्ने गरी प्रदेश समिति/प्रदेश सञ्चालन समितिको बैठक बस्नेछ । यस्तो बैठकको सूचना साधारणतया १० (दश) दिनअगाडि पठाउनु पर्ने छ । तर, आकस्मिक बैठक जहिलेसुकै पनि बस्न सक्नेछ । यस्ता बैठक स्वयम् उपस्थिति वा विद्युतीय माध्यमबाट हुनेछ ।

(२) उपदफा (१) बमोजिम बैठक नबोलाइएमा प्रदेश समिति/प्रदेश सञ्चालन समितिका एक-तृतीयांश सदस्यहरूको आग्रहमा उपाध्यक्षले बैठक बोलाउने छ ।

(३) उपदफा (२) बमोजिम बैठक नबोलाइएमा प्रदेश समिति/प्रदेश सञ्चालन समितिका एक-तृतीयांश सदस्यहरूको आग्रहमा सचिवले बैठक बोलाउनु पर्नेछ । त्यस्तो बैठकमा अध्यक्ष र उपाध्यक्ष अनुपस्थित भएमा जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्ने छ ।

## ४. प्रदेश समिति/प्रदेश सञ्चालन समितिका पदाधिकारी तथा सदस्यहरूको काम, कर्तव्य र अधिकार :

प्रदेश समिति/प्रदेश सञ्चालन समितिका पदाधिकारी तथा सदस्यहरूको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

DRAFT

**(१) अध्यक्षको काम, कर्तव्य तथा अधिकार :**

अध्यक्ष प्रदेश सभा र प्रदेश समिति/प्रदेश सञ्चालन समिति प्रति उत्तरदायी रहनेछन् । अध्यक्षका कार्यहरू देहायबमोजिम हुनेछ :

(क) प्रदेश समिति/प्रदेश सञ्चालन समितिको तर्फबाट प्रतिनिधित्व गर्ने, गराउने,

(ख) प्रदेश सभामा संस्थाको समीक्षात्मक सम्बोधन गर्ने,

(ग) प्रदेश सभा तथा प्रदेश समिति/प्रदेश सञ्चालन समितिद्वारा गरिएका निर्णयहरूको कार्यान्वयनको रेखदेख, अनुगमन, निरीक्षण र नियन्त्रण गर्ने, गराउने,

(घ) कुनै व्यक्ति, संस्था वा सरकारसँग संस्थाको हितमा रणनीतिक सम्झौता गर्ने, गराउने,

(ङ) प्रदेशभित्रका संस्थाका विभिन्न अङ्गका कामहरूको समन्वय गर्ने, साथै प्रदेश सभा तथा प्रदेश समिति/प्रदेश सञ्चालन समितिद्वारा प्रत्यायोजित सबै कामहरू गर्ने, गराउने,

(च) विपद् परेको समयमा अत्यावश्यक सङ्कटकालीन उद्धार कार्य गर्न रेडक्रसका सिद्धान्तबमोजिम सहयोगका लागि अपिल तथा अन्य आवश्यक सबै व्यवस्था गर्ने, गराउने,

(छ) प्रदेश समिति/प्रदेश सञ्चालन समितिको बैठक नबसेको अवस्थामा कुनै कार्य गर्न आवश्यक देखिएमा सो कार्य गरी आगामी बैठकमा अनुमोदनका लागि पेश गर्ने, गराउने,

(ज) प्रदेश समिति/प्रदेश सञ्चालन समितिका पदाधिकारी तथा सदस्यहरूलाई तालिम, गोष्ठी, बैठक, सम्मेलनहरूमा सहभागी पठाउन स्वीकृति दिने, र

(झ) संस्थाको हितको लागि आवश्यक अन्य कार्य गर्ने, गराउने ।

**(२) उपाध्यक्षका काम, कर्तव्य र अधिकार :**

अध्यक्ष र प्रदेश समिति/प्रदेश सञ्चालन समितिप्रति उत्तरदायी हुने गरी उपाध्यक्षका काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :

(क) अध्यक्षका कार्यहरूमध्ये निजबाट प्रत्यायोजित र तोकिएका कार्य गर्ने,

(ख) अध्यक्षको अनुपस्थितिमा निजबाट तोकिएको उपाध्यक्षले अध्यक्षको काम गर्ने,

(ग) कारणवश अध्यक्ष पद रिक्त हुन आएमा प्रदेश समिति/प्रदेश सञ्चालन समितिले मनोनयन गरेको उपाध्यक्षले आगामी निर्वाचनसम्म कार्यवाहक अध्यक्षको रूपमा कार्य गर्ने, र

(घ) संस्थाको हितको लागि आवश्यक अन्य कार्य गर्ने, गराउने ।

**(३) प्रदेश सचिवको काम, कर्तव्य र अधिकार :**

प्रदेश समिति/प्रदेश सञ्चालन समितिप्रति उत्तरदायी हुने गरी प्रदेश सचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) प्रदेश समिति/प्रदेश सञ्चालन समितिका निर्णयअनुसार प्रदेशसभाको वार्षिक साधारणसभा र महाधिवेशन बोलाउने,

(ख) प्रदेश समिति/प्रदेश सञ्चालन समितिको निर्णयअनुसार प्रदेश सभा र अध्यक्षको निर्देशानुसार समितिको बैठकको कार्यसूची तयार पार्ने, बैठकको निर्णय पुस्तिका राख्ने र आवश्यकतानुसार पत्राचार तथा सूचना प्रकाशन गर्ने,

(ग) अध्यक्षको निर्देशानुसार प्रदेश समिति/प्रदेश सञ्चालन समितिको बैठकको कार्यसूची तयार गर्ने, बैठक बोलाउने, निर्णय अभिलेखन र प्रेषित गर्ने,

(घ) प्रदेश समिति/प्रदेश सञ्चालन समितिका तर्फबाट प्रदेश सभा वार्षिक प्रगति प्रतिवेदन र आगामी वर्षको कार्यक्रम पेश गर्ने,

(ङ) प्रदेश समिति/प्रदेश सञ्चालन समितिका बैठकका निर्णयहरू कार्यान्वयनको अनुगमन गर्ने र

(च) समिति र अध्यक्षद्वारा तोकिएका अन्य कार्यहरू गर्ने, गराउने ।

**(४) कोषाध्यक्षका काम, कर्तव्य र अधिकार :**

प्रदेश समिति/प्रदेश सञ्चालन समितिप्रति उत्तरदायी हुने गरी कोषाध्यक्षका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) प्रदेश वित्त समितिको अध्यक्षको रूपमा कार्य गर्ने,

(ख) लेखा, लेखापरीक्षण, आर्थिक र श्रोत परिचालनका सबै विषयहरूमा अनुगमन निरिक्षण गर्ने र प्रदेश समिति/प्रदेश सञ्चालन समिति र अध्यक्षलाई सल्लाह सुझाव दिने,

(ग) समिति र अध्यक्षद्वारा तोकिएका अन्य कार्यहरू गर्ने गराउने ।

**(५) प्रदेश उपसचिवको काम, कर्तव्य र अधिकार :**

प्रदेश समिति/प्रदेश सञ्चालन समितिप्रति उत्तरदायी हुने गरी प्रदेश उपसचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :

(क) प्रदेश सचिवको अनुपस्थितिमा प्रदेश सचिवको कार्य गर्ने,

(ख) प्रदेश सचिवको काममा सहयोग गर्ने र निजबाट प्रत्यायोजित अन्य कार्य गर्ने र

(ग) अध्यक्षद्वारा तोकिएका अन्य कार्यहरू गर्ने, गराउने ।

DRAFT

**(६) उपकोषाध्यक्षका काम, कर्तव्य र अधिकार :**

प्रदेश समिति/प्रदेश सञ्चालन समितिप्रति उत्तरदायी हुने गरी उपकोषाध्यक्षका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :

(क) संस्थाको वित्त समितिको उपाध्यक्षको रूपमा कार्य गर्ने,

(ख) कोषाध्यक्षको काममा सहयोग गर्ने र निजबाट प्रत्यायोजित कार्य गर्ने र

(ग) अध्यक्षद्वारा तोकिएका अन्य कार्यहरू गर्ने, गराउने ।

**(४) सदस्यहरूको काम, कर्तव्य र अधिकार :**

सदस्यहरूको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :

(क) प्रदेश समिति/प्रदेश सञ्चालन समितिको बैठकमा सहभागी हुने, प्रस्ताव राख्ने, विषयवस्तुमा छलफल गर्ने र राय दिने,

(ख) प्रदेश समिति/प्रदेश सञ्चालन समितिद्वारा निर्धारित भौगोलिक क्षेत्रका साङ्गठनिक निकायसँग नियमित सम्पर्क, रेखदेख, विकास र विस्तारमा समन्वय गर्ने, गराउने,

(ग) निर्धारित साङ्गठनिक निकायमा विधान, आधारभूत सिद्धान्तहरू र आचार-संहिताको पालना गर्ने, गराउने,

(घ) तोकिएको विषयगत समितिमा रही कार्य गर्ने, र

(ङ) प्रदेश समिति/प्रदेश सञ्चालन समितिले निर्धारण गरेका र अध्यक्षले निर्देशन गरेबमोजिम अन्य कार्य गर्ने ।

**(७) प्रदेश निर्देशकको काम, कर्तव्य र अधिकार :**

प्रदेश अध्यक्ष र प्रदेश समिति/प्रदेश सञ्चालन समितिप्रति उत्तरदायी हुनेगरी कार्यकारी प्रमुखका रूपमा निर्देशकका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) प्रदेश सभा र समितिको बैठकमा उपस्थित हुने र निर्णय कार्यान्वयन गर्ने, गराउने,

(ख) कार्यालयको दैनिक प्रशासनिक कार्य सञ्चालन, रेखदेख र नियन्त्रण गर्ने, निर्देशन दिने, प्रदेश समितिबाट स्वीकृत कार्यक्रम, बजेट वा परियोजनाका नीति-नियमअनुरूप कार्यान्वयन, अनुगमन एवं मूल्याङ्कनको व्यवस्था गर्ने, गराउने,

(ग) प्रदेश कार्यालयको आधिकारिक प्रतिनिधिको रूपमा आवश्यक कागजात प्रमाणित गर्ने, गराउने,

(घ) प्रदेश सभा तथा प्रदेश सञ्चालन समितिको निर्णयबमोजिम र अध्यक्षबाट प्रदत्त जिम्मेवारीअनुरूप कार्यसम्पादन गर्ने, गराउने,

(ङ) आफ्ना कार्यसम्पादनलगायत विशेष परिस्थितिका सम्बन्धमा समिति र अध्यक्षलाई नियमित जानकारी गराउने र निर्देशन लिई उपयुक्त उपायहरू अवलम्बन गर्ने,

(च) कर्मचारी र कार्यक्रम स्वयंसेवकको व्यवस्थापन गर्ने, र

(छ) माथि उल्लिखित कार्यका अतिरिक्त करार र कार्यविवरणमा उल्लेख भएका कार्यहरू गर्ने ।

**२९. प्रदेश तदर्थ समितिको व्यवस्था :**

(१) कुनै कारणवश विधिवत् प्रदेश समिति/प्रदेश सञ्चालन समिति गठन हुन नसक्ने स्थिति भएमा राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिले १५ (पन्ध्र) जनासम्मको प्रदेश तदर्थ समिति गठन गर्न सक्ने छ ।

(२) प्रदेश तदर्थ समितिका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :-

(क) विधानअनुसार विधिवत्रूपमा प्रदेश तह सञ्चालन र प्रदेश समिति/प्रदेश सञ्चालन समितिको निर्वाचन गर्न आवश्यक व्यवस्था गर्ने,

(ख) विधानअनुसार प्रदेश तहले गर्नुपर्ने अन्य कार्य गर्ने, र

(ग) सङ्घीय सभाको महाधिवेशन, वार्षिक साधारण सभामा पर्यवेक्षकको रूपमा सहभागी हुने ।

(३) प्रदेश तदर्थ समितिको कार्यअवधि बढीमा एक वर्षको हुनेछ ।

## परिच्छेद - ११
## जिल्ला सभा

**३०. जिल्ला सभाको गठन :**

सोसाइटीको जिल्ला सभा जिल्लाको प्रमुख वैधानिक अङ्ग हुनेछ । जिल्ला सभाको अङ्गको रूपमा अधिवेशन र जिल्ला वार्षिक साधारण सभा रहनेछन् । सामान्यतया जिल्ला सभाको वार्षिक साधारण सभा वर्षको एक पटक र अधिवेशन हरेक चार वर्षमा बस्नेछ ।

**(१) जिल्ला सभाको अधिवेशन :**

जिल्ला सभाको अधिवेशनमा देहायबमोजिम सभासद्हरू रहनेछन् :

(क) जिल्ला समितिका सबै पदाधिकारी र सदस्यहरू,

(ख) पालिका शाखाबाट जिल्ला सभामा देहायबमोजिम सभासद् रहनेछन् :

(१) दश वटासम्म पालिका भएका जिल्लाको हकमा पालिका समितिका सबै पदाधिकारी तथा सदस्यहरू,

(२) एघारदेखी पन्ध्रवटासम्म पालिका भएका जिल्लाको हकमा पालिका समितिले आफुमध्येबाट एक तिहाइ महिलासहित छनोट गरेका एकाउन्न प्रतिशत प्रतिनिधि,

(३) सोह्रदेखि माथि पालिका भएका जिल्लाको हकमा पालिका समितिले आफुमध्येबाट एक तिहाइ महिलासहित छनोट गरेका ३३ प्रतिशत प्रतिनिधि,

(ग) समावेशी सिद्धान्तअनुरूप जिल्ला समितिद्वारा मनोनीत सभासद् - तीन जना

(घ) महिला तथा समावेशी समितिले आफूमध्येबाट छनौट गरेका - एक जना

(ङ) जिल्लाको वित्त समितिले आफूमध्येबाट छनौट गरेका - एक जना

(च) जिल्लाको युवा समितिले आफूमध्येबाट छनौट गरेका - एक जना

(छ) सम्बन्धित जिल्लाबाट प्रतिनिधित्व गर्ने राष्ट्रिय र प्रदेश समिति/प्रदेश सञ्चालन समितिका पदाधिकारी तथा सदस्यहरू,

(ज) जिल्ला समन्वय समिति र जिल्ला प्रशासन कार्यालयका प्रतिनिधि - एक/एक जना,

(झ) जिल्लाभित्रका जुनियर/युवा रेडक्रस सर्कलमध्ये फरक सर्कलबाट जिल्ला समितिले छनोट गरेका एक जना शिक्षक नायक र एक जना संरक्षक गरी प्रतिनिधि - दुई जना।

**(२) जिल्लाको वार्षिक साधारण सभाको गठनः**

जिल्ला सभाको वार्षिक साधारण सभाको गठन देहायबमोजिम सभासद्हरू रहनेछ :

(क) जिल्ला समितिका सबै पदाधिकारी र सदस्यहरू,

(ख) जिल्ला भित्रका पालीका शाखाहरूका सम्पुर्ण पदाधिकारीहरू,

(ग) समावेशी सिद्धान्तअनुरूप जिल्ला समितिद्वारा मनोनीत सभासद् ३ जना

(घ) महिला तथा समावेशी समितिले आफूमध्येबाट छनौट गरेका १ जना

(ङ) जिल्लाको वित्त समितिले आफूमध्येबाट छनौट गरेका १ जना

(च) जिल्लाको युवा समितिले आफूमध्येबाट छनौट गरेका १ जना

(छ) सम्बन्धित जिल्लाबाट प्रतिनिधित्व गर्ने राष्ट्रिय र प्रदेश समिति/प्रदेश सञ्चालन समितिका पदाधिकारी तथा सदस्यहरू,

(ज) जिल्ला समन्वय समिति र जिल्ला प्रशासन कार्यालयका प्रतिनिधि १/१ जना,

(झ) जिल्लाभित्रका जुनियर / युवा रेडक्रस सर्कलमध्ये फरक सर्कलबाट जिल्ला समितिले छनोट गरेका एक जना शिक्षक नायक र एक जना संरक्षक गरी २ जना प्रतिनिधि ।

**३१. जिल्ला अधिवेशन तथा वार्षिक साधारण सभाको काम, कर्तव्य र अधिकारः**

**(१) जिल्ला अधिवेशन**

यस विधानमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त जिल्ला अधिवेशनको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) जिल्लामा समन्वयकारी भूमिकाका लागि आवश्यक नीति तथा निर्देशिका स्वीकृत गर्ने,

(ख) जिल्ला समितिद्वारा प्रस्तुत योजना, वार्षिक प्रगति तथा आर्थिक प्रतिवेदन, गत आर्थिक वर्षको लेखापरीक्षणको प्रतिवेदन र आगामी वर्षको कार्यक्रम तथा आय-व्यय (बजेट) स्वीकृत गर्ने,

(ग) जिल्लामा गठित समितिहरूका प्रतिवेदनउपर अवश्यकतानुसार छलफल र निर्णय गर्ने,

(घ) जिल्ला समितिका पदाधिकारी तथा सदस्यहरूको निर्वाचन गर्ने,

(ङ) वित्त, युवा र महिला तथा समावेशी समिति गठन गर्ने तथा आवश्यकतानुसार अन्य समिति गठन गर्ने,

(च) जिल्ला सभा सञ्चालनसम्बन्धी कार्यविधि र कार्यसूची स्वीकृत गर्ने,

(छ) जिल्ला र पालिका शाखाहरूको लागि लेखापरीक्षक नियुक्त गर्ने, र

(ज) संस्थाको हितमा अन्य निर्णय गर्ने ।

**२. जिल्ला वार्षिक साधारण सभा**

जिल्लाको वार्षिक साधारण सभाका काम, कर्तव्य र अधिकारहरू देहायबमोजिम हुनेछ :

(क) जिल्लामा समन्वयकारी भूमिकाका लागि आवश्यक नीति तथा निर्देशिका स्वीकृत गर्ने

(ख) जिल्ला समितिद्वारा प्रस्तुत योजना, वार्षिक प्रगति तथा आर्थिक प्रतिवेदन, गत आर्थिक वर्षको लेखापरीक्षणको प्रतिवेदन र आगामी वर्षको कार्यक्रम तथा आय-व्यय(बजेट) स्वीकृत गर्ने,

(ग) जिल्लामा गठित समितिहरूका प्रतिवेदनउपर अवश्यकतानुसार छलफल र निर्णय गर्ने,

(घ) जिल्ला सभा सञ्चालनसम्बन्धी कार्यविधि र कार्यसूची स्वीकृत गर्ने,

(ङ) जिल्ला र पालिका शाखाहरूको लागि लेखापरीक्षक नियुक्त गर्ने, र

(च) संस्थाको हितमा अन्य निर्णय गर्ने ।

**३२. जिल्ला सभाको अधिवेशन र वार्षिक साधारण सभाको आह्वान**

(१) जिल्ला अधिवेशन साधारणतया प्रत्येक ४/४ (चार/चार) वर्षमा जिल्ला समितिले तोकेको समय र स्थानमा हुनेछ ।

तर, जिल्ला समितिको आह्वानमा वा जिल्ला सभाका १ (एक) तृतीयांश सदस्यहरूले लिखित रूपमा माग गरेमा सोको १५ (पन्ध्र) दिनभित्र जिल्ला अध्यक्षको निर्देशानुसार विशेष अधिवेशन आह्वान हुन सक्नेछ ।

(२) वार्षिक साधारण सभा प्रत्येक वर्ष जिल्ला समितिले तोकेको समय र स्थानमा हुनेछ । तर, जिल्ला समितिले आवश्यकता महसुस गरेमा वर्षमा एकभन्दा बढी पटक पनि आह्वान गर्न सक्नेछ

(३) जिल्ला सभाको महाधिवेशन तथा वार्षिक साधारण सभा हुनुभन्दा कम्तीमा १० (दस) दिनअगावै जिल्ला समितिले अधिवेशन/वार्षिक साधारण सभाको स्थान, मिति र कार्यसूचीसहितको लिखित सूचना, वार्षिक प्रगति तथा आर्थिक प्रतिवेदन, आगामी आार्थिक वर्षको प्रस्तावित कार्यक्रम तथा बजेट, गत आर्थिक वर्षको लेखापरीक्षणको प्रतिवेदनसहित अन्य आवश्यक कागजात सबै

सभासद्‌हरूलाई पठाउनुपर्ने छ । यस्तो सूचना र प्रतिवेदन विद्युतीय माध्यमबाट पनि पठाउन सकिने छ । यसरी पठाउनुपर्ने सूचना एवं प्रतिवेदनहरू सबै सभासद्‌हरूको लागि सम्बन्धित पालिका कार्यालय वा व्यक्तिगत विद्युतीय ठेगानामा पठाइने छ । तर, विशेष अधिवेशन/साधारण सभाको लागि ७ (सात) दिनअगावै कार्यसूचीसहित लिखित सूचना दिइनेछ ।

## परिच्छेद - १२
## जिल्ला समिति

### ३३. जिल्ला समितिको गठन र अन्य व्यवस्था :

जिल्लामा सोसाइटीका गतिविधिहरूको सञ्चालन, समन्वय र रेखदेखका लागी जिल्ला सभाप्रति जवाफदेही हुने गरी देहायबमोजिम एक्काइस सदस्यीय जिल्ला समितिको गठन हुनेछ :

| | |
|---|---|
| (क) अध्यक्ष | - १ जना |
| (ख) उपाध्यक्ष (एक महिला एक खुला) | - २ जना |
| (ग) सचिव | - १ जना |
| (घ) कोषाध्यक्ष | - १ जना (अध्यक्ष, वित्त समिति) |
| (ङ) उपसचिव | - १ जना |
| (च) उपकोषाध्यक्ष | - १ जना(उपाध्यक्ष, वित्त समिति) |
| (छ) महिला सदस्य | - ३ जना सदस्य |
| (ज) खुला सदस्य | - ३ जना सदस्य |
| (झ) अध्यक्ष र उपाध्यक्ष, युवा आयोग | - २ जना पदेन सदस्य |
| (ञ) अध्यक्ष, महिला तथा समावेशी समिति | - १ जना |
| (ट) जिल्ला समितिबाट एक जना महिलासहित समावेशी सिद्धान्तअनुरूप मनोनित | - २ जना |
| (ठ) तत्काल निवर्तमान अध्यक्ष | - १ जना (पदेन सदस्य) |

तर, अध्यक्ष पदमा उही व्यक्ति दोस्रो पटक निर्वाचित भई वा अन्य कुनै कारणवश समितिमा तत्काल निवर्तमान अध्यक्षको प्रतिनिधित्व रिक्त भएमा सम्बन्धित समितिले सदस्यहरूमध्येबाट १ (एक) जना सदस्य मनोनयन गर्नेछ ।

(ड) जिल्ला समन्वय समिति र जिल्ला प्रशासन कार्यालयका प्रतिनिधि - १/१ जना प्रतिनिधिहरू

(२) जिल्ला समिति जिल्ला सभाप्रति उत्तरदायी हुनेछ ।

(३) जिल्ला समितिको कुनै पनि सदस्य मुनासिब कारणबेगर लगातार ३ (तीन) पटक बैठकमा अनुपस्थित भएमा जिल्ला समितिले निजलाई समितिको सदस्यबाट हटाउन सक्नेछ ।

(४) जिल्ला समितिसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

DRAFT

(५) जिल्लास्तरमा पनि सञ्चालन र व्यवस्थापन छुट्याइने छ । पूर्णकालीन प्रमुख अधिकृत नियुक्त गर्ने अवस्था नभएमा विकल्पको रूपमा आंशिक समय कार्य गर्ने वा स्वयंसेवी प्रमुख अधिकृतको व्यवस्था जिल्ला समितिले गर्न सक्नेछ । तर, तत्काल सञ्चालन र व्यवस्थापन छुट्याइ कार्य सञ्चालन गर्ने अवस्था नभएमा जिल्ला समितिका सचिवले व्यवस्थापनको कार्य गर्ने गरी जिल्ला समितिले जिम्मेवारी दिन सक्ने छ ।

## ३४. जिल्ला समितिको काम, कर्तव्य र अधिकार :

जिल्ला सभाको अधीनमा रही जिल्ला समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) जिल्लाको नीति, योजना, कार्यक्रम तथा बजेट तयार गरी जिल्ला सभा समक्ष निर्णयार्थ पेश गर्ने,

(ख) जिल्ला सभाद्वारा पारित योजना तथा कार्यक्रम सचिवमार्फत् कार्यान्वयन गराउने,

(ग) आवश्यक कर्मचारीहरूको दरबन्दी सिर्जना र खारेज गर्ने,

(घ) जिल्लामा गठित वैधानिक समितिहरूका प्रतिवेदन सम्बन्धित सभामा पेश गर्ने,

(ङ) सम्पतिको खरिद, प्राप्ति, उपभोग, संरक्षण, परिचालन गर्ने, गराउने तर अचल सम्पती विक्री गर्नुपरेमा वा हक छाडी दिनुपरेमा राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिको स्वीकृति लिई मात्र गर्ने,

(च) जिल्लास्तरमा सरकारी, गैरसरकारी, साझेदार र दातृ निकायहरूसँग सम्पर्क, समन्वय र सहकार्य गर्ने,

(छ) जिल्ला समिति र पालिका शाखाहरूको आयव्यय दुरूस्त राख्न लगाउने र वार्षिक लेखापरीक्षण प्रतिवेदन जिल्ला सभामा पेश गर्ने, पारित लेखापरीक्षण प्रतिबेदन प्रदेश र राष्ट्रीय कार्यालयमा पठाउने,

(ज) प्रदेश र राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिसंग नबाझिने गरी संस्थाको लागि आवश्यक विनियम तथा निर्देशिकाहरू बनाई कार्यान्वयन गर्ने, गराउने,

(झ) जिल्ला समितिअन्तर्गत विषयगत समिति गठन, कार्य-क्षेत्र निर्धारण र अधिकार प्रत्यायोजन गर्नसक्ने,

(ञ) संस्थाको उद्देश्यअनुरूप कुनै कार्यक्रम वा परियोजनाको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्ने, गराउने,

(ट) वैधानिक सभा तथा बैठकमा प्रतिनिधि वा प्रतिनिधि-मण्डल पठाउने, आमन्त्रण गर्ने,

(ठ) कुनै कारणवश जिल्ला अध्यक्ष पद रिक्त हुन गएमा अर्को निर्वाचन नभएसम्म उपाध्यक्ष मध्ये एक जनालाई कार्यवाहक अध्यक्ष तोक्ने,

(ड) कुनै कारणवश जिल्ला समितिका अन्य पदाधिकारी रिक्त हुन गएमा जिल्ला समितिका सदस्यमध्येबाट मनोनयन गर्ने,

(ढ) कुनै कारणवश सदस्यको पद रिक्त हुन गएमा आगामी जिल्ला सभाबाट अनुमोदन हुने गरी रेडक्रस सदस्यमध्येबाट बाँकी अवधिको लागि मनोनयन गर्ने,

(ण) आवश्यकताअनुसार सल्लाहकार तथा सल्लाहकार समिति नियुक्त गर्ने,

(त) जिल्लाका गतिविधिहरूको आवधिक समीक्षा गर्ने,

DRAFT

(थ) जिल्ला समितिका पदाधिकारी तथा सदस्यहरूलाई आवश्यकताअनुसार भौगोलिक क्षेत्रको आधारमा पालिका शाखाहरूको समन्वयको जिम्मेवारी दिने,

(द) स्थानीय तहमा पालिका शाखा गठन र सुदृढीकरणका लागि समन्वय गर्ने,

(ध) संस्थाको हितको लागि आवश्यक अन्य कार्य गर्ने, गराउने र

(न) पालिका शाखाहरूको लेखापरीक्षण गराउने, प्रतिवेदन एकीकृत गर्ने र सम्बन्धित पालिका शाखाबाट लेखापरीक्षण शुल्क लिने ।

**३५. जिल्ला समितिको बैठक :**

(१) अध्यक्षको निर्देशानुसार साधारणतया २ (दुई) महिनाभन्दा बढी अवधिको फरक नपर्ने गरी जिल्ला समितिको बैठक बस्नेछ । यस्तो बैठकको सूचना साधारणतया ७ (सात) दिन अगाडि पठाउनु पर्नेछ । तर, आकस्मिक बैठक जहिलेसुकै पनि बस्न सक्नेछ । यस्ता बैठक स्वयम् उपस्थिति वा विद्युतीय माध्यमबाट हुनेछ ।

(२) उपदफा (१) बमोजिम बैठक नबोलाइएमा जिल्ला समितिका एक-तृतीयांश सदस्यहरूको आग्रहमा उपाध्यक्षले बैठक बोलाउने छ ।

(३) उपदफा (२) बमोजिम बैठक नबोलाइएमा जिल्ला समितिका एक-तृतीयांश सदस्यहरूको आग्रहमा सचिवले बैठक बोलाउनु पर्नेछ । त्यस्तो बैठकमा अध्यक्ष र उपाध्यक्ष अनुपस्थित भएमा जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्ने छ ।

**३६. जिल्ला समितिका पदाधिकारी तथा सदस्यहरूको काम, कर्तव्य र अधिकार :**

जिल्ला समितिका पदाधिकारी तथा सदस्यहरूको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन्:

**(१) अध्यक्षको काम, कर्तव्य तथा अधिकार :**

अध्यक्ष जिल्ला सभा र जिल्ला समिति प्रति उत्तरदायी रहनेछन् । अध्यक्षका कार्यहरू देहायबमोजिम हुनेछ :

(क) जिल्ला समितिको तर्फबाट प्रतिनिधित्व गर्ने, गराउने,

(ख) जिल्ला सभामा संस्थाको समिक्षात्मक सम्बोधन गर्ने,

(ग) जिल्ला सभा तथा जिल्ला समितिद्वारा गरिएका निर्णयहरूको कार्यान्वयनको रेखदेख, अनुगमन, निरीक्षण र नियन्त्रण गर्ने, गराउने,

(घ) कुनै व्यक्ति, संस्था वा सरकारसँग संस्थाको हितमा रणनीतिक सम्झौता गर्ने, गराउने,

(ङ) जिल्लाभित्रका संस्थाका विभिन्न अङ्गका कामहरूको समन्वय गर्ने, साथै जिल्ला सभा तथा जिल्ला समितिद्वारा प्रत्यायोजित सबै कामहरू गर्ने, गराउने,

(च) जिल्लामा विपद् परेको समयमा अत्यावश्यक सङ्कटकालीन उद्धार कार्य गर्न रेडक्रसका सिद्धान्तबमोजिम सहयोगका लागि अपिल तथा अन्य आवश्यक सबै व्यवस्था गर्ने, गराउने,

(छ) जिल्ला समितिको बैठक नबसेको अवस्थामा कुनै कार्य गर्न आवश्यक देखिएमा सो कार्य गरी आगामी बैठकमा अनुमोदनका लागि पेश गर्ने, गराउने,

(ज) जिल्ला समितिका पदाधिकारी तथा सदस्यहरू तालिम, गोष्ठी, बैठक, सम्मेलनहरूमा सहभागी पठाउन स्वीकृति दिने, र

(झ) संस्थाको हितको लागि आवश्यक अन्य कार्य गर्ने, गराउने ।

**(२) उपाध्यक्षका काम, कर्तव्य र अधिकार :**

अध्यक्ष र जिल्ला समितिप्रति उत्तरदायी हुने गरी उपाध्यक्षका काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) अध्यक्षका कार्यहरूमध्ये निजबाट प्रत्यायोजित र तोकिएका कार्य गर्ने,

(ख) अध्यक्षको अनुपस्थितिमा निजबाट तोकिएको उपाध्यक्षले अध्यक्षको काम गर्ने,

(ग) कारणवश अध्यक्ष पद रिक्त हुन आएमा जिल्ला समितिले मनोनयन गरेको उपाध्यक्षले आगामी निर्वाचनसम्म कार्यवाहक अध्यक्षको रूपमा कार्य गर्ने, र

(घ) संस्थाको हितको लागि आवश्यक अन्य कार्य गर्ने, गराउने ।

**(३) सचिवको काम, कर्तव्य र अधिकार :**

जिल्ला समितिप्रति उत्तरदायी हुने गरी प्रदेश सचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) जिल्ला समितिको निर्णयअनुसार जिल्ला सभाको वार्षिक साधारणसभा र महाधिवेशन बोलाउने,

(ख) जिल्ला समितिको निर्णयअनुसार जिल्ला सभाको र अध्यक्षको निर्देशानुसार समितिको बैठकको कार्यसूची तयार पार्ने, बैठकको निर्णय पुस्तिका राख्ने र आवश्यकतानुसार पत्राचार तथा सूचना प्रकाशन गर्ने,

(घ) अध्यक्षको निर्देशानुसार जिल्ला समितिको बैठकको कार्यसूची तयार गर्ने, बैठक बोलाउने, निर्णय अभिलेखन र प्रेषित गर्ने,

(ङ) जिल्ला समितिका तर्फबाट जिल्ला सभामा वार्षिक प्रगति प्रतिवेदन र आगामी वर्षको कार्यक्रम पेश गर्ने,



DRAFT

(च) जिल्ला समितिका बैठकका निर्णयहरू कार्यान्वयनको अनुगमन गर्ने,

(छ) समिति र अध्यक्षद्वारा तोकिएका अन्य कार्यहरू गर्ने, गराउने ।

**(४) कोषाध्यक्षका काम, कर्तव्य र अधिकार :**

जिल्ला समितिप्रति उत्तरदायी हुने गरी कोषाध्यक्षका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) जिल्ला वित्त आयोगको अध्यक्षको रूपमा कार्य गर्ने,

(ख) लेखा, लेखापरीक्षण, आर्थिक र श्रोत परिचालनका सबै विषयहरूमा अनुगमन निरीक्षण गर्ने र जिल्ला समिति र अध्यक्षलाई सल्लाह सुझाव दिने,

(ग) समिति र अध्यक्षद्वारा तोकिएका अन्य कार्यहरू गर्ने गराउने ।

**(५) उपसचिवको काम, कर्तव्य र अधिकार :**

जिल्ला समितिप्रति उत्तरदायी हुने गरी उपसचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) सचिवको अनुपस्थितिमा सचिवले गर्ने कार्य गर्ने,

(ख) सचिवको काममा सहयोग गर्ने र निजबाट प्रत्यायोजित अन्य कार्य गर्ने, र

(ग) अध्यक्षद्वारा तोकिएका अन्य कार्यहरू गर्ने, गराउने ।

**(६) उपकोषाध्यक्षका काम, कर्तव्य र अधिकार :**

जिल्ला समितिप्रति उत्तरदायी हुने गरी उपकोषाध्यक्षका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :

(क) जिल्ला वित्त समितिको उपाध्यक्षको रूपमा कार्य गर्ने,

(ख) कोषाध्यक्षको काममा सहयोग गर्ने र निजबाट प्रत्यायोजित कार्य गर्ने, र

(ग) अध्यक्षद्वारा तोकिएका अन्य कार्यहरू गर्ने, गराउने ।

**(७) जिल्ला समितिका सदस्यहरूको काम, कर्तव्य र अधिकार :**

सदस्यहरूका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) जिल्ला समितिको बैठकमा सहभागी हुने, प्रस्ताव राख्ने, विषयवस्तुमा छलफल गर्ने र राय दिने,

(ख) जिल्ला समितिद्वारा निर्धारित पालिका शाखालगायतका साङ्गठनिक निकायसँग नियमित सम्पर्क, रेखदेख, विकास र विस्तारमा समन्वय गर्ने, गराउने,

(ग) निर्धारित साङ्गठनिक निकायमा विधान, आधारभूत सिद्धान्तहरू र आचार-संहिताको पालना गर्ने, गराउने, र

(घ) जिल्ला सञ्चालन समितिले निर्धारण गरेका र अध्यक्षले निर्देशन गरेबमोजिम अन्य कार्य गर्ने ।

**(८) प्रमुख अधिकृतको काम कर्तव्य र अधिकार :**

अध्यक्ष र जिल्ला समितिप्रति उत्तरदायी हुनेगरी कार्यकारी प्रमुखका रूपमा प्रमुख अधिकृतका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) जिल्ला सभा र समितिको बैठकमा उपस्थित हुने र निर्णय कार्यान्वयन गर्ने, गराउने ।

(ख) कार्यालयको दैनिक प्रशासनिक कार्य सञ्चालन, रेखदेख र नियन्त्रण गर्ने, निर्देशन दिने, जिल्ला समितिबाट स्वीकृत कार्यक्रम, बजेट वा परियोजनाका नीति-नियमअनुरूप कार्यान्वयन, अनुगमन एवं मूल्याङ्कनको व्यवस्था गर्ने, गराउने,

(ग) जिल्ला कार्यालयको आधिकारिक प्रतिनिधिको रूपमा आवश्यक कागजात प्रमाणित गर्ने, गराउने,

(घ) जिल्ला सभा तथा समितिको निर्णयबमोजिम र अध्यक्षबाट प्रदत्त जिम्मेवारीअनुरूप कार्यसम्पादन गर्ने, गराउने,

(ङ) आफ्ना कार्यसम्पादनलगायत विशेष परिस्थितिका सम्बन्धमा समिति र अध्यक्षलाई नियमित जानकारी  गराउने र निर्देशन लिई उपयुक्त उपायहरू अवलम्बन गर्ने,

(च) कर्मचारी र कार्यक्रम स्वयंसेवकको व्यवस्थापन गर्ने, र

(छ) माथि उल्लिखित कार्यका अतिरिक्त करार र कार्यविवरणमा उल्लेख भएका कार्यहरू गर्ने ।

**३७. जिल्ला तदर्थ समितिको व्यवस्था :**

(१) कुनै कारणवश विधिवत् जिल्ला समिति गठन हुन नसक्ने स्थिति भएमा प्रदेश समिति/प्रदेश सञ्चालन समितिले १५ (पन्ध्र) जनासम्मको जिल्ला तदर्थ समिति गठन गर्न सक्ने छ ।

(२) जिल्ला तदर्थ समितिका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) विधानअनुसार विधिवत्रूपमा जिल्ला तह सञ्चालन र जिल्ला समितिको निर्वाचन गर्न आवश्यक व्यवस्था गर्ने,

(ख) विधानअनुसार जिल्ला तहले गर्नुपर्ने अन्य कार्य गर्ने, र

(ग) प्रदेश सभा र सङ्घीय सभाको महाधिवेशन र वार्षिक साधारण सभामा पर्यवेक्षकको रूपमा भाग लिने ।

(३) जिल्ला तदर्थ समितिको कार्य अवधि बढीमा एक वर्षको हुनेछ ।



DRAFT

# परिच्छेद - १३
# पालिका सभा

**३८. पालिका सभाको गठन :**

जिल्लाभित्र सबै पालिकामा सोसाइटीको पालिका शाखा रहने छन् । पालिका सभा पालिकाको प्रमुख वैधानिक अङ्ग हुनेछ । पालिका सभाको अङ्गको रूपमा पालिका अधिवेशन र वार्षिक साधारण सभा रहनेछन् । सामान्यतया पालिका सभाको वार्षिक साधारण सभा वर्षको एक पटक र अधिवेशन हरेक चार वर्षमा बस्नेछ । पालिका समितिको निर्वाचन अधिवेशनबाट हुनेछ । पालिका सभा गठन गर्नका लागि गाउँपालिकामा न्यूनतम ५१ जना, नगरपालिकामा १५० जना, उपमहानगरपालिकामा २०० जना र महानगरपालिकामा ३०० जना सदस्य आवश्यक हुनेछ ।

**(१) पालिका सभाको अधिवेशन :**

पालिका सभाको अधिवेशनमा देहायबमोजिम सभासद्हरू रहनेछ :

(क) पालिका शाखामा पञ्जीकृत सबै सदस्यहरू । तर सदस्य भएको तीस दिन पूरा भएपछि मात्र सदस्यहरूले निर्वाचनमा भाग लिन पाउने छन् ।

(ख) पालिका समितिबाट पालिकाभित्रका जुनियर तथा युवा रेडक्रस सर्कलका सदस्यमध्येबाट दुई जना (१ जना छात्र १ जना छात्रा) र संरक्षकमध्येबाट १ जना र शिक्षकनायक/सहशिक्षक नायकमध्येबाट १ जना गरी मनोनित जम्मा चार जना प्रतिनिधि पालिका सभाका सदस्य हुनेछन् ।

(ग) पालिकास्तरीय वित्त, महिला तथा समावेशी र युवा समितिका सबै सदस्यहरू,

(घ) सम्बन्धित स्थानीय तहका प्रतिनिधि - एक जना ।

(ङ) पालिका शाखाको नाम सम्बन्धित पालिकाको नामबाट राखिनेछ । सामान्यतया पालिका शाखाको कार्यालय पालिकाको केन्द्र रहेको स्थानमा रहनेछ । तर, भौतिक पूर्वाधारको अवस्था हेरी पालिका समितिको निर्णयानुसार पालिकाभित्रको पायक पर्ने स्थानमा राख्न सकिने छ ।

**(२) पालिका सभाको वार्षिक साधारण सभा :**

पालिकाभित्र ५०० जनासम्म सदस्य भएमा सबै सदस्यहरू पालिका सभाको वार्षिक साधारण सभाका सभासद् हुनेछन् । सोभन्दा बढी सदस्य संख्या भएका पालिकाहरूमा देहायबमोजिम पालिका सभाको वार्षिक साधारण सभाको सभासद रहनेछ :

(१) पालिका सञ्चालन समितिका सबै सदस्यहरू,

(२) पालिका अन्तर्गतका वडा समिति/संयुक्त वडा समितिमा रहेका सबै सदस्यहरू,

(३) पालिका समितिबाट पालिकाभित्रका जुनियर तथा युवा रेडक्रस सर्कलका सदस्यमध्येबाट २ जना (१ जना छात्र १ जना छात्रा) र संरक्षकमध्येबाट १ जना र शिक्षकनायक/सहशिक्षक नायकमध्येबाट १ जना गरी मनोनित जम्मा प्रतिनिधि - ४ जना ।

(४) पालिकास्तरीय वित्त, महिला तथा समावेशी र युवा समितिका सबै सदस्यहरू ।

(५) सम्बन्धित स्थानीय तहका प्रतिनिधि - एक जना ।

DRAFT

**(३) पालिका सभाको अधिवेशन र वार्षिक सभाको आह्वान :**

(१) पालिका समितिले कार्यसूचीसहित १५ (पन्ध्र) दिनअगावै सम्बन्धित पालिका सभाका सदस्यहरूलाई सार्बजनिक सूचना दिई कम्तीमा वर्षको एक पटक सभा बोलाउनु पर्नेछ ।

(२) पालिका समितिको आह्वानमा वा पालिका सभाका एक-तृतीयांश सदस्यहरूले मुनासिब कारण देखाई अधिवेशनको माग गरेमा सोको १५ (पन्ध्र) दिनभित्र र विशेष अधिवेशनको हकमा सात दिनको सूचना दिई बोलाउनु पर्नेछ ।

**(४) पालिका सभाका काम, कर्तव्य तथा अधिकार :** पालिका शाखा सभाका काम, कर्तव्य तथा अधिकार देहायबमोजिम हुनेछ :

(क) पालिका सभाको अधिवेशनको कार्यसूची स्वीकृत गर्ने र कार्यसूचीका सबै विषयमा छलफल तथा निर्णय गर्ने,
(ख) पालिका समितिको तर्फबाट सचिवद्वारा प्रस्तुत योजना, वार्षिक प्रगति तथा आर्थिक प्रतिवेदन, गत आर्थिक वर्षको लेखापरीक्षणको प्रतिवेदन र आगामी वर्षको कार्यक्रम तथा आय-व्यय (बजेट) स्वीकृत गर्ने,
(ग) पालिका शाखाको बृहत्तर नीति निर्माण तथा दिशानिर्देश गर्ने, प्रस्तावहरू पारित गर्ने र कार्यान्वयनका लागि पालिका समितिलाई निर्देशन दिने,
(घ) वैधानिक समितिहरूका प्रतिवेदनउपर आवश्यकतानुसार छलफल र निर्णय गर्ने,
(ङ) पालिका समितिको निर्वाचन गर्ने,
(च) आवश्यकताअनुसार समिति, उपसमिति तथा कार्यदल गठन गर्ने, गराउने,
(छ) पालिका शाखाको कार्यक्षेत्रमा रेडक्रसका मूल्य, मान्यता र आधारभूत सिद्धान्तको सार्वजनिक रूपमा प्रचार-प्रसार गर्ने, गराउने,
(ज) पालिका शाखाको क्षेत्रभित्र आचार-संहिताको पालना सुनिश्चित गर्ने, गराउने, र
(झ) संस्थाको सरोकारका स्थानीय विषयमा निर्णय गर्ने ।

## परिच्छेद - १४
## पालिका समिति

**३९. गठन र अन्य व्यवस्था :**

**(१) गठन :** पाालिका शाखाको नीति निर्माण तथा कार्य सञ्चालनको रेखदेखका लागि अध्यक्षलगायत सामान्यतया गाउँपालिकामा १५ (पन्ध्र) जना, नगरपालिकामा १९ (उन्नाइस) जना उपमहानगरपालिका र महानगरपालिकामा २१ (एक्काइस) जनाको एक समिति रहनेछ ।

DRAFT

**(क) पालिका समिति :** पालिका सभाको अधिवेशनबाट निर्वाचित निम्नानुसार पदाधिकारी तथा सदस्यहरू पालिका समितिमा रहनेछ :

| **क्रस** | **पद** | **गाउँपालिका शाखामा १७ जना** | **नगरपालिका शाखामा १९ जना** | **उप/महानगरपालिका शाखामा २१ जना** |
|---|---|---|---|---|
| १ | अध्यक्ष | १ जना | १ जना | १ जना |
| २ | उपाध्यक्ष (महिला र खुला) | २ जना | २ जना | २ जना |
| ३ | सचिव | १ जना | १ जना | १ जना |
| ४ | कोषाध्यक्ष | १ जना | १ जना | १ जना |
| ५ | उपसचिव | १ जना | १ जना | १ जना |
| ६ | उपकोषाध्यक्ष | १ जना | १ जना | १ जना |
| ७ | महिला सदस्य | ३ जना | ४ जना | ४ जना |
| ८ | खुला सदस्य | २ जना | ३ जना | ५ जना |
| **जम्मा निर्वाचित** | | **१२ जना** | **१४ जना** | **१६ जना** |
| पदेन तथा प्रतिनिधि सदस्यहरू | | ५ जना | ५ जना | ५ जना |

**(ख) पदेन तथा प्रतिनिधि सदस्यहरू :**

(१) अध्यक्ष र उपाध्यक्ष युवा समिति - २ (दुई) जना

(२) अध्यक्ष, महिला तथा समावेशी समिति - १ (एक) जना

(३) पालिका समितिबाट मनोनीत - १ (एक) जना सदस्य

(४) स्थानीय तहका प्रतिनिधि - १ (एक) जना

(५) सम्बन्धित पालिका शाखाबाट जिल्ला समितिमा रहेका पदाधिकारी तथा सदस्यहरू पालिका शाखाको समितिमा आमन्त्रित सदस्यको रूपमा रहनेछन् ।

(ग) निर्वाचित, मनोनित तथा पदेन सदस्यहरूको पदावधि समितिको कार्य अवधिसम्म रहनेछ । कुनै कारणवश कार्य अवधि समाप्त हुनुभन्दा अगावै निर्वाचन भएमा पनि कार्य अवधि समाप्त भएको मानिनेछ ।

(घ) पालिका समिति पालिका सभाप्रति उत्तरदायी हुनेछ ।

## २. पालिका समितिको बैठक

(१) अध्यक्षको निर्देशानुसार साधारणतया २ (दुई) महिनाभन्दा बढी अवधिको फरक नपर्ने गरी पालिका समितिको बैठक बस्नेछ । यस्तो बैठकको सूचना साधारणतया ७ (सात) दिनअगाडि पठाउनु पर्ने छ । तर, आकस्मिक बैठक जहिलेसुकै पनि बस्न सक्नेछ । यस्ता बैठक स्वयम् उपस्थिति वा विद्युतीय माध्यमबाट हुनेछ ।

DRAFT

(२) उपदफा (१) बमोजिम बैठक नबोलाइएमा पालिका समितिका एक-तृतीयांश सदस्यहरूको आग्रहमा उपाध्यक्षले बैठक बोलाउने छ ।

(३) उपदफा (२) बमोजिम बैठक नबोलाइएमा पालिका समितिका एक-तृतीयांश सदस्यहरूको आग्रहमा सचिवले बैठक बोलाउनु पर्नेछ । त्यस्तो बैठकमा अध्यक्ष र उपाध्यक्ष अनुपस्थित भएमा जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्ने छ ।

(४) कुनै पनि सदस्य मुनासिब कारणविना लगातार ३ (तीन) पटक बैठकमा अनुपस्थित भएमा पालिका समितिले त्यस्ता व्यक्तिलाई पालिका समितिको सदस्यबाट हटाउन सक्नेछ ।

(५) पालिकास्तरमा पनि सञ्चालन र व्यवस्थापन छुट्याइने छ । पूर्णकालीन प्रमुख अधिकृत नियुक्त गर्ने अवस्था नभएमा विकल्पको रूपमा आंशिक समय कार्य गर्ने वा स्वयंसेवी प्रमुख अधिकृतको व्यवस्था पलिका समितिले गर्न सक्नेछ ।

## ३. पालिका सञ्चालन समितिका काम, कर्तव्य र अधिकार :

पालिका सभाको निर्देशनको अधीनमा रही पालिका समितिका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) पालिका सभामा गत आर्थिक वर्षको प्रगति प्रतिवेदन, लेखापरीक्षणको प्रतिवेदन र आगामी वर्षको कार्यक्रम तथा आय-व्यय (बजेट) निर्णयार्थ पेश गर्ने,

(ख) पालिकाका सबै वडामा वडा समिति/संयुक्त वडा समिति गठन गर्ने,

(ग) आफ्नो क्षेत्रमा रेडक्रसका सिद्धान्तअनुरूप कार्यक्रमहरूको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने, गराउने,

(घ) वैधानिक समितिका प्रतिवेदन सम्बन्धित सभामा पेश गर्ने,

(ङ) जिल्ला समिति तथा पालिका सभाद्वारा दिइएका निर्देशन पालन गर्ने र पालिका शाखाका अनिवार्य दायित्वहरू पूरा गर्ने, गराउने,

(च) जिल्ला समितिसँग नियमित सम्पर्क गर्ने र त्रैमासिक तथा वार्षिक प्रगति प्रतिवेदन पठाउने,

(छ) आवश्यकताअनुसार समिति, उपसमिति, जुनियर तथा युवा रेडक्रस सर्कलको गठन गरी कार्यक्षेत्र निर्धारण तथा कुनै निकाय वा व्यक्तिलाई अधिकार प्रत्यायोजन गर्ने,

(ज) चल-अचल सम्पत्ति खरीद गर्ने र अन्य कुनै किसिमसँग हक छोडाई लिने, तर अचल सम्पत्ति बिक्री गर्नुपरेमा जिल्ला समितिको सिफारिसमा प्रदेश समितिको पूर्व-स्वीकृति लिई मात्र गर्ने,

(झ) कुनै स्वदेशी व्यक्ति वा निकायसँग प्रचलित कानुनबमोजिम सम्झौता गर्ने,

(ञ) प्रत्येक आर्थिक वर्ष राष्ट्रिय सञ्चालन समितिद्धारा निर्धारित वार्षिक शुल्क अग्रिमरूपमा प्रदेश कार्यालय र दफा ११ (च) बमोजिमको सदस्यता शुल्कवापत् तोकिएको रकम जिल्ला समितिलाई बुझाउने,

(ट) साधारण, आजीवन तथा सङ्गठित निकायलाई संस्थागत सदस्यता प्रदान गर्ने । साथै, विशिष्ट र यशस्कर सदस्यताका लागि प्रदेश समितिमा र मानार्थ सदस्यताका लागि जिल्ला समितिमार्फत राष्ट्रिय समितिमा सिफारिस गर्ने,

DRAFT

(ठ) कुनै कारणवश अध्यक्ष पद रिक्त हुन गएमा अर्को निर्वाचन नभएसम्म उपाध्यक्ष मध्येबाट एक जनालाई  कार्यवाहक अध्यक्ष तोक्ने,

(ड) कुनै कारणवश समितिका अन्य पदाधिकारी रिक्त हुन गएमा पालिका समितिका सदस्यमध्येबाट मनोनयन गर्ने,

(ढ) कुनै कारणवश सदस्यको पद रिक्त हुन गएमा आगामी पालिका सभाबाट अनुमोदन हुने गरी रेडक्रस सदस्यमध्येबाट बाँकी अवधिको लागि मनोनयन गर्ने,

(ण) आवश्यकताअनुसार सल्लाहकार नियुक्ति गर्ने,

(त) रेडक्रसकर्मीहरूको आचार-संहिता पालना गराउने,

(थ) स्थानीयस्तरमा संस्थाको हितमा आवश्यक कार्य गर्ने, गराउने,

(द) वडाहरूमा आवश्यकता अनुसार वडा समिति/संयुक्त वडा समिति गठन र परिचालन गर्ने र

(ध) यस विधानबमोजिम अन्य कार्य गर्ने, गराउने ।

**४. पदाधिकारीहरूका काम, कर्तव्य र अधिकार :**

**(१) अध्यक्षका काम, कर्तव्य र अधिकार :**

पालिका सभा र समितिप्रति उत्तरदायी हुने गरी अध्यक्षका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) पालिका सभा र पालिका समितिका निर्णयहरू कार्यान्वयन गर्ने, गराउने,

(ख) माथिल्लो निकाय वा समितिद्वारा दिइएका निर्देशन पालन गर्ने, गराउने,

(ग) पालिका शाखाको सम्पत्तिको जिम्मा लिने, रेखदेख र नियन्त्रण गर्ने,

(घ) पालिका शाखा क्षेत्रभित्रका कुनै व्यक्ति, संस्था वा सरकारी निकायसँग रणनीतिक सम्झौता गर्ने, गराउने, र

(ङ) पालिका समितिको बैठक नबसेको अवस्थामा शाखासम्बन्धी कुनै काम गर्न आवश्यक भएमा सो काम गरी समितिको आगामी बैठकमा अनुमोदनका लागि पेश गर्ने ।

**(२) उपाध्यक्षका काम, कर्तव्य र अधिकार :-**

अध्यक्ष र पालिका समितिप्रति उत्तरदायी हुने गरी उपाध्यक्षका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) अध्यक्षका कार्यहरूमध्ये निजबाट तोकिएका कार्य गर्ने,

(ख) अध्यक्षको अनुपस्थितिमा अध्यक्षको काम गर्ने र कुनै कारणवश अध्यक्षको पद रिक्त हुन गएमा आगामी निर्वाचन नभएसम्म कार्यवाहक अध्यक्षको रूपमा काम गर्ने, र

(ग) संस्थाको हितसम्बन्धी आवश्यक अन्य कार्य गर्ने ।

**(३) सचिवको काम, कर्तव्य र अधिकार :**

पालिका समितिप्रति उत्तरदायी हुने गरी सचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) पालिका समितिको निर्णयअनुसार पालिका सभाको वार्षिक साधारणसभा र अधिवेशन बोलाउने,

(ख) पालिका समितिको निर्णयअनुसार पालिका सभाको र अध्यक्षको निर्देशानुसार समितिको बैठकको कार्यसूची तयार पार्ने, बैठकको निर्णय पुस्तिका राख्ने र आवश्यकतानुसार पत्राचार तथा सूचना प्रकाशन गर्ने,

(ग) अध्यक्षको निर्देशानुसार पालिका समितिको बैठकको कार्यसूची तयार गर्ने, बैठक बोलाउने, निर्णय अभिलेखन र प्रेषित गर्ने,

(घ) पालिका समितिका तर्फबाट पालिका सभामा वार्षिक प्रगति प्रतिवेदन र आगामी वर्षको कार्यक्रम पेश गर्ने,

(ङ) पालिका समितिको बैठकका निर्णयहरू कार्यान्वयनको अनुगमन गर्ने, र

(च) समिति र अध्यक्षद्वारा तोकिएका अन्य कार्यहरू गर्ने, गराउने ।

**(४) कोषाध्यक्षका काम, कर्तव्य र अधिकार :**

पालिका समितिप्रति उत्तरदायी हुने गरी कोषाध्यक्षका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) पालिका वित्त समितिको अध्यक्षको रूपमा कार्य गर्ने,

(ख) लेखा, लेखापरीक्षण, आर्थिक र श्रोत परिचालनका सबै विषयहरूमा अनुगमन निरिक्षण गर्ने र पालिका समिति र अध्यक्षलाई सल्लाह सुझाव दिने, र

(ग) समिति र अध्यक्षद्वारा तोकिएका अन्य कार्यहरू गर्ने गराउने ।

**(५) उपसचिवको काम, कर्तव्य र अधिकार :**

पालिका समितिप्रति उत्तरदायी हुने गरी उपसचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) सचिवको अनुपस्थितिमा सचिवले गर्ने कार्य गर्ने,

(ख) सचिवको काममा सहयोग गर्ने र निजबाट प्रत्यायोजित कार्य गर्ने, र

(ग) अध्यक्षद्वारा तोकिएका अन्य कार्यहरू गर्ने, गराउने ।

**(६) उपकोषाध्यक्षका काम, कर्तव्य र अधिकार :**

पालिका समितिप्रति उत्तरदायी हुने गरी उपकोषाध्यक्षका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :



DRAFT

(क) पालिका वित्त समितिको उपाध्यक्षको रूपमा कार्य गर्ने,

(ख) कोषाध्यक्षको काममा सहयोग गर्ने र निजबाट प्रत्यायोजित कार्य गर्ने, र

(ग) अध्यक्षद्वारा तोकिएका अन्य कार्यहरू गर्ने, गराउने ।

**(७) सदस्यहरूको काम, कर्तव्य र अधिकार :**

सदस्यहरूको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :

(क) पालिका समितिको बैठकमा सहभागी हुने, प्रस्ताव राख्ने, विषयवस्तुमा छलफल गर्ने र राय दिने,

(ख) पालिका समितिद्वारा निर्धारित क्षेत्रमा नियमित सम्पर्क, रेखदेख, समन्वय र रेडक्रस ज्ञानको प्रचार-प्रसार गर्ने, गराउने,

(ग) तोकिएका वडाहरूमा आवश्यकतानुसार सुपरिवेक्षण, अनुगमन गर्ने,

(घ) तोकिएका कार्यक्रमहरूका सम्बन्धमा सहयोग र रेखदेख पुऱ्याउने,

(ङ) पालिकामा रेडक्रसकर्मीहरूद्वारा आचार-संहिताको पालना सुनिश्चित गर्ने, गराउने,

(च) पालिका समितिले निर्धारण गरेका अन्य कार्य गर्ने, र

(छ) तोकिएको विषयगत समितिमा रही काम गर्ने ।

**(८) प्रमुख अधिकृतको काम कर्तव्य र अधिकार :**

अध्यक्ष र पालिका समितिप्रति उत्तरदायी हुने गरी व्यवस्थापनका प्रमुखका रूपमा रहने प्रमुख अधिकृतका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :

(क) पालिका सभा र समितिको बैठकमा उपस्थित हुने र निर्णय कार्यान्वयन गर्ने, गराउने ।

(ख) कार्यालयको दैनिक प्रशासनिक कार्यसञ्चालन, रेखदेख र नियन्त्रण गर्ने, निर्देशन दिने, पालिका समितिबाट स्वीकृत कार्यक्रम, बजेट वा परियोजनाका नीति-नियमअनुरूप कार्यान्वयन, अनुगमन एवं मूल्याङ्कनको व्यवस्था गर्ने, गराउने,

(ग) पालिका कार्यालयको आधिकारिक प्रतिनिधिको रूपमा आवश्यक कागजात प्रमाणित गर्ने, गराउने,

(घ) पालिका सभा तथा समितिको निर्णयबमोजिम र अध्यक्षबाट प्रदत्त जिम्मेवारीअनुरूप कार्यसम्पादन गर्ने, गराउने,

(ङ) आफ्ना कार्यसम्पादनलगायत विशेष परिस्थितिका सम्बन्धमा समिति र अध्यक्षलाई नियमित जानकारी गराउने र निर्देशन लिई उपयुक्त उपायहरू अवलम्बन गर्ने,

(च) कर्मचारी र कार्यक्रम स्वयंसेवकको व्यवस्थापन गर्ने, र

DRAFT

(छ) माथि उल्लिखित कार्यका अतिरिक्त करार र कार्यविवरणमा उल्लेख भएका कार्यहरू गर्ने ।

**४०. पालिका शाखा तदर्थ समितिको व्यवस्था :**

(१) कुनै पालिकास्तरमा विधिवत् पालिका शाखा गठन हुन सक्ने स्थिति नभएमा जिल्ला समितिको सिफारिसमा प्रदेश समितिले समावेशी सिद्धान्तको आधारमा गाउँपालिकामा ११ जना, नगरपालिकामा १३ जना, उपमहानगरपालिका र महानगरपालिकामा १५ जनासम्मको तदर्थ समिति गठन गर्न सक्नेछ ।

(२) पालिका शाखा तदर्थ समितिका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :

(क) विधानअनुसार विधिवत् पालिका शाखा सञ्चालन तथा निर्वाचन गर्न आवश्यक व्यवस्था गर्ने,

(ख) विधानअनुसार पालिका शाखाले गर्नुपर्ने अन्य काम-काज गर्ने, र

(ग) पालिका तदर्थ समितिका तीन जनाले जना प्रतिनिधिले पर्यवेक्षकको रूपमा जिल्ला सभामा भाग लिई प्रतिवेदन पेश गर्नेछन् । तर, उक्त प्रतिनिधिले मतदान गर्न र निर्वाचनमा उम्मेदवार हुन पाउने छैनन् ।

**४१. वडा समिति :** पालिका समितिले वडास्तरमा सोसाइटीको वडा समितिको गठन गर्न सक्नेछ ।

**(१) गठन :**

कुनै स्थानीय तहका वडामा न्यूनतम एकाउन्न जना सदस्यहरू भएमा पालिका समितिले सो वडामा १३ जनासम्मको वडा समिति गठन गर्न सक्नेछ । पालिका समितिले आवश्यकता अनुसार एक भन्दा बढी वडाहरू कार्यक्षेत्र हुनेगरी संयुक्त वडा समिति पनि गठन गर्न सक्नेछ ।

वडा समितिमा समावेशी सिद्धान्तअनुसार पालिका समितिले देहायबमोजिम मनोनयन गर्न सक्नेछ :

(क) संयोजक १ (एक) जना

ख) उपसंयोजक १ (एक) जना

(ग) सचिव १ (एक) जना

(घ) सदस्य ९ (नौं) जनासम्म

(ङ) वडा अध्यक्ष वा नीजले तोकेका जनप्रतिनिधि १ (एक) जना । संयुक्त वडा समितिको हकमा सम्बन्धित सबै वडाका वडा अध्यक्ष वा नीजले तोकेका जनप्रतिनिधिहरू १/१ (एक/एक) जना ।

**(२) काम, कर्तव्य र अधिकार :**

(क) वडा तहमा संस्थाको तर्फबाट गर्नुपर्ने प्रतिनिधित्व गर्ने,

(ख) सोसाइटीको तर्फबाट वडा तहका सरकारी र गैरसरकारी निकायहरूसँग समन्वय र सहकार्य गर्ने,
(ग) पालिका शाखासँग समन्वय गरी वडास्तरीय परियोजना तथा सेवाकार्यहरू सञ्चालन गर्ने,गराउने,
(घ) पालिका शाखाले आह्वान गरेको अवस्थामा वडास्तरमा विपद् व्यवस्थापन तथा अन्य मानवीय कार्यका लागि स्रोत व्यवस्थापन र परिचालन गर्ने, गराउने,
(ङ) रेडक्रसको मूल्य, मान्यता र आधारभूत सिद्धान्तको प्रचार प्रसार गर्ने,
(च) पालिका शाखामा प्रगति तथा आर्थिक विवरण पेश गर्ने, लेखापरीक्षण गर्न सहयोग गर्ने, र
(छ) आवश्यकतानुसार स्वयंसेवा प्रवर्धन र स्वयंसेवक परिचालन गर्ने ।

(३) **कार्यालय :** सोसाइटीको वडा समितिको कार्यालय समितिले तोकेको स्थानमा रहनेछ ।

(४) **बैठक** : समितिको बैठक आवश्यकताअनुसार बस्ने छ । बैठकमा संयोजकले आवश्यकताअनुसार पालिका समितिका पदाधिकारी र सदस्यहरूलाई आमन्त्रण गर्न सक्नेछन् ।

## परिच्छेद -१५
## आयोग तथा समिति

### ४२. निर्वाचन आयोग

**(१) गठन**

सोसाइटीमा राष्ट्रिय तहदेखि पालिका तहसम्मका समितिको निर्वाचनका लागि समाबेशी सिद्धान्तअनुसार अध्यक्षसहित ५ जनाको निर्वाचन आयोग रहने छ । राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिको सिफारिसमा सङ्घीय सभाबाट आयोगका अध्यक्ष र सदस्यहरूको चयन हुनेछ ।

**(२) योग्यता :**

देहायको योग्यता भएको व्यक्ति निर्वाचन आयोगको अध्यक्ष र सदस्यका लागी योग्य हुने छ
(क) अध्यक्षको लागि मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर र सदस्यहरूको हकमा स्नातक उपाधि प्राप्त गरेको,
(ख) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,
(ग) पैंतालीस वर्ष उमेर पूरा भएको, र
(घ) उच्च निष्ठा र नैतिक चरित्र भएको ।

**(३) निर्वाचन आयोगको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :**

(क) निर्वाचन आयोगले यस विधानको अधिनमा रही राष्ट्रिय, प्रदेश, जिल्ला र पालिका समितिको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्नेछ ।
(ख) निर्वाचन आयोगले आफ्नो काम कर्तव्य र अधिकारमध्ये कुनै अधिकार पदाधिकारी, सदस्य वा कर्मचारीलाई तोकिएको शर्तको अधिनमा रही प्रयोग गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

(ग) आयोगले आफ्नो वार्षिक प्रतिवेदन राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिमार्फत् सङ्घीय सभामा पेश गर्ने छ ।

(घ) निर्वाचन आयोगलाई आवश्यक पर्ने कर्मचारी र अन्य सहयोग सोसाइटीका सम्बन्धित समिति/निकायबाट लिनेछ । मतदाता नामावलीका लागि आवश्यक सूची सम्बन्धित समितिबाट लिनेछ ।

(ङ) निर्वाचन आयोगको अन्य काम, कर्तव्य र अधिकार तथा कार्यविधि तोकिएबमोजिम हुनेछ ।

**(४) आयोगलाई सहयोग गर्नुपर्ने:**

आयोगलाई आवश्यक पर्ने सहयोग उपलब्ध गराउनु सोसाइटीका सबै समिति तथा निकायको कर्तव्य हुनेछ ।

**(५) सचिवालय :**

आयोगको सचिवालय राष्ट्रिय कार्यालयमा रहने छ । आयोगको सचिव राष्ट्रिय कार्यालयले उपलब्ध गराउने छ ।

**४३. रेडक्रस सेवा आयोग :**

**(१) गठन**

सोसाइटीमा कर्मचारीहरूको नियुक्ति र बढुवाका लागी उपयुक्त उम्मेदवार सिफारिस गर्न समावेशी सिद्धान्त अनुसार अध्यक्ष सहित ५ जनाको सेवा आयोग रहने छ । राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिको सिफारिसमा सङ्घीय सभाबाट आयोगका अध्यक्ष र सदस्यहरूको चयन हुनेछ ।

**(२) योग्यता :**

देहायको योग्यता भएको व्यक्ति सेवा आयोगको अध्यक्ष र सदस्यका लागि योग्य हुनेछ :

(क) अध्यक्षका लागि मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर र सदस्यहरूको हकमा स्नातक उपाधि प्राप्त गरेको,

(ख) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,

(ग) पैँतालीस वर्ष उमेर पूरा भएको र

(घ) उच्च निष्ठा र नैतिक चरित्र भएको ।

**(३) सेवा आयोगको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :**

(क) सोसाइटीको राष्ट्रिय र प्रदेश कार्यालयका लागि उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षा सञ्चालन गर्नु रेडक्रस सेवा आयोगको कर्तव्य हुनेछ ।

(ख) स्वीकृत दरवन्दीअनुसार कर्मचारीको नियुक्ति तथा बढुवाका लागि उपयुक्त उम्मेदवार छनौट गरी सिफारिस गर्ने ।

(ग) जिल्ला समिति र पालिका समिति अन्तर्गतका कर्मचारीहरूको नियुक्ति र बढुवाका सम्बन्धमा सामान्य सिद्धान्त प्रतिपादन गर्ने र परामर्श दिने ।

(घ) आयोगले आवश्यकता अनुसार विज्ञको सहयोग लिन सक्नेछ ।

(ङ) आयोगको सचिवालय राष्ट्रिय कार्यालयमा रहने छ । आयोगको सचिव राष्ट्रिय कार्यालयले उपलब्ध गराउने छ ।

DRAFT

(च) सेवा आयोगको अन्य काम र कार्यविधि तोकिएबमोजिम हुनेछ ।

(छ) आयोगले आफ्नो वार्षिक प्रतिवेदन राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिमार्फत् सङ्घीय सभामा पेश गर्ने छ ।

**४४. अनुपालन तथा मध्यस्थता आयोग :**

**(१) गठन**

सोसाइटीमा निष्ठा पालना गराउन र विवाद समाधानका लागि एक अनुपालन तथा मध्यस्थता आयोग रहने छ । आयोगमा समावेशी सिद्धान्तअनुसार कम्तीमा एक जना कानुन विज्ञसहित ५ जना सदस्य रहनेछन् । राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिको सिफारिसमा सङ्घीय सभाबाट आयोगका अध्यक्ष र सदस्यहरूको चयन हुनेछ ।

**(२) आयोगको क्षेत्राधिकार**

सोसाइटीका विभिन्न निकायमा पर्न आएका गुनासो, उजुरी र विवाद समाधानका लागि सम्बन्धित समितिले आयोगलाई प्रेषित गर्न सक्नेछन् । यस अतिरिक्त राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिका अध्यक्ष, महासचिव, वैधानिक आयोग र समितिले प्रेषित गरेका मामिला समेत आयोगले हेर्ने छ ।

**(३) योग्यता**

देहायको योग्यता भएको व्यक्ति अनुपालन तथा मध्यस्थता आयोगको अध्यक्ष र सदस्यका लागि योग्य हुनेछ :

(क) अध्यक्षको लागि मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर र सदस्यहरूको हकमा स्नातक उपाधि हासिल गरेको,

(ख) विज्ञवाहेक अन्यको हकमा रेडक्रससम्बन्धी कम्तीमा १० वर्षको अनुभव भएको,

(ग) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,

(घ) पैँतालीस वर्ष उमेर पूरा भएको, र

(ङ) उच्च निष्ठा र नैतिक चरित्र भएको ।

**(४) अनुपालन तथा मध्यस्थता आयोगको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :**

(क) संस्थाभित्र आचार-संहिता प्रवर्धन गर्ने, परिपालनाको अनुगमन गर्ने,

(ख) संस्थाभित्र सदस्यता, स्वयंसेवक, कर्मचारी व्यवस्थापनसम्बन्धी विवाद, गुनासो, उजुरीका सम्बन्धमा आवश्यक छानवीन, सुनुवाई, निर्णय, मध्यस्थता र समाधान गर्ने,

(ग) संस्थाको विधान, नियमावली, आचार संहिता, आधारभूत सिद्धान्त र निष्ठा उलङ्घनका सम्बन्धमा छानवीन गरी आवश्यक कारवाहीको लागि सिफारिस गर्ने,

(घ) निष्ठा प्रवर्धन, परिपालना र उलङ्घन रोकथामका उपायहरू सिफारिस गर्ने,

(ङ) आयोगले आवश्यकता अनुसार विज्ञको सहयोग लिन सक्नेछ, र

(च) आयोगले आफ्नो वार्षिक प्रतिवेदन राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिमार्फत् सङ्घीय सभामा पेश गर्ने छ ।

DRAFT

**(५) कार्यविधि :**

आयोगको कार्यविधि तोकिएबमोजिम हुनेछ । आयोगले उजुरी र उजुरीकर्ताको गोपनीयता संरक्षण गर्नेछ ।

**(६) आयोगलाई सहयोग गर्नुपर्ने :**

आयोगलाई सहयोग गर्नु सबै सोसाइटीका सबै समिति, निकाय, सदस्य, स्वयम्सेवक, पदाधिकारी तथा कर्मचारीहरूको कर्तव्य हुनेछ ।

**(७) सचिवालय :**

आयोगको सचिवालय राष्ट्रिय कार्यालयमा रहने छ । आयोगको सचिव राष्ट्रिय कार्यालयले उपलब्ध गराउने छ ।

**४५. महिला तथा समावेशी समिति :**

**(१) गठन**

सोसाइटीको सबै तहमा महिला सहभागिता अभिवृद्धि तथा समावेशीकरण प्रवर्द्धन गर्न पाँच सदस्यीय महिला तथा समावेशी समिति रहनेछ । समितिको अध्यक्ष महिला हुनेछ र राष्ट्रिय र प्रदेशस्तरमा कम्तीमा एक जना विज्ञ समावेश हुनेछन् । सम्बन्धित समितिको सिफारिसमा सम्बन्धित सभाबाट अध्यक्ष र सदस्यहरूको चयन हुनेछ ।

**(२) योग्यता :**

देहायको योग्यता भएको व्यक्ति महिला तथा समावेशी समितिको अध्यक्ष र सदस्यका लागि योग्य हुनेछन् :

(क) अध्यक्षको लागि मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक उत्तिर्ण गरेको,
(ख) रेडक्रस वा समावेशीकरण वा महिला अधिकारसम्बन्धी कम्तीमा पाँच वर्षको अनुभव भएको,
(ग) पैँतीस वर्ष उमेर पूरा भएको, र
(घ) उच्च निष्ठा र नैतिक चरित्र भएको ।

**(३) महिला तथा समावेशी समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :**

(क) महिलाको सहभागिता र हितसँग सरोकार राख्ने नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि सम्बन्धित समितिमा राख्ने,
(ख) महिलालाई सोसाइटीको मूल प्रवाहमा समाहित गर्न तथा सोसाइटीका सबै निकायमा समानुपातिक सहभागिता सुनिश्चित गर्न मौजुदा नीति तथा कार्यक्रमको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने र यसको प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित समितिमा सिफारिस गर्ने,
(ग) सोसाइटी भित्र लैंगिक विभेद वा उत्पीडनसम्बन्धी गुनासो/उजुरीको सम्बोधन तथा रोकथामका लागि आवश्यक कार्यहरूको सिफारिस गर्ने,
(घ) अपाङ्गता भएका व्यक्तिहरूको संरक्षण र सहभागिता अभिवृद्धि, बाल संरक्षण, अल्पसंख्यक र सीमान्तकृत समुदायको सोसाइटीभित्र सहभागिता अभिवृद्धिका लागि आवश्यक कार्यहरूको सिफारिस गर्ने,

(ङ) लैङ्गिक समानता, महिला सशक्तिकरण तथा महिलासँग सम्बन्धित नीतिगत तथा वैधानिक व्यवस्थाको अध्ययन, अनुसन्धान गरी आवश्यक सुधारको लागि सम्बन्धित समितिमा सिफारिस गर्ने र सोको अनुगमन गर्ने, र

(च) महिला तथा समावेशीकरण सम्बन्धमा सम्बन्धित समितिलाई परामर्श दिने ।

**(४) सचिवालय :**

आयोगको सचिवालय राष्ट्रिय कार्यालयमा रहने छ । आयोगको सचिव राष्ट्रिय कार्यालयले उपलब्ध गराउने छ ।

## ४६. वित्त समिति

**(१) गठन :**

सोसाइटीका सबै तहमा कोषाध्यक्षको अध्यक्षतामा कम्तीमा एक जना महिलासहित पाँच जनाको वित्त समिति  रहने छ । समितिको उपाध्यक्षको रूपमा उपकोषाध्यषले काम गर्नेछ । सम्बन्धित समितिको सिफारिसमा सम्बन्धित सभाबाट समितिका तीन जना सदस्यहरूको चयन हुने छ ।

**(२) सदस्यहरूको योग्यता :**

देहायको योग्यता भएको व्यक्ति वित्त समितिको सदस्यका लागि योग्य हुनेछ :

(क) मान्यता प्राप्त विश्वविद्यालयबाट वित्त व्यवस्थापन, अर्थशास्त्र, कानुन वा व्यवस्थापन विषयमा स्नातक उपाधि हासिल गरी कम्तीमा पाँच वर्ष अनुभव रहेको,

(ख) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,

(ग) पैंतिस वर्ष उमेर पूरा भएको, र

(घ) उच्च निष्ठा तथा नैतिक चरित्र भएको ।

**(३) वित्त समितिको  काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः**

(क) वार्षिक बजेट तथा कार्यक्रममा आवश्यकता अनुसार सुझाव दिने,

(ख) आर्थिक सन्तुलन, पारदर्शिता, जवाफदेहिता र मितव्ययिताको लागि आवश्यक सुझाव दिने,

(ग) आर्थिक व्यवस्थापन सुधारका लागि गर्नुपर्ने कार्यहरू सिफारिस गर्ने,

(घ) चलअचल सम्पत्ति, लगानी तथा आर्थिक स्रोत व्यवस्थापनसम्बन्धी कार्यको अनुगमन गर्ने र आवश्यक सुझाव दिने,

(ङ) लेखापरीक्षण प्रतिवेदनले औंल्याएका सुझावहरूको कार्यान्वयनको अनुगमन गर्ने,

(च) आर्थिक जोखिम विश्लेषण गरी जोखिम न्यूनीकरणको लागि सुझाव दिने ।

(छ) आर्थिक व्यवस्थापनका सम्बन्धमा सम्बन्धित सभाले पारित गरेको निर्णयको अनुगमन गर्ने,

(ज) सम्बन्धित समितिले आर्थिक विषयमा माग गरेको परामर्श प्रदान गर्ने ।

## ४७. युवा समिति :

**(१) गठन**

(क) सोसाइटीको सबै तहमा युवाहरूको संलग्नता, क्षमता, भूमिका र नेतृत्व अभिवृद्धि गर्न देहायबमोजिमको युवा समिति रहने छ :

DRAFT

(१) अध्यक्ष १ (एक) जना
(२) उपाध्यक्ष १ (एक) जना
(३) सदस्य ७ (सात) जना

(ख) समितिमा १८ वर्षदेखि ३० वर्षसम्मका युवाहरू रहने छन् । अध्यक्ष र उपाध्यक्षमध्ये एक महिला रहने र सदस्यहरूको हकमा भौगोलिक र लैङ्गिक सन्तुलन मिलाइ समितिको गठन हुने छ ।

**(२) गठन विधि :**

(क) सबै प्रदेश र जिल्लाका युवा समितिका अध्यक्ष र उपाध्यक्षको मतदानबाट राष्ट्रियस्तरमा युवा समिति गठन हुने छ ।

(ख) सबै जिल्ला र पालिकास्तरका युवा समितिका अध्यक्ष र उपाध्यक्षको मतदानबाट प्रदेशस्तरमा युवा समिति गठन हुनेछ ।

(ग) सबै पालिका शाखाका युवा समितिका अध्यक्ष र उपाध्यक्षको मतदानबाट जिल्ला स्तरमा युवा समिति गठन हुनेछ ।

(घ) पालिकाभित्र विद्यालय तथा समुदायमा रहेका सबै जुनियर तथा युवा रेडक्रस सर्कल कार्यसमितिका सबै पदाधिकारीहरू रहेको पालिका युवा परिषद् गठन हुनेछ । सो परिषद्ले पालिका युवा समितिको चयन गर्ने छ । पालिका युवा परिषद्को काम, कर्तव्य,अधिकार र अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

**(३) निर्वाचन** : राष्ट्रिय, प्रदेश र जिल्लास्तरको युवा समितिको निर्वाचन सामान्यतया विद्युतीय माध्यमबाट हुने छ । निर्वाचनसम्बन्धी कार्यविधि निर्वाचन आयोगले तोकेबमोजिम हुनेछ ।

**(४) युवा समितिको काम, कर्तव्य र अधिकार :**

सम्बन्धित तहका समितिप्रति उत्तरदायी हुने गरी युवा समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :

(क) युवासम्बन्धी नीति, कार्यक्रम तथा गतिविधिहरूमा सम्बन्धित समितिलाई परामर्श दिने,

(ख) सम्बन्धित सभा र समितिबाट युवासम्बन्धी भएका निर्णय कार्यान्वयनका लागि सहयोग तथा अनुगमन गर्ने,

(ग) सोसाइटीको अन्य कार्यक्रम तथा गतिविधिहरूमा युवाहरूको सहभागिता तथा भूमिका अभिवृद्धि गर्ने र नीतिगत पक्षमा आवश्यकतानुसार सुझाव दिने,

(घ) सम्बन्धित समितिसँग समन्वय गरी युवा लक्षित कार्यक्रमहरूको विकास र कार्यान्वयन गर्ने र

(ङ) सम्बन्धित समितिमार्फत् सभामा युवा समितिको वार्षिक प्रतिवेदन पेश गर्ने ।

## ४८. योजना आयोग/समिति :

सोसाइटीको समष्टिगत आवधिक योजना तर्जुमा र अनुगमनका लागि राष्ट्रिय समितिले पाँच सदस्यीय योजना आयोग/समिति गठन गर्नेछ । आयोग/समितिको गठन विधि र काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

# परिच्छेद–१६
# आर्थिक व्यवस्था

## ४९. सोसाइटीको कोष र सञ्चालन :

(१) सोसाइटीको सबै तहमा एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरू रहनेछन् :

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) अन्तर्राष्ट्रिय सङ्घ, संस्था, विदेशी सरकार वा व्यक्तिबाट नेपालको प्रचलित कानुनबमोजिम प्राप्त रकम,

(ग) कुनै व्यक्ति वा संस्थाले चन्दा वा सहायता स्वरूप प्रदान गरेको रकम,

(घ) सदस्यता शुल्क तथा वार्षिक शुल्कबाट प्राप्त रकम,

(ङ) वैधानिकरूपमा अन्य कुनै स्रोतबाट प्राप्त रकम,

(च) संस्थाले लगानी गरेको पूँजी र बढेबढाएको अन्य पूँजी,

(छ) परियोजना तथा विशेष कार्यक्रमका लागि प्राप्त रकमहरू,

(ज) सेवा शुल्क वा सञ्चालन शुल्कबाट प्राप्त आय,

(झ) दान-दातव्य स्वरूप (Endowment) प्राप्त रकम/चल अचल सम्पत्ति,

(ञ) निश्चित उद्देश्य र कार्यको निम्ति अक्षय कोषको रूपमा प्राप्त रकमहरू,

(ट) सोसाइटीले सञ्चालन गरेको आयमूलक कार्यक्रमबाट प्राप्त हुने रकमहरू, र

(ठ) विविध रकमहरू ।

(२) सोसाइटीको कोषमा रहने रकम नेपालभित्रको कुनै बैङ्कमा खाता खोली जम्मा गरिनेछ र खाता सञ्चालन तोकिएबमोजिम हुनेछ ।

(३) सोसाइटीद्वारा गरिने सबै खर्चहरू उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(४) सोसाइटीले प्रचलित सार्वजनिक खरिद ऐनलाई आधार मानी तयार गरेको खरिद नियमावली बमोजिम नियमित एवं आपत्कालीन खरिद व्यवस्थापन तथा कोषको प्रयोग गर्नेछ ।

## ५०. कोष सञ्चालन :

(१) दफा ४८ मा उल्लेख भएका स्रोतहरूबाट प्राप्त रकम संस्थाको नाममा कोष खडा गरी नेपालको कुनै बैङक वा वित्तीय संस्थामा जम्मा गरिनेछ ।

DRAFT

(२) संस्थाको बैङ्क खाता महानिर्देशक/निर्देशक/प्रमुख अधिकृत र आर्थिक शाखाका प्रमुख वा सोसम्बन्धी कार्य गर्ने कर्मचारीको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ । प्रचलित कानुनअनुसार खर्चको श्रेस्ता राख्ने व्यवस्था गरिनेछ ।

(३) कुनै तहमा कर्मचारी नभएको अवस्थामा सो को सट्टामा सम्बन्धित समितिले निर्णय गरेको कुनै पदाधिकारी वा सदस्यको संयुक्त हस्ताक्षरबाट कोष सञ्चालन हुनेछ ।

(४) विशेष परिस्थितिमा महानिर्देशक/निर्देशक/प्रमुख अधिकृतले खाता सञ्चालन गर्ने अधिकार कुनै कर्मचारीहरूलाई प्रत्यायोजन गर्न सक्नेछ ।

## ५१. आर्थिक विवरण र लेखापरीक्षण :

### (क) आर्थिक विवरण :

(१) प्रदेश, जिल्ला र पालिका समितिले आ-आफ्नो आर्थिक प्रतिवेदन तथा लेखापरीक्षणको प्रतिवेदन सम्बन्धित सभामा पारित भएपछि पालिका शाखाले जिल्ला समितिमा, जिल्ला समितिले प्रदेश कार्यालयमा र प्रदेश समितिले राष्ट्रिय कार्यालयमा पठाउनुपर्नेछ ।

(२) श्रावण १ गतेदेखि आषाढ मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष मानिनेछ ।

### (ख) लेखा तथा लेखापरीक्षण :

(१) सोसाइटीको आय-व्ययको लेखा प्रचलित कानुनबमोजिम राखिनेछ ।
(२) सोसाइटीको लेखापरीक्षण र भौतिकपरीक्षण वार्षिकरूपमा हुनेछ ।
(३) सोसाइटीको लेखापरीक्षण सम्बन्धित समितिको सिफारिसमा सम्बन्धित सभाबाट नियुक्त बाह्य लेखा परीक्षकद्वारा हुनेछ ।

### (ग) आन्तरिक लेखापरीक्षण :

(१) सोसाइटीमा आन्तरिक लेखापरीक्षण प्रणाली हुनेछ । आन्तरिक लेखापरीक्षकले नियमित प्रतिवेदन अध्यक्ष र कोषाध्यक्षलाई दिनेछ ।
(२) कोषाध्यक्षले आन्तरिक लेखापरीक्षकबाट प्राप्त प्रतिवेदनको जानकारी वित्त र सम्बन्धित समितिमा गराउने छन् ।
(३) आन्तरिक लेखापरीक्षणबाट प्राप्त प्रतिवेदनका आधारमा सम्बन्धित समितिबाट आवश्यक निर्णय, सुधारका कार्य र कारवाही हुनेछ ।

DRAFT

## परिच्छेद - १७
## राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्बन्ध

**५२. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहयोग र सहकार्य :**

(१) सोसाइटीबाट सङ्घीय, प्रदेश र स्थानीय तहका सरकार र निकायहरूसंग मानवीय सेवाका क्षेत्रमा पुरक र आवश्यकताअनुसार प्रदत्त जिम्मेवारीसमेत निर्वाह गर्न विशेष सहकार्य हुनेछ ।

(२) सोसाइटीले अभियानको एक अङ्ग र महासङ्घको सदस्यको हैसियतमा अन्तर्राष्ट्रिय सम्पर्क, समन्वय र सहकार्य गर्नेछ । यस्तो सम्पर्क र प्रतिनिधित्व राष्ट्रिय कार्यालयबाट हुनेछ । साथै सोसाइटीका अन्य तहले राष्ट्रिय कार्यालयसँग समन्वय गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय सम्पर्क, समन्वय र सहकार्य गर्न सक्नेछन् ।

(३) संस्थाले अन्तर्राष्ट्रिय सहयोग लिँदा र सम्बन्ध राख्दा नेपाल सरकारलाई जानकारी दिनुपर्नेछ ।

**५३. विशेष समितिको व्यवस्था**

सबैस्तरका समितिहरूले विपद्लगायत विशेष परिस्थितिको अवस्थामा द्रुतकार्य सञ्चालन गर्नका लागि विशेष समिति वा कार्यटोली गठन गर्न सक्ने छ ।

## परिच्छेद - १८
## विधान संशोधन

**५४. विधान संशोधनसम्बन्धी व्यवस्था :**

(१) विधान संशोधनसम्बन्धी प्रस्ताव कुनै प्रदेश, जिल्ला, पालिका समिति वा मनोनीत सभासद्ले पेश गर्न चाहेमा मङ्सिर मसान्तसम्ममा राष्ट्रिय कार्यालयमा पेश गर्नुपर्नेछ । राष्ट्रिय समितिले आफ्नो रायसाथ उक्त प्रस्ताव सङ्घीय सभाको महाधिवेशनमा पेश गर्नेछ ।

(२) राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिले पेश गर्ने विधान संशोधन प्रस्तावको प्रतिलिपि छलफल हुने समयभन्दा कम्तीमा २१ (एक्काईस) दिन अगावै सङ्घीय सभा सदस्यहरूलाई पठाउनुपर्नेछ । यस्तो प्रस्तावको जानकारी विद्युतिय माध्यमबाट पनि पठाउन सकिने छ ।

(३) सङ्घीय सभाको महाधिवेशनको कूल सदस्य सङ्ख्याको दुई तिहाइ सदस्यहरूले पारित गरेपश्चात् मात्र विधानको कुनै दफा संशोधन वा खारेज हुने छ ।

DRAFT

# परिच्छेद - १९
# निर्वाचनसम्बन्धी व्यवस्था

**५५. निर्वाचन कार्यविधि**

(१) सबैस्तरको निर्वाचन गोप्य मतदान द्वारा हुनेछ ।

(२) सोसाइटीको सदस्यता लिई अभिलेखीकरण भएको मितिले तीस दिन पूरा भएका सदस्यले सम्बन्धित तहको समितिको निर्वाचनमा भाग लिन पाउनेछ ।

(३) कुनै पनि तहको समितिका पदाधिकारी उक्त पदमा दुई पटक निर्वाचित भैसकेपछि सोही पदमा पुनः उम्मेदवार हुन पाउने छैन । सदस्य पदमा तीन कार्यअवधि निर्वाचित व्यक्ति पुनः सदस्य पदमा उम्मेदवार हुन सक्ने छैन । विगतमा कार्य गरेको अवधि समेत यस प्रयोजनका लागि गणना हुने छ ।

(४) निर्वाचन आयोगले कार्यविधि बनाई विद्युतीय निर्वाचनको व्यवस्था गर्न सक्ने छ ।

(५) निर्वाचनसम्बन्धमा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**५६. निर्वाचनको लागि बन्देज :**

(१) निर्वाचन आयोगका अध्यक्ष र सदस्यहरू, निर्वाचन अधिकारी, विदेशी नागरिक तथा अन्य निकायका प्रतिनिधि सदस्य र रेडक्रस अभियानका निकायका वैतनिक कर्मचारी उम्मेदवार हुन, र

(२) नेपाल रेडक्रसको कुनै निकायको निर्वाचनमा भाग लिएको मितिले १२ (बाऱ्ह) महिनासम्म सोसाइटीको अर्को निकायको समानस्तरको निर्वाचनमा भाग लिन ।

**५७. निर्वाचन, सभा र पदावधिसम्बन्धी व्यवस्था :**

(१) सबै तहका समितिको कार्य अवधि चार वर्ष अर्थात् निर्वाचन परिणाम घोषण भएको महिनालाई पहिलो महिना मानी ४८ महिनाको हुनेछ । तर सम्बन्धित समितिको सहमतिमा चार वर्ष पूरा हुनु अगावै निर्वाचन गर्न बाधा पर्ने छैन ।

(२) राष्ट्रिय, प्रदेश, जिल्ला तथा पालिका समितिले आर्थिक वर्ष समाप्तभएपछि तत्काल लेखापरीक्षण गराइ सामान्यतया क्रमशः पौष, माघ, फागुन र चैत महिनाभित्र महाधिवेशन/अधिवेशन वा वार्षिक साधारण सभा गर्नुपर्नेछ ।

(३) राष्ट्रिय, प्रदेश, जिल्ला र पालिका समितिको निर्वाचनको सञ्चालन, रेखदेख र नियन्त्रण निर्वाचन आयोगले गर्नेछ भने वडा समितिको गठन पालिका समितिले तोकेवमोजिम हुनेछ ।

(४) सबै तहका समितिका पदाधिकारी एवं सदस्यहरूले निर्वाचन पूर्व उम्मेदवारीको समयमा वा मनोनयनद्वारा प्रतिनिधित्वको लगत्तै रेडक्रसका सिद्धान्त र आदर्शप्रति प्रतिबद्धताको लिखित सहमति जनाउनुपर्नेछ । (प्रतिबद्धताको नमूना फाराम अनुसूची- २ मा तोकिएबमोजिम हुनेछ ।)

(५) सबै तहको समितिको निर्वाचनमा पदाधिकारी तथा सदस्यका लागि उम्मेदवार हुने व्यक्तिले मनोनयन पत्रसँगै तोकिएबमोजिम आफ्नो परिचयात्मक विवरण बुझाउनु पर्नेछ । यस अतिरिक्त राष्टिय, प्रदेश, जिल्ला र पालिका समितिका अध्यक्ष पदका उम्मेदवाहरूले आफ्नो दृष्टिकोण पत्र (vision paper) तोकिएबमोजिम सार्वजनिक गर्नुपर्ने छ ।

(६) निर्वाचन आयोगले सञ्चालन गर्ने हरेक निर्वाचनका लागि एक निर्वाचन अधिकारी तोक्ने छ । निर्वाचन अधिकारीले गरेको निर्णय वा सम्पादन गरेको कार्यउपर निर्वाचन आयोगमा उजुरी दिन सकिनेछ । यस सम्बन्धमा निर्वाचन आयोगले गरेको निर्णय अन्तिम हुनेछ ।

## परिच्छेद- २०
## विविध

**५८. गणपूरक सङ्ख्या, निर्णय र जवाफदेहिता :**

(१) सबै तहका सभाको महाधिवेशन र वार्षिक साधारण सभाको लागि कूल सदस्य सङ्ख्याको एकाउन्न (५१%) प्रतिशत सभासद्हरूको उपस्थितिलाई गणपूरक सङ्ख्या मानिने छ । तर पालिका र वडा  स्तरको वार्षिक साधारण सभा बोलाइएको दिन (५१%) प्रतिशत उपस्थित नभई गणपूरक सङ्ख्या नपुगेमा दोस्रो पटक एक तिहाई उपस्थित संख्यालाई गणपूरक सङ्ख्या मानेर सभा सञ्चालन हुनेछ । त्यसपछि हुने सभामा उपस्थित हुने संख्यालाई नै गणपूरक संख्या मानी सभा सञ्चालन हुनेछ ।

(२) सबैस्तरका समिति, अन्य समिति, उपसमिति वा आयोगको बैठकको लागि कम्तीमा  एकाउन्न (५१%) प्रतिशत सदस्यहरूको उपस्थिति अनिवार्य हुनेछ ।

(३) यस विधानमा विशेष मतबाट निर्णय गर्नुपर्ने व्यवस्था भएकोमा बाहेक अरू बैठकमा उपस्थित भई  मतदान गर्ने सदस्यहरूको बहुमतबाट निर्णय हुनेछ ।

DRAFT

## ५९. प्रदेश, जिल्ला र पालिका शाखाका अनिवार्य दायित्वहरू :

### (१) प्रदेश तहका अनिवार्य दायित्वहरू निम्नानुसार हुनेछन् :

(क) प्रत्येक आर्थिक वर्षमा तोकिएबमोजिमको वार्षिक शुल्क अग्रिमरूपमा राष्ट्रिय कार्यालयमा बुझाउनुपर्ने,

(ख) प्रत्येक चार/चार वर्षमा प्रदेश सभाको अधिवेशन र हरेक वर्ष वार्षिक साधारण सभा नियमितरूपमा गर्नुपर्ने,

(ग) प्रत्येक आर्थिक वर्षमा नियमितरूपले लेखापरीक्षण गराउनुपर्ने र सोको एक प्रति राष्ट्रिय कार्यालयमा बुझाउनुपर्ने,

(घ) निश्चित स्थानमा कार्यालय राखी निश्चित समयमा सञ्चालन र नियमित बैठक गर्नुपर्ने,

(ङ) आवश्यकता र क्षमताअनुसार सेवा कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने,

(च) सङ्घीय सभामा सहभागी हुने,

(छ) राष्ट्रिय कार्यालयमा त्रैमासिक तथा वार्षिक प्रतिवेदन पठाउनुपर्ने, र

(ज) सङ्घीय सभा तथा राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिको नीति-निर्देशन पालना गर्नुपर्ने ।

### (२) जिल्ला समितिका अनिवार्य दायित्वहरू निम्नानुसार हुनेछन् :

(क) प्रत्येक आर्थिक वर्षको वार्षिक शुल्क अग्रिम रूपमा प्रदेश कार्यालयमा बुझाउनुपर्ने,

(ख) प्रत्येक चार वर्षमा जिल्ला अधिवेशन र हरेक वर्ष वार्षिक साधारण सभा नियमितरूपमा गर्नुपर्ने,

(ग) प्रत्येक आर्थिक वर्षमा नियमितरूपले जिल्ला र पालिका समितिको लेखापरीक्षण गराउनुपर्ने र सोको एक/एक प्रति प्रदेश र राष्ट्रिय कार्यालयमा बुझाउनुपर्ने,

(घ) निश्चित स्थानमा कार्यालय राखी निश्चित समयमा सञ्चालन र नियमित बैठक गर्नुपर्ने,

(ङ) स्थानीय आवश्यकता र आफ्नो क्षमताअनुसार सेवा कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने,

(च) प्रदेश र सङ्घीय सभामा सहभागी हुने,

(छ) प्रदेश र राष्ट्रिय कार्यालयमा त्रैमासिक तथा वार्षिक प्रतिवेदन पठाउनुपर्ने, र

(ज) प्रदेश र सङ्घीय सभा तथा समितिको नीति-निर्देशन पालना गर्नुपर्ने ।

### (३) पालिका शाखाका अनिवार्य दायित्वहरू:

(क) अग्रिमरूपमा बुझाउनुपर्ने प्रत्येक आर्थिक वर्षको वार्षिक शुल्क, आजीवन र साधारण सदस्यता शुल्कको बीस प्रतिशत रकम र लेखापरीक्षण शुल्क जिल्ला समितिमा बुझाउनुपर्ने,

(ख) प्रत्येक चार वर्षमा पालिका सभाको अधिवेशन र हरेक वर्ष वार्षिक साधारण सभा नियमित रूपमा गर्नुपर्ने,

DRAFT

(ग) प्रत्येक आर्थिक वर्षमा नियमित रूपले लेखापरीक्षण गर्न जिल्ला समितिसँग समन्वय गर्ने र आवश्यक सहयोग उपलब्ध गराउनु पर्ने,

(घ) निश्चित स्थानमा कार्यालय राखी निश्चित समयमा सञ्चालन र नियमित बैठक गर्नुपर्ने,

(ङ) न्यूनतम् सदस्य सङ्ख्या नियमित रूपमा कायम राख्ने,

(च) स्थानीय आवश्यकता र आफ्नो क्षमताअनुसार सेवा कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने,

(छ) माथिल्लो साङ्गठनिक निकायहरूको सभामा सहभागी हुने,

(ज) जिल्ला समिति र प्रदेश कार्यालयमा त्रैमासिक तथा वार्षिक प्रतिवेदन पठाउनुपर्ने, र

(झ) राष्ट्रिय प्रदेश र जिल्ला समितिको नीति, निर्देशन पालना गर्नुपर्ने ।

(४) उपदफा (१), (२) वा (३) बमोजिम कुनै वा सबै दायित्व निर्वाह नगरेमा प्रदेश समितिको हकमा राष्ट्रिय सञ्चालन समितिबाट, जिल्ला समितिको हकमा प्रदेश समितिबाट र पालिका समितिको हकमा जिल्ला समितिको परामर्शमा प्रदेश समितिबाट देहायबमोजिम कार्यवाही हुन सक्नेछ । तर सम्बन्धित समितिलाई सफाइको मौकाबाट बञ्चित गरिने छैन :-

(क) महाधिवेशन/अधिवेशन र वार्षिक साधारण सभामा हुने मतदानमा भाग लिनबाट वञ्चित गर्ने र/वा

(ख) महाधिवेशन/अधिवेशनमा र वार्षिक साधारण सभामा भाग लिनबाट वञ्चित गर्ने र/वा

(ग) माथिल्लो तहबाट प्रदान गरिने अनुदान/सहयोग रोक्का गर्ने

(घ) प्रदेश/जिल्ला समिति/पालिका समितिलाई निलम्बन गर्ने र/वा

(ङ) प्रदेश/जिल्ला समिति/पालिका समिति विघटन गर्ने ।

**६०. कार्य अवधि थपको व्यवस्था :**

(१) कुनै सांगठनिक निकायमा मुनासिब कारण परी निर्वाचन वा नयाँ समिति गठन हुन नसकेमा प्रदेशको हकमा राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिले, जिल्लाको हकमा प्रदेश समति/प्रदेश सञ्चालन समितिले र पालिकाको हकमा जिल्ला समितिको सिफारिसमा प्रदेश सञ्चालन समितिले अर्को निर्वाचन नभएसम्मको लागि सम्बन्धित समितिलाई यथावत् काम कारबाही चालु राख्न स्वीकृति दिन सक्नेछ र यस्तो स्वीकृति एक वर्षपछि स्वतः निष्क्रिय हुनेछ ।

(२) कुनै असाधारण परिस्थिति उत्पन्न भएको कारणले राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिको निर्वाचन तोकिएको समयमा हुन नसकेमा राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिले बढीमा एक वर्षसम्मको कार्य अवधि थप गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम अवधि थप भएपछि पनि कुनै असाधारण परिस्थिति उत्पन्न भई राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिको निर्वाचन हुन नसकेमा राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिले मौजुदा समितिका कुनै पनि पदाधिकारी र सदस्यहरू नपर्ने गरी संस्थाका अनुभवी र दक्ष सदस्यहरूमध्येबाट समावेशी सिद्धान्तका आधारमा बढीमा १७ सदस्यीय तदर्थ समिति गठन गर्न सक्नेछ । तदर्थ समितिले ६ महिनाभित्र राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिको निर्वाचन गराउनु पर्नेछ ।

**६१. अविश्वासको प्रस्ताव र पदबाट हट्ने व्यवस्था :**

**(क) अविश्वासको प्रस्तावः**

(१) सबै तहका समिति वा सो समितिको कुनै पदाधिकारी वा सदस्यमाथि देहायको प्रक्रिया पूरा गरी अविश्वासको प्रस्ताव पेश गर्न सकिनेछ :

(क) सम्बन्धित सभाका एक तृतीयांश सदस्यहरूले हस्ताक्षरसहित कारण खोली अविश्वासको प्रस्ताव सम्बन्धित तहको कार्यालयमा दर्ता गराउन सक्नेछन् ।

(ख) सम्बन्धित तहका समितिद्वारा तोकिएको अधिकारीले प्रस्तावका हस्ताक्षरकर्ताहरूलाई सनाखतको लागि बोलाई रूजू गर्न सक्नेछ । हस्ताक्षर रूजू गर्दा प्रस्तावमा अविश्वास गरिएको व्यक्तिसमेतलाई उपस्थितिका लागि जानकारी गराइनेछ तर निज अनुपस्थित भएमा पनि प्रक्रिया रोकिने छैन ।

(ग) अविश्वासको आरोप लागेको पदाधिकारी/सदस्यलाई सो आरोपको सम्बन्धमा कम्तीमा १५ (पन्ध्र) दिनको सूचना दिई निजलाई सफाइ पेश गर्ने मौका दिइनेछ । सो सफाइबाट प्रस्ताव प्रस्तुतकर्ता सन्तुष्ट भएमा सात दिनभित्र प्रस्ताव फिर्ता लिन सक्नेछ ।

(घ) उपस्थित सदस्य सङ्ख्याको दुई-तृतीयांश मत प्राप्त नभएमा अविश्वासको प्रस्ताव पारित भएको मानिने छैन ।

(ङ) एक पटक अविश्वास प्रस्ताव अस्वीकृत भएपछि २ (दुई) वर्षसम्म सोही कार्यसमिति, पदाधिकारी र सदस्यहरूउपर अर्को अविश्वासको प्रस्ताव दर्ता गर्न पाइने छैन ।

(च) कुनै तहका समिति, पदाधिकारी वा सदस्यहरूउपर अविश्वासको प्रस्ताव दर्ता भएको अवस्थामा सम्बन्धित समितिले ३ (तीन) महिनाभित्र विशेष महाधिवेशन/अधिवेशन बोलाई सो प्रस्ताव पेश गर्नेछ ।

(२) अविश्वासको प्रस्ताव पारित भएपछि सो समिति वा पदाधिकारी वा सदस्य स्वतः पदमा नरहेको मानिनेछ ।

(३) अध्यक्ष विरूद्ध पेश गरिएको अविश्वासको प्रस्तावमाथि छलफल हुँदा उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछ ।

(४) पूरै समितिविरूद्ध अविश्वासको प्रस्ताव प्रस्तुत भएमा सभा सञ्चालनसम्बन्धी आवश्यक व्यवस्था सम्बन्धित सभाले नै गर्नेछ ।

**(ख) पदबाट हट्ने व्यवस्था :**

यस विधानमा अन्यत्र व्यवस्था गरिएबाहेक कुनै पनि तहको समिति वा समितिका पदाधिकारी वा सदस्यहरू देहायका अवस्थामा आफ्नो पदबाट हट्नेछन्:

(१) अध्यक्ष वा संयोजकले सम्बन्धित समितिसमक्ष र सो बाहेक अरूले सम्बन्धित अध्यक्ष वा संयोजकसमक्ष दिएको राजीनामा स्वीकृत भएमा,

(२) सोसाइटीको सदस्य नरहेमा,

(३) संस्थासँग सम्बन्धित ठेक्का-पट्टा वा व्यवसायमा हिस्सा लिएमा,

(४) आचार संहिता वा निष्ठाको गम्भीर उलंघन गरेको अवस्थामा अनुपालन तथा मध्यस्थता समितिले पदमुक्त गरेमा र

(५) प्रचलित नेपाल कानुनअनुसार निलम्बन वा पदमुक्त भएमा ।

## ६२. बैठकको अध्यक्षता :

(१) राष्ट्रिय्र, प्रदेश, जिल्ला, पालिका र वडा तहको सभा, समिति, उपसमिति तथा आयोगको बैठकको अध्यक्षता सम्बन्धित अध्यक्ष/संयोजकले गर्नेछ । निजको अनुपस्थितिमा निजले तोकेको उपाध्यक्ष/उपसंयोजकले बैठकको अध्यक्षता गर्नेछ । उपाध्यक्ष/उपसंयोजकको अनुपस्थितिमा जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(२) बैठकमा अध्यक्षता गर्ने व्यक्तिले साधारणतया मत दिनेछैन, तर मत बराबर भएमा निजले निर्णायक मत दिन पाउनेछ ।

## ६३. अख्तियार प्रत्यायोजन :

(१) अख्तियार प्रत्यायोजनसम्बन्धमा यस विधानमा व्यवस्था गरिएको अवस्थमा सोहीअनुसार हुनेछ ।

(३) अध्यक्ष/संयोजक वा अन्य पदाधिकारीले आफ्नो अनुपस्थितिमा वा अन्य कारणले जिम्मेवारी वहन गर्न नसक्ने अवस्थामा सम्बन्धित सहयोगी पदाधिकारीलाई सूचित गरी आफ्नो पूर्ण वा आंशिक जिम्मेवारी/अधिकार प्रत्यायोजन गर्न सक्नेछ । निकटतम् सहयोगी पदाधिकारीको पनि अनुपस्थितिमा आफूले चाहेको कुनै पनि सदस्यलाई अख्तियार प्रत्यायोजन गर्न सक्नेछ ।

## ६४. उजुर सुन्ने व्यवस्था र विवादको निर्णय गर्ने अधिकार :

(१) कुनै व्यक्तिलाई पालिका समितिले सदस्यता प्रदान गर्न अस्वीकार गरेमा वा सदस्यताका लागि अयोग्य ठहऱ्याएमा वा सदस्यताबाट हटाएमा पालिका समितिको निर्णय उपर जिल्ला समितिसमक्ष उजुरी दिन सकिनेछ । जिल्ला समितिको निर्णयउपर अनुपालन तथा मध्यस्थता समितिमा अन्तिम पुनरावेदन गर्न सकिनेछ ।

DRAFT

**(२) उजुरी र पुनरावेदनः**

(क) जिल्ला अन्तर्गतका पालिका शाखाहरू बीच कुनै आपसी विवाद उत्पन्न भएमा निर्णय गर्ने अधिकार जिल्ला समितिलाई हुनेछ । सो निर्णयउपर चित्त नबुझेमा प्रदेश समितिमा पुनरावेदन गर्न सकिनेछ । प्रदेश समितिको निर्णय चित्त नबुझेमा अनुपालन तथा मध्यस्थता समितिमा अन्तिम निवेदन गर्न सकिनेछ ।

(ख) एउटै प्रदेशभित्रका जिल्ला समितिहरूबीच विवाद भएमा प्रदेश समिति/प्रदेश सञ्चालन समितिमा उजुरी लाग्नेछ । प्रदेश समिति/प्रदेश समितिको निर्णयउपर चित्त नबुझेमा अनुपालन तथा मध्यस्थता समितिमा अन्तिम पुनरावेदन गर्न सकिनेछ ।

(ग) एक वा एकभन्दा बढी प्रदेशभित्रका जिल्ला समितिहरूबीच विवाद भएमा राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिमा उजुरी लाग्नेछ । राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालनको निर्णय चित्त नबुझेमा अनुपालन तथा मध्यस्थता समितिमा अन्तिम पुनरावेदन गर्न सकिनेछ ।

(३) प्रदेश समितिहरू बीच, प्रदेश र जिल्ला समितिबीच वा एकभन्दा बढी प्रदेशका जिल्ला समिति र पालिका शाखाहरूबीच कुनै विवाद भएमा राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिमा उजुरी दिन सकिनेछ । राष्ट्रिय समितिको निर्णय चित्त नबुझेमा अन्तिम पुनरावेदन अनुपालन तथा मध्यस्थता समितिमा दिन सकिनेछ ।

(४) सम्बन्धित परिच्छेदमा अन्यथा व्यवस्था भएको वाहेक सदस्यता, संगठनात्मक र अन्य विवादका सम्बन्धमा उजुरी गर्ने म्याद ३५ (पैंतीस) दिनको हुनेछ र अनुपालन तथा मध्यस्थता समितिको निर्णय अन्तिम हुनेछ ।

**६५. बुझ-बुझारथ :**

जुनसुकै स्तरका पदाधिकारी वा सदस्यको जिम्मा रहेको नगदी, जिन्सी र कागजात आफ्नो कार्य अवधि समाप्त भएपछि यथाशीघ्र सम्बन्धित पदाधिकारी वा सदस्यलाई बुझाउनु निजको कर्तव्य हुनेछ । कार्य अवधि समाप्त भएको ३५ (पैंतीस) दिनभित्र पनि बुझ-बुझारथ नगरेमा प्रचलित कानुनबमोजिम असुलउपर गर्न, गराउन सकिनेछ । त्यस्ता पदाधिकारी तथा सदस्यहरू जुनसुकै स्तरको आगामी निर्वाचनमा उम्मेदवार वा मनोनित हुन अयोग्य हुनेछन् ।

**६६. स्वयंसेवक तथा सदस्यहरूको आचार-संहिता :**

(१) नेपाल रेडक्रसका सबै तहका सबै प्रकारका सदस्य तथा स्वयंसेवकहरूले रेडक्रसका स्थापित सिद्धान्तहरूको अधीनमा रही नेपाल रेडक्रसको काम-कारबाहीमा संलग्न हुनु तथा सहयोग पुऱ्याउनु निजहरूको काम तथा कर्तव्य हुनेछ । निजहरूले अनुसूची-४ मा तोकिएबमोजिम आचार-संहितामा आफ्नो प्रतिबद्धतास्वरूप हस्ताक्षर गरी पालना गर्नु पर्नेछ ।

DRAFT

(२) विधान विपरितको कार्य वा आचार-संहिताको उलङ्घन भएको प्रमाणित भएमा सम्बन्धित समितिले उलङ्घनकर्तालाई सचेत गराउने वा जिम्मेवारीबाट निलम्बन गर्ने वा हटाउने वा सदस्यताबाट निलम्बन वा खारेज गर्ने समेतका कार्यवाही गर्न सक्नेछ । तर निजलाई सफाइको मौका दिइनेछ । निर्णयउपर चित्त नबुझेमा माथिल्लो तहमा निवेदन गर्न सकिने छ । अनुपालन तथा मध्यस्थता समितिमा अन्तिम पूनरावेदन गर्न सकिनेछ ।

(३) राज्यका विभिन्न तहका कार्यकारी पदमा निर्वाचित व्यक्तिहरू, राजनीतिक दलका केन्द्र, प्रदेश, जिल्ला र पालिका तहका प्रमुख पदाधिकारीहरू, सङ्घीय र प्रदेश सभाका सांसद् नेपाल रेडक्रस सोसाइटीका कुनै पनि तहका समितिमा पदाधिकारी रहने छैनन् ।

**६७. पदाधिकारी, मनोनयन तथा मनोनीत सदस्यहरूको सम्बन्धमा विशेष व्यवस्था :**

यस विधानमा अन्यत्र जेसुकै लेखिएको भए तापनि

(क) कुनै व्यक्ति सोसाइटीको एकभन्दा बढी तहको समितिमा पदाधिकारी रहन सक्ने छैनन्, एकभन्दा बढी पद त्याग्नु पर्नेछ ।

(ख) विभिन्न तहका समिति र सभामा मनोनीत हुने व्यक्तिहरू संस्थाको सदस्य नरहेको अवस्थामा मनोनयन भएको १५ (पन्ध्र) दिनभित्र सदस्यता लिइसक्नु पर्नेछ ।

(ग) कुनै कारणले राष्ट्रिय, प्रदेश, जिल्ला, पालिका समिति अस्तित्वमा नरहेको, अवधि समाप्त भएको, भङ्ग भएको वा तदर्थ समिति गठन भएको अवस्थामा मनोनीत सदस्य, सभासद् र सो तहका आयोग तथा अन्य समितिका सदस्यको पदावधि पनि समाप्त भएको मानिनेछ ।

**६८. नियम बनाउने अधिकार :**

(१) यस विधान कार्यान्वयन गर्नका लागि राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिले आर्थिक, खरिद र कर्मचारी सेवा नियमावलीलगायत आवश्यक नियमावली तथा कार्यविधि बनाउन सक्नेछ ।

(२) राष्ट्रिय नियमावली तथा कार्याविधिको अधीनमा रही प्रदेश, जिल्ला र पालिका समितिहरूले आआफ्नो निकायमा लागू हुने मापदण्ड तोक्न सक्नेछन् । तर कर्मचारी तथा स्वयंसेवकहरूको सेवा, शर्त र सुविधाको मापदण्ड सम्बन्धित तहको समितिले निर्धारण गर्न सक्नेछ । त्यस्तो मापदण्डको जानकारी माथिल्लो तहको समितिलाई दिनुपर्नेछ ।

**६९. व्याख्या गर्ने अधिकार :**

यस विधानको कुनै कुरा व्याख्या गर्ने अन्तिम अधिकार राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिलाई हुनेछ ।

**७०. खारेजी, बचाउ र बाधा अड्काउ फुकाउने :**

(१) यस विधानमा नपरेका यस अघिका संशोधनहरू खारेज गरिएका छन् ।

(२) यस विधानको अठारौं संशोधन लागू हुनु अघि कायम रहेका निर्वाचित निकायहरूको पदावधि आगामी निर्वाचनसम्म कायम रहनेछ । निर्वाचित, मनोनित पदाधिकारी, सदस्य तथा सभासद्

सोही पदमा कायम रहनेछन् । कार्य अवधि पूरा भई म्याद थप भएका निकायहरू सो थप भएको अवधिसम्म कायम रहनेछन् । यस अघि भए गरेका काम-कारबाहीहरू यसै विधानअनुसार भए गरेको मानिनेछ ।

(३) यस विधानमा व्यवस्था भएबाहेक संस्थामा कुनै अनपेक्षित बाधा अड्काउ आइपरेमा सो फुकाउने अधिकार राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिमा निहित रहनेछ ।

**७१. संस्था विघटन :**

सङ्घीय सभाको महाधिवेशनको सम्पूर्ण सदस्य संख्याको दुई-तिहाइ सदस्य उपस्थित भएको सभामा तीन-चौथाइ सदस्यहरूको मतले संस्थाको विघटन हुन सक्नेछ । यसरी विघटन भएको अवस्थामा संस्थाको चल-अचल सम्पत्ति प्रचलित कानुनअनुसार हुनेछ ।

**७२. संक्रमणकालीन व्यवस्था :**

**(क) तदर्थ समितिको वैधानिक हैसियत :**

विधानको अठारौं संशोधन लागू हुँदाका बखत बहाल रहेका केन्द्रीय तदर्थ समितिले आगामी निर्वाचनसम्म राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिको कार्य गर्ने छ र राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिका पदाधिकारी र सदस्यहरू संङ्घीय सभाको सभासद्को रूपमा रहने छन् ।

**(ख) पदाधिकार कायम रहने :**

विधानको अठारौं संशोधन लागू हुँदाका बखत बहाल रहेका सबै तहका पदाधिकारी, सदस्य र सभासद्हरू आगामी निर्वाचनसम्म कायम रहनेछन् । संशोधित विधानमा नपरेका पदहरू पनि आगामी निर्वाचनसम्म यथावत रहनेछन् ।

**(ग) पहिलो पटक पालिका तदर्थ समिति गठन :**

विधानको अठारौं संशोधन लागू भएपछि केन्द्रीय तदर्थ समितिले कार्यविधि बनाई पहिलो पटक पालिका स्तरमा तदर्थ समिति गठनको व्यवस्था मिलाउने छ । यस्तो पालिका तदर्थ समितिले माथिल्लो निकायहरूको बैधानिक सभा र निर्वाचनमा भाग लिन पाउने छन् ।

**(घ) उपशाखा व्यवस्थापन र कार्यालय सम्बन्धमा :**

विधानको अठारौं संशोधन लागू हुँदाका बखत एक पालिकामा एउटा मात्र उपशाखा भएमा सो उपशाखा पालिका शाखामा परिणत हुनेछ । एउटा पालिकामा एकभन्दा बढी उपशाखा रहेको अवस्थामा उपशाखाहरूलाई एकीकरण गरी पालिका शाखा गठन हुनेछ ।

भौतिक पूर्वाधार र स्थानीय तह (पालिका) को केन्द्रसँगको दुरी र क्रियाशिलताको आधारमा एक उपशाखा कार्यालयमा पालिका शाखाको कार्यालय रहनेछ । अन्य उपशाखाको कार्यालयलाई वडा समिति/संयुक्त वडा समितिको कार्यालयमा परिणत गर्न सकिनेछ ।

**(ङ) सञ्चालन र व्यवस्थापन :**

विधानको अठारौं संशोधन लागू हुँदाका बखत कायम रहेको संरचनाअनुरूप व्यवस्थापनको जिम्मेवारी पाएका पदाधिकारीहरूले आगामी निर्वाचनसम्म यथावत जिम्मेवारी निर्वाह गर्ने छन् । अवस्था र क्षमताको आधारमा व्यवस्थापन र सञ्चालन तत्काल छुट्याउन नसक्ने जिल्ला र

DRAFT

पालिका शाखाहरूले आगामी पाँच बर्षसम्म समितिको सचिवलाई व्यवस्थापन प्रमुखको जिम्मेवारी दिन सक्नेछन् । विधान बमोजिम प्रदेश निर्देशकको छनौट नभएसम्म राष्ट्रिय कार्यालयले उपयुक्त कर्मचारीलाई प्रदेश निर्देशकको रूपमा तोक्न सक्नेछ ।

**(च) निर्वाचन व्यवस्था सम्बन्धमा :**

विधानको अठारौं संशोधनवमोजिम निर्वाचन आयोग गठन नभएसम्म राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समिति, प्रदेश सञ्चालन समिति र जिल्ला समितिको निर्वाचनका लागि निर्वाचन अधिकारी राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिले तोक्ने छ । पालिका शाखाको निर्वाचनका लागि प्रदेश समितिले निर्वाचन अधिकारी तोक्ने छ ।

**(छ) पदपूर्ति सम्बन्धमा :**

विधानको अठारौं संशोधनवमोजिम रेडक्रस सेवा आयोग गठन नभएसम्म केन्द्र र प्रदेश कार्यालयमा कर्मचारी पदपूर्ति राष्ट्रिय समिति/राष्ट्रिय सञ्चालन समितिले गठन गरेको पदपूर्ति समितिले गर्ने छ ।

**(ज) खाता सञ्चालन सम्बन्धमा :**

विधानको अठारौं संशोधन लागू हुँदाका बखत सञ्चालनमा रहेका बैङ्क खाताहरूका दस्तखतकर्ता अर्को व्यवस्था नभएसम्म यथावत रहनेछन् ।


DRAFT

DRAFT

## अनुसूची : १
## रेडक्रसको चिह्न बनाउने तरीका र नमुना
## (दफा ६ (१) सँग सम्बन्धित)

क) समभुजाकार पाँचवटा चतुर्भुजबाट रेडक्रस चिह्न बन्दछ ।
ख) यो रातो चिह्न सेतो पृष्ठभूमिमा रहनेछ ।

**१. झण्डाको नमुना :**



(क)



(ख)

२. छापको नमूना

Nepal Red Cross Society

नेपाल रेडक्रस सोसाइटी

# अनुसूची - २
## समितिका पदाधिकारी तथा सदस्यहरूका लागि प्रतिबद्धता पत्रको नमुना
## दफा ४९ (३) सँग सम्बन्धित

म, देहायमा हस्ताक्षर गर्ने नेपाल रेडक्रस सोसाइटी राष्ट्रिय/प्रदेश/जिल्ला/पालिका समितिको .................... पदमा उम्मेदवार/मनोनीत भएकाले देहायबमोजिम आफ्नो प्रतिबद्धताको घोषणा गर्दछु :

- सोसाइटीको विधान र कार्यप्रणाली स्वीकार गर्नेछु ,
- संस्थाले निर्माण गर्ने कार्य विवरण तथा आचार-संहिता स्वीकार गर्नेछु,
- रेडक्रस अभियानका आधारभूत सिद्धान्तअनुसार सदैव निर्णय र तदनुरूप पूर्णरूपमा कार्यान्वयन गर्नेछु,
- सदैव व्यक्तिगत दृष्टिकोणभन्दा संस्थाको हितलाई महत्व दिनेछु ,
- स्वार्थहरूकाबीच तीव्र विवाद भएको अवस्थामा आचार-संहिता अन्तर्गत आफ्नो दायित्वको पालन पूर्ण रूपले गर्नेछु ; अन्यथा राजीनामा गर्नेछु ।

दस्तखत :
पूरा नाम, थर :
ठेगाना :
पद :
निकायको पूरा ठेगाना :
मिति :

DRAFT

## अनुसूची- ३
## सदस्यता आवेदन फारामको नमूना
**दफा १० (१) सँग सम्बन्धित**

मिति : ... ... ...

श्री ............................ज्यू,
नेपाल रेडक्रस सोसाइटी
... ... ... ... ..., ... ... ... ।

**विषय :- सदस्यताको आवेदन ।**

महोदय,
रेडक्रसका सिद्धान्त र उद्देश्यहरूप्रतिको आस्था तथा उक्त सोसाइटीको एक अनुशासनयुक्त सदस्यको हैसियतले मानवीय सेवाको कार्यमा लाग्ने संकल्प स्वेच्छाले अवगत गराउँदछु । संस्थाको विधानबमोजिम सदस्यता प्राप्त गर्न म योग्य छु, अयोग्य ठहरिएमा संस्थाले गर्ने कारबाहीमा मेरो मन्जुरी छ । तसर्थ, निम्नाङ्कित सदस्यताको लागि तल लेखिएबमोजिमको शुल्कसमेत संलग्न गरी सदस्यता पाउन यो आवेदन गरेको छु । तदनुसार सदस्यता प्रदान गर्नुहुन हार्दिक अनुरोध गर्दछु । यसैसाथ संलग्न आचार-संहितामा दस्तखत गरी सोको पालना गर्न आफ्नो प्रतिबद्धतासमेत जाहेर गर्दछु ।

| **सदस्यताको प्रकार** | **प्रवेश शुल्क** | **सदस्यता शुल्क** | **जम्मा रू.** |
|---|---|---|---|
| साधारण सदस्य (पाँच बर्षे) | २५/- | ..../- | ..../- |
| आजीवन सदस्य . | २५/- | ........./- | ......./- |
| विशिष्ट सदस्य (एकमुष्ट, घटीमा) | | ........../- | ........../- |
| संस्थागत सदस्य (एकमुष्ट, घटीमा, वार्षिक) | | .........../- | ........../- |
| यशस्कर सदस्य (एकमुष्ट, घटीमा) | | ............../- | ............/- |

**पञ्जीकरणका लागि इच्छाएको पालिका शाखाः**........................................

**सिफारिश गर्ने**
दस्तखत :
नाम :
रेडक्रससँग सम्बन्धित पद :
ठेगाना :
सम्पर्क ठेगाना :
फोन नं. :

**निबेदकको दस्तखत :**
निवेदकको नाम,थर :
जन्म मिति :
नागरिकता :
स्थायी ठेगाना :
सम्पर्क ठेगाना :
फोन नं. :
अङ्ग्रेजीमा नाम :........................

.............................................................................................

***(कार्यालयको उपयोगको निम्ति)***

DRAFT

*सदस्यताको प्रकार :* *दर्ता नं :*
*सदस्यता नं :* *दर्ता मिति*

## अनुसूची- ४
## (आवेदन फारामको पछाडि रहने)
## नेपाल रेडक्रसका स्वयंसेवक/सदस्यहरूका लागि आचार-संहिता
**(दफा ६० सँग सम्बन्धित)**

**नेपाल रेडक्रसको स्वयंसेवक/सदस्यको हैसियतले म देहायबमोजिम प्रतिबद्धता व्यक्त गर्दछु :**

१) स्मरण गर्नेछु - "म अन्तर्राष्ट्रिय रेडक्रस अभियानको प्रतिनिधित्व गर्दैछु ।"

२) म देहायका कुराहरू अध्ययन, मनन र पालना गर्दै तिनको प्रचार-प्रसार कार्यमा सहयोग गर्नेछु :

   क) अन्तर्राष्ट्रिय रेडक्रस अभियानका आधारभूत सिद्धान्तहरू (मानवता, निष्पक्षता, तटस्थता, स्वाधीनता, स्वयंसेवा, एकता र विश्वव्यापकता),

   ख) रेडक्रसका ऐच्छिक/स्वयंसेवाका आदर्शहरू,

   ग) जेनेभा महासन्धि र तिनका अतिरिक्त सन्धिपत्रहरू,

   घ) रेडक्रस चिह्नको सदुपयोग, प्रवर्द्धन र दुरूपयोगको रोकथाम ।

३) मानवीय पीडालाई कम गर्न सदा सचेत हुनेछु र प्रत्येक व्यक्तिलाई आदर गर्नेछु ।

४) द्विविधापूर्ण अवस्थामा निर्णय गर्नुभन्दा पहिले रेडक्रसका आदर्श र सिद्धान्तहरूलाई ध्यान दिंदै नेपाल रेडक्रसका निकायहरूसँग परामर्श लिनेछु ।

५) नेपाल रेडक्रसद्वारा गरिने आह्वान र सुम्पिने उत्तरदायित्व वहन गर्न तयार भई सहयोग गर्नेछु ।

६) आफ्नो क्षमताअनुसार सेवा कार्यको जिम्मा लिनेछु र लचिलोपन तथा सतर्कतापूर्वक त्यस प्रकारका कार्य सम्पन्न गर्नेछु ।

७) नेपाल रेडक्रसको विधान तथा यसका दूरगामी लक्ष्य, उद्देश्य र मूलभूत नीतिहरूसँग परिचित भई यस संस्थालाई सवल पार्न मद्दत गर्नेछु ।

८) सहकर्मी स्वंयसेवक/सदस्यहरूलगायत सम्बन्धित सबैसँग सकारात्मकसम्बन्ध स्थापना गर्दै पारस्परिक समझदारीको प्रवर्द्धन गर्नेछु ।

९) राष्ट्रियता, जात-जाति, लिङ्ग, राजनीतिक आस्था वा धार्मिक विश्वासको आधारमा भेदभाव नगरी आफ्ना कर्तव्यहरू पूरा गर्नेछु ।

१०) आफूले सहयोग गरिएका व्यक्तिहरूको विश्वास तथा आत्म-सम्मानको रक्षा गर्नेछु ।

११) सङ्कटासन्न समुदायको पक्षमा बहस गर्दै उच्च गुणस्तरीय सेवा प्रदान गर्न यथासम्भव प्रयत्नशील रहनेछु ।

**देहायबमोजिम काम-कार्यबाहीहरू नगर्ने प्रतिबद्धता व्यक्त गर्दछु :**

१) नेपाल रेडक्रस सोसाइटीका साधन र स्रोतहरूको प्रयोगका सम्बन्धमा आधिकारिक निकाय/पदाधिकारी/ व्यक्तिको पूर्व स्वीकृति विना कसैलाई पनि बचनबद्धता प्रकट गर्ने छैन ।

२) व्यक्तिगत स्वार्थको निम्ति नेपाल रेडक्रसको कुनै पद, चिह्न र साधन तथा स्रोतहरूको दुरूपयोग गर्ने छैन ।

DRAFT

३) रेडक्रसको सदस्य/स्वयंसेवकको हैसियतमा प्राप्त ब्याज, परिचयपत्र तथा रेडक्रस चिह्न अङ्कित अन्य वस्तुहरू रेडक्रस अभियान वा यस्तै प्रकारका मानवीय कार्यमा बाहेक अन्य प्रयोजनका लागि प्रयोग गर्ने छैन ।

४) संस्थागत आदान-प्रदान वा बिक्रीबाट हुने फाइदा आफ्नो वा अरू कसैको अनुचित व्यक्तिगत लाभका लागि नेपाल रेडक्रसको आफ्नो सदस्यता/पद/दर्जाको प्रयोग गर्ने छैन ।

५) नेपाल रेडक्रसको विरूद्ध आँच आउने र भ्रष्टाचार लगायतको कुनै पनि किसिमको कार्य गर्ने छैन ।

६) नेपाल रेडक्रसको कुनै पनि तहको समितिमा पदाधिकारी र वैतनिक कर्मचारी रहँदाको अवस्थामा कुनै पनि राजनीतिक पदमा वहाल वा नियुक्ति भएमा सोसाइटीको पदमा रहने छैन ।

(७) लाभको अपेक्षा नराखी निष्ठापूर्वक संस्थागत हितका लागि प्रतिवद्ध भई सबै क्षेत्रमा मानवीय सेवा कार्यको सञ्चालन तोकिएको आचार-संहिताको अधीनमा रही गर्ने ।

नाम : दस्तखत : मिति :

**विधानका केही बुँदाहरूमा विभिन्न समयमा तत्कालिन केन्द्रीय कार्यसमितिको व्याख्या :**

१) विधानको जुनसुकै दफामा प्रयुक्त **"परामर्श लिई"** वा **"परामर्श गरी"**वा **"परामर्शमा"** भन्नाले परामर्श लिन अनिवार्य हुनेछ तर परामर्श लिनेले सो परामर्शबमोजिम गर्नुपर्ने अनिवार्यता भने हुने छैन साथै समितिमा परामर्श लिएको अभिलेख हुनुपर्नेछ तर परामर्शको विवरण भने उल्लेख गर्नुपर्ने छैन ।

२) यस विधानमा **तत्काल निबृत्त अध्यक्ष/सभापति** भन्नाले :

विधानमा यस्तो व्यवस्थाको मनसाय संस्थाको विगतको अनुभवबाट फाइदा लिन समस्त कार्यक्रमहरू तथा संस्थागत व्यवस्थामा निरन्तरता आउन सकोस् र शक्ति एवं सम्पत्तिको सहज हस्तान्तरणमा सघाउ पुगोस् भन्ने बुझिन्छ । तदनुरूप तत्काल निवृत्त अध्यक्ष/सभापतिको रूपमा वर्तमान कार्यसमितिमा पदेन सदस्यको रूपमा समावेश गर्ने सन्दर्भमा निम्नानुसार गर्नेः

क) तत्काल निवृत्त भन्नाले हालको कार्य अवधिको तत्काल अघिको कार्य अवधिमा निर्वाचित अध्यक्ष/सभापतिको पदमा आसीन व्यक्तिलाई मात्र जनाउँदछ ।

ख) हालको कार्यसमितिको तत्कालअघि तदर्थ समिति रहेको भए सोको संयोजकलाई तत्काल निवृत्त सभापतिको रूपमा लिन मिल्नेछैन । त्यस्तो अवस्थामा सो पद खाली नै रहनेछ ।

ग) निर्वाचित अध्यक्ष/सभापतिको पद कुनै कारणवश खाली हुन गई बाँकी अवधिको लागि सम्बन्धित सभाबाट निर्वाचित भई अध्यक्ष/सभापतिको रूपमा स्थापित भएको भए मात्र तत्काल निवृत्त अध्यक्ष/सभापतिको रूपमा स्वीकार्न योग्य हुनेछ ।

घ) तत्कालअघिको अध्यक्ष/सभापति नै पुनः निर्वाचित भई हालको अध्यक्ष/सभापति भएमा तत्काल निवृत्त अध्यक्ष/सभापतिको स्थान खाली नै रहनेछ ।

३) निर्वाचन हुनुभन्दा कम्तीमा विगत १ (एक) वर्षदेखि नै नेपाल रेडक्रसको सदस्य नभएको व्यक्तिले मतदाता र उम्मेदवार हुन नपाइने व्यवस्था विधानमा छ । विगत वर्षमा जुनसुकै वेलामा सदस्य भएको भए तापनि उक्त वर्षको सदस्य मानिने हुँदा विगत वर्षमा सदस्य रहेको व्यक्ति यस वर्ष पनि सदस्य रहेको खण्डमा मतदाता र उम्मेदवार हुन बाधा पर्नेछैन ।

४) **कार्य अवधि** भन्नाले सामान्यतया ४ (चार) वर्षको अवधिलाई १ (एक) कार्य अवधि मानिने भए तापनि जुनसुकै समयमा जे-जति अवधिका लागि निर्वाचन/मनोनयन भएको हो, त्यसलाई १ (एक) कार्य अवधि भएसरह मानिनेछ ।

५) विधानको दफा ०७ (३) (ख) मा उल्लिखित उद्देश्य तथा कार्यहरूको **स्वास्थ्य प्रवर्द्धन एवं सुधार, रोगको रोकथाम तथा पीडा न्यूनीकरणका लागि योगदान गर्ने**

**"स्वास्थ्य प्रवर्द्धन एवं सुधार**" भन्नाले : व्यक्तिगत स्वास्थ्यको हेरचाह, घरायसी एवं वातावरणीय सरसफाइ, खानेपानी तथा सरसफाइ, पोषण, एचआईभी र एड्स, सर्ने तथा नसर्ने रोगहरू, आकस्मिक स्वास्थ्य आदि जस्ता विषयहरूलाई बुझ्नु पर्दछ ।" (केन्द्रीय कार्यसमितिको मिति २०७३ असार २४ गते बसेको २५६औं बैठकले गरेको व्याख्या )

DRAFT

## नेरेसो बिधान संशोधन मस्यौदा तयारी समिति

| क.सं | नाम | पद |
|---|---|---|
| १ | श्री अरुण खनाल, केन्द्रीय सदस्य | संयोजक |
| २ | श्री लोकराज ढकाल, केन्द्रीय सदस्य | सदस्य |
| ३ | श्री खेमराज केसी, केन्द्रीय सदस्य | सदस्य |
| ४ | श्री नागेन्द्रप्रसाद चौधरी, केन्द्रीय सदस्य | सदस्य |
| ५ | श्री शम्भु पोखरेल, केन्द्रीय सदस्य | आमन्त्रित सदस्य |
| ६ | श्री लेखबहादुर हमाल, केन्द्रीय सदस्य | सदस्य |
| ७ | श्री जीवन रानाथारु, केन्द्रीय सदस्य | सदस्य |
| ८ | श्री चन्द्रकला कार्की, केन्द्रीय सदस्य | सदस्य |
| ९ | श्री बिजय दाहाल, कानुन संयोजक | कानुनी परामर्शदाता |
| १० | श्री कृष्ण घिमिरे, उपनिर्देशक | सदस्य सचिब |
| **बिशेष सहयोग :** | | |
| १ | श्री सुदर्शन अधिकारी | उपकार्यकारी निर्देशक |
| २ | श्री नारायण लामिछाने | बरिष्ठ अधिकृत |

DRAFT

DRAFT